# पोखरा महानगरपालिका

गण्डकी प्रदेश, कास्की



# पोखरा २१०० तथा
# आवधिक रणनीतिक कार्ययोजना (२०७७–८२)

मस्यौदा प्रतिवेदन

चैत्र २०७६

# पोखरा २१०० तथा आवधिक रणनीतिक कार्ययोजना (२०७७–८२)


१. परिचय ........ १

१.१. पृष्ठभूमि ........ १

१.२. उद्देश्य ........ १

१.३. विधि ........ २

२. पोखरा महानगरपालिकाको संक्षिप्त परिचय ........ ५

२.१. वर्तमान अवस्था विश्लेषण ........ ७

२.१.१. सडक तथा यातायात ........ ७

२.१.२. खानेपानी तथा सरसफाई ........ ८

२.१.३. सरसफाई/ ढल निकास ........ ९

२.१.४. फोहोरमैला व्यवस्थापन ........ १०

२.१.५. विद्युत र सूचना तथा सञ्चार ........ १०

२.१.६. आवास ........ ११

२.१.७. सिचाई ........ ११

२.१.८. वातावरण व्यवस्थापन ........ ११

२.१.९. शहरीकरण ........ १२

२.२. पोखरा महानगरपालिकामा गरिएका योजना अभ्यासहरू ........ १३

२.२.१. पोखराको भौतिक विकास योजना, वि. सं. २०३१ (सन् १९७४) ........ १३

२.२.२. पोखरा उपत्यका गुरुयोजना, २०७१ ........ १३

२.२.३. फेवातालको वातावरण संरक्षण, सन् २००२ ........ १४

२.२.४. पोखरा तथा वरिपरिका क्षेत्रको एकीकृत पर्यटन गन्तव्य विकास योजना, सन् २०१६ ........ १४

२.२.५. पोखरा उपत्यकाको ताल समूहको एकीकृत ताल व्यवस्थापन योजना, सन् २०१८ ........ १५

२.२.६. शहरी शासन तथा पूर्वाधार सुधार परियोजना ९ग्नक्षए(क्षक्ष०, पश्चिम क्षेत्र, सन् २०१७ ........ १५

२.२.७. पोखरा-दमौलीलाई मेगासिटिको रुपमा विकास गर्न रणनीतिक परियोजनाको पहिचान, सम्भाव्यता अध्ययन तथा प्रमुख पूर्वाधार परियोजनाको विस्तृत ईन्जिनियरिङ्ग डिजाइन तयारी, सन् २०१८ ........ १६

३. पोखरा महानगरपालिकाको दीर्घकालीन सोच ........ १७

३.१. परिभाषा ........ १७

३.२. निर्देशक सिद्धान्त ........ १८

३.३. समष्टिगत लक्ष्य तथा उद्देश्य ........ १८

३.४. विषयगत लक्ष्य, उद्देश्य तथा रणनीति ........ 19

३.४.१. आर्थिक विकास ........ १९

३.४.२. पूर्वाधार तथा शहरी विकास ........ २०

३.४.३. वातावरण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन ........ २१

३.४.४. सामाजिक विकास ........ २३

३.४.५. सुशासन ........ २४

४. आवधिक रणनीतिक कार्ययोजना (२०७७-८३) ........ २६
४.१. आर्थिक विकास ........ २६
४.२. पूर्वाधार तथा शहरी विकास ........ २९
४.३. वातावरण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन ........ ३२
४.४. सामाजिक विकास ........ ३५
४.५. सुशासन ........ ३८
५. प्रस्तावित आर्थिक उत्थानशीलता कार्यक्रम/आयोजनाहरु ........ ४१
६. निष्कर्ष तथा सुझाव ........ ४३

## अनुसूचीहरु

अनुसूची १ - पोखरा २०४० दीर्घकालीन सोच तथा समावेशी स्थानीय आर्थिक विकास योजना कार्यशाला गोष्ठीको प्रतिवेदन

अनुसूची २ - पोखरा २०४० दीर्घकालीन सोच तथा समावेशी स्थानीय आर्थिक विकास योजना कार्यशाला गोष्ठीका सहभागिहरु

अनुसूची ३ - विषय विज्ञहरुसँग लिइएको अन्तर्वार्ताको सार

अनुसूची ४ - पोखरा महानगरपालिकाको दीर्घकालिन सोच निर्माण सम्बन्धी पूर्व तयारी कार्यशाला बैठक

अनुसूची ५ - पोखरा महानगरपालिकाको दीर्घकालिन सोच निर्माण कार्यदलको कार्यादेश

# १. परिचय

## १.१. पृष्ठभूमि

संघीय संरचना अन्तर्गत राज्यको पुनर्संरचना पश्चात् पोखरा महानगरपालिका भुगोलका हिसावले नेपालको सबैभन्दा ठूलो महानगरपालिकाको रुपमा स्थापित हुनुको साथै गण्डकी प्रदेशको स्थायी राजधानी पनि भएको छ । साविकको पोखरा उपमहानगरपालिकामा साविकको लेखनाथ नगरपालिका र वरिपरिका केही गाउँपालिकाहरू समेत गाभिएर यो महानगरपालिका बनेको हो । यसले पोखरालाई आफ्नो मौलिक सुन्दरता र पहिचानलाई कायम राख्दै बदलिंदो परिवेशमा योजनावद्ध ढंगले एक सुसम्पन्न र सुरक्षित सहरको रुपमा विकास गर्ने अवसर प्राप्त भएको छ । नेपालको नयाँ संविधान २०७२ ले नगरपालिकाहरुलाई आफ्नो भुगोल र परिवेश सुहाउँदो विकास मोडल अवलम्बन गर्न र सोही अनुरुप नीति योजना र रणनीतिहरु निर्माण गरेर कार्यान्वयन गर्ने अधिकार प्रदान गरेको छ ।

पोखरामा पहिला पनि योजनावद्ध विकासको प्रयास नभएको भने होइन । यद्यपी द्रुत गतिमा अव्यवस्थित रुपमा विस्तार भएको शहरीकरणबाट श्रृजित आर्थिक सामाजिक जटिलता र छिटो छिटो व्यवस्था परिवर्तनसँगै बढेको राजनीतिक गतिशीलताका कारण अपेक्षित उपलब्धीहरु हासिल हुन सकेनन् । नयाँ परिस्थितिमा ठूलो क्षेत्रफल र भौगोलिक विविधता (न्यूनतम ८२७ मिटर देखी अधिकतम १७४० मिटरको उचाइमा फैलिएको) सहित निर्माण भएको महानगरपालिकाले यसका बासिन्दालाई सदियौदेखी कायम साँकृतिक तथा सामाजिक सहिष्णुतालाई थप समावेशी एवम् दीगो बनाउदै समुन्नत भविष्यको मार्ग तय गर्ने सुवर्ण अवसर प्रदान गरेको छ । पहिलेदेखी नै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटनको आकर्षण रहेको पोखरामा निकट भविष्यमा सञ्चालनको तयारीमा रहेको क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलले यसको विकासको सम्भावनालाई झनै प्रबल बनाएको छ । यद्यपी, तीब्र रुपमा भइरहेको आन्तरिक बसाइसराई (आप्रवासन), वातावरणीय क्षयीकरण, जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपका साथै मानव श्रृजित विपद् जोखिमका दृष्टीले पोखरालाई उत्कृष्ट बासस्थानका साथै उत्तम कार्यस्थल र लगानीमैत्री बनाई नगरबासीहरूलाई सुरक्षित वातावरण, कुशल सेवा र समुन्नत आर्थिक अवसर प्रदान गर्ने कार्य भने कम चुनौतीपूर्ण छैन ।

लामो समयपछि नयाँ पहिचान र निर्वाचित जनप्रतिनिधी प्राप्त गरेको पोखराले संविधान प्रद्धत्त अधिकार र प्रकृति प्रदत्त अवसरको सदुपयोग गर्दै महानगरलाई अबको २५ वर्षमा मानव जातिका लागि एक उत्कृष्ट बसोबासस्थल, कार्यस्थल र लगानीको आकर्षक गन्तब्यका रुपमा विकास भएको देख्न चाहेको छ । बदलिएको राजनीतिक व्यवस्थामा प्रथम पटक निर्वाचित सरकारको नेतृत्व आम पोखराबासीको उत्कट चाहना र त्यसका लागि योगदान गर्ने दृढसंकल्प अनुरुप महानगरको दीर्घकालिन सोच (Long-term Vision) निर्धारण गरेर सोही अनुरुप आगामी वर्षहरुमा हुने विकास निर्माणलाई मार्गदर्शन गर्ने हेतुले यो **"पोखरा २१०० तथा रणनीतिक योजना २०७७–८२"** तर्जुमा गरी कार्यान्वयन गर्न अग्रसर भएको हो । यस क्रममा पोखरा महानगरपालिकाका प्रमुखको अध्यक्षतामा गठित निर्देशक समितिले निजी क्षेत्रका प्रतिनिधी समेत समावेश गरि गठन गरेको सुझाव संकलन कार्यदलको समन्वयमा नेपाल सरकार शहरी विकास मन्त्रालय अन्तर्गत सञ्चालित **सुदृढ–नेपाल शहरी उत्थानशीलता परियोजना (NURP)** को प्राविधिक टोलीले विभिन्न चरणमा विषय विज्ञ र सरोकारवालाहरूसँग छलफल, परामर्श तथा कार्यशाला गरी संकलित राय सुझाव र वस्तुगत विश्लेषणका आधारमा यो दीर्घकालिन सोच तथा रणनीतिक योजना (Long Term Vision and Strategic Plan) को अवधारणापत्र तयार गरिएको छ ।

## १.२. उद्देश्य

आम नागरिकको आर्थिक प्रगति र सामाजिक रुपान्तरणको आकांक्षा समेटेर आगामी २० देखि २५ वर्षमा आफ्नो नगरलाई कस्तो बनाउने भनेर सरल र स्पष्ट भाषामा सबैले अपनत्व बोध गर्नेगरि एक आदर्शतम अवस्थाको प्रतिबिम्व दीर्घकालिन सोचमा झल्किन्छ । पोखरामा भएको विगतको विकास निर्माणको प्रवृति र भविष्यको संभावना


विश्लेषण गरी आगामी विकास प्रयासलाई दिशानिर्देश गर्नु र आगामी दिनमा महानगरको विकासलाई दीगो, समावेशी तथा उत्थानशील बनाउनु "**पोखरा २१००"** को प्रमुख ध्येय हो । यस दीर्घकालिन सोचको अवधारणापत्र तर्जुमा गर्नुका मुख्य उद्देश्यहरू यस प्रकार छन् ।

- महानगरको विकास प्रयासलाई आगामी २५ वर्षमा कुन दिशा तर्फ डोऱ्याउने भन्ने निर्धारण गर्न ।
- महानगरको विकासमा खास योगदान पुऱ्याउने अग्रणी क्षेत्रहरु पहिचान गरि नगरको आर्थिक विकासलाई थप उत्थानशील, दीगो र समावेशी बनाउन ।
- महानगरको आवधिक योजना, क्षेत्रगत रणनीति तथा कार्यक्रम तर्जुमा गर्नको लागि मार्ग निर्देशक सिद्धान्तहरु निर्धारण गर्न ।

## १.३. दीर्घकालिन सोच तर्जुमा विधि

पोखरा महानगरपालिकाको दीर्घकालिन सोच **"पोखरा २१००"** को अवधारणापत्र तर्जुमा गर्न नविनतम वैज्ञानिक तथा समावेशी सहभागितामूलक विधि अवलम्वन गरिएको छ । सुदृढ परियोजनाको प्राविधिक टोली, क्षेत्रगत विज्ञ र पोखरा महानगरपालिकाका प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत समेतको सहमतिमा तयार पारिएको ५ चरणको कार्यविधि यस अवधारणापत्र तर्जुमाको प्रमुख आधार हो । उक्त कार्यविधिलाई २०७६ माघ १३ मा महानगरका वडाअध्यक्षहरु र निजी तथा सामाजिक क्षेत्रका सरोकारवालाहरु समेत उपस्थितिमा आयोजित अभिमुखीकरण कार्यशाला गोष्ठीमा प्रस्तुत गरि पारित गरिएको छ । सोही कार्यशालाको निर्णय अनुरुप दीर्घकालिन सोच तर्जुमाको समग्र प्रकृयालाई मार्गदर्शन र प्रदेश सरकार लगायत अन्य सरकारी निकायसँग उच्चस्तरीय समन्वयका लागि नगर प्रमुख श्री मान बहादुर जि.सी को अध्यक्षतामा निर्देशक समिति गठन गरिएको थियो । त्यसैगरी, वडास्तरमा अन्तर्क्रीया तथा छलफल गरि राय सुझाव संकलन गर्न र अन्य सरोकारवालाका साथै विषय विज्ञहरुसँग समन्वय गरि सुदृढ परियोजनाको प्राविधिक टोलीलाई सहयोग गर्न नगर प्रमुखले एक जना वडा अध्यक्षको संयोजकत्वमा एक कार्यदल गठन गरि परिचालन गरिएको थियो । सो कार्यदलमा २ जना निर्वाचित महिला (नगरसभा सदस्य), ३ जना विभिन्न विषय विज्ञ र ४ जना निजी क्षेत्र/नागरिक समाजका प्रतिनिधिहरू सदस्य रहेका थिए ।

भिजन, रणनीति तथा योजना तर्जुमाको प्रक्रिया तल चित्रमा दिइएको छ ।




**चित्र १: दीर्घकालीन सोच तर्जुमा विधि**

सबैभन्दा पहिलो चरणमा पोखरा महानगरपालिकाको पृष्ठभूमि तथा सन्दर्भ सामग्रीको अध्ययनबाट यहाँको आर्थिक सामाजिक वस्तुस्थितिको आंकलन र महानगरका निर्वाचित पदाधिकारीहरुसँग शुरुवाती छलफल गरियो। यसै क्रममा महानगरले अवलम्वन गरेको विकास प्रयास, सञ्चालित प्रमुख आयोजनाहरुको विषयमा जानकारी हासिल गरियो। साथै, विगतमा गरिएका योजनावद्ध विकासका अभ्यासहरू, त्यसक्रममा प्राप्त भएका सिकाई र महानगर बनेपछिको परिस्थितिमा यसको विकास सम्भावना, अवसर तथा चुनौतीहरूको विश्लेषण गरियो।

दोस्रो चरणमा महानगरपालिका कार्यालयमा दीर्घकालीन सोच तर्जुमाका विषयमा परिचयात्मक कार्यक्रम तथा निर्वाचित पदाधिकारी, कर्मचारी तथा अन्य सरोकारवालाहरुका लागि अभिमूखीकरण कार्यशाला गोष्ठी आयोजना गरी कार्यविधि पारित गरियो। यही छलफलबाट निर्देशक समिति र कार्यदल पनि गठन गरियो। त्यसपछि निर्देशक समितिको मार्गदर्शन अनुरुप कार्यदलको समन्वयमा छनोट गरिएका विषय विज्ञहरु अर्थशास्त्री, शहरी तथा क्षेत्रीय योजनाकार, सामाजिक सांस्कृतिक विकास विज्ञ, पत्रकार, राजनीतिक व्यक्तित्व, शिक्षाविद् आदि क्षेत्रका विषयमा सुझाव संकलन र अन्तरकृया गरियो। साथै, दीर्घकालिन सोच तर्जुमा सम्वन्धी विस्तारित कार्यशालामा विषयगत कार्यपत्र प्रस्तुतीकरणका लागि प्रस्तोताहरूको छनौट र निर्देशक प्रश्नहरु तय गरियो। छनोट भएका विज्ञहरूका लागि निम्न प्रश्नहरूमा आधारित रहेर सुझाव दिन र प्रस्तुतीकरण गर्न आग्रह गरिएको थियो।

***मुख्य प्रश्न : आगामी २० देखी ३० वर्षको अवधीमा पोखरालाई एक समुन्नत शहर, उत्तम कार्यक्षेत्र र बसोबासका लागि सबैको रोजाइको शहर बनाउन यसलाई कसरी विकास गर्नु पर्ला ?***

**सहायक प्रश्नहरू :**

- पोखराको प्रमुख पहिचान के हो र यो कसरी विकास हुँदै आएको छ ?
- वातावरण संरक्षण, जलवायु परिवर्तन विपद् व्यवस्थापनका दृष्टिले पोखराका प्रमुख जोखिम, अवरोध र सम्भावनाहरु के के हुन् ?
- पोखरा महानगरको शासन तथा संस्थागत प्रणाली कसरी विकसित हुँदै आएको छ ?

- पोखरा उपमहानगरमा लेखनाथ नगरपालिका र छिमेकी गाविसहरु समेत एकिकरण भएपछि यसको विकास सम्भावना कस्तो देख्नु भएको छ ?
- अबको २५ वर्षमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानचित्र र परिवेशमा पोखरालाई कुन स्थानमा रहेको देख्न चाहनु हुन्छ ?
- आगामी २५ वर्षमा पोखरालाई यहाँले देख्नु भएको स्थानमा पुऱ्याउनका लागि कस्ता रणनीतिक योजना तथा कार्यक्रमहरु आवश्यक पर्ला ?

तेस्रो चरणमा २०७६ फागुन १२ र १३ गते २ दिने विस्तारित दीर्घकालीन सोच निर्धारण कार्यशाला गोष्ठी आयोजना गरियो । सो गोष्ठीको पहिलो दिनको प्रथम सत्रमा ६ जना विषय विज्ञहरूबाट पोखरा महानगरपालिको दीर्घकालीन सोचबारे प्रस्तुतीकरण भए । प्रस्तुतीकरण पछि प्रस्तुतकर्ता विज्ञहरू, नगर प्रमुख र उपप्रमुख सहितको प्यानल छलफल गरी सहभागीहरूबाट राय सुझाव संकलन गरियो । गोष्ठीको दोस्रो दिन पहिलो दिनबाट आएको निष्कर्षमाथि परामर्श एवम् विषयगत क्षेत्रमाथि विकासका अग्रणी क्षेत्रहरु पहिचान गर्नुका साथै सम्भावना तथा चुनौतीहरूबारे पनि छलफल गरियो ।

चौथो चरणमा कार्यशाला गोष्ठीबाट आएका निष्कर्षबाट पोखरा महानगरपालिकाको दीर्घकालीन सोच तथा रणनीतिक कार्ययोजनाहरूको मस्यौदा तयार गरिएको छ । सो मस्यौदामा आम नगरबासीबाट थप राय सुझाव संकलन गर्न नगरपालिकाको वेबसाइटमा राख्न पनि प्रस्ताव गरिएको छ ।

पाँचौ चरणमा सबै राय सुझावलाई सम्मिलित गरी भिजन प्रतिवेदनलाई अन्तिम रुप दिइनेछ । सो प्रतिवेदन पोखरा महानगरपालिका र नगर कार्यपालिकाबमा प्रस्तुत गरी पारित गरिने छ । यसै भिजन प्रतिवेदनको आधारमा नगरपालिकाले आगामी आर्थिक बर्षहरुको योजना तथा कार्यक्रम निर्धारण गर्नेछ ।

यस प्रतिवेदनमा भिजन पोखरा २१०० तथा आवधिक रणनीतिक कार्ययोजना (२०७७-८२) मात्र समावेश गरिएको छ । समावेशी स्थानीय आर्थिक विकासबारे बेग्लै प्रतिवेदन तयार गरिएको छ, जसको लक्ष्य, उद्देश्य तथा कार्यनीति संक्षिप्त रुपमा यस प्रतिवेदनमा समावेश गरिएको छ ।

# २. पोखरा महानगरपालिकाको संक्षिप्त परिचय

पोखरा उपत्यका उत्तर तिब्बत र दक्षिण भारतसँग नेपाललाई जोड्ने पुरानो र प्रमुख व्यापारिक मार्ग मध्ये एक हो । यसले नेपाललाई सबैभन्दा कम दुरीमा तिब्बत र भारतसँग व्यापार व्यवसाय गर्न सहयोग पुऱ्याएको थियो । व्यापार व्यवसायका हिसाबले काठमाडौं पछिको दोश्रो ठूलो र व्यस्त व्यापारिक केन्द्र पनि पोखरा उपत्यका नै भएको मानिन्छ ।

कालान्तरमा पोखरा उपत्यका यसको अनुपम प्राकृतिक सुन्दरता र आसपासको पहाडी तथा हिमाली रमणीय भूगोलका साथै चित्ताकर्षक दृष्यका कारण पोखरा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटनको केन्द्रका रुपमा विकसित भएको छ । फलस्वरुप, पोखरालाई नेपालको पर्यटकीय राजधानीका रुपमा चिनाउन थालिएको छ । यसकारण पोखराको आर्थिक गतिविधिमा पर्यटन उद्योगको महत्वपूर्ण योगदान रहेको छ ।

पोखराको विकास र विस्तारसँगै यहाँ भम्रण गर्ने स्वदेशी तथा विदेशी पर्यटनले आसपासका क्षेत्रहरू जस्तै स्याङ्जा, पर्वतदेखि विकट हिमाली जिल्लाहरू मनाङ र मुस्ताङसम्म पनि फैलिने मौका पाएको छ । र ती क्षेत्रको आर्थिक सामाजिक विकासमा समेत उल्लेख्य योगदान पुऱ्याएको छ । पर्यटन बाहेक पोखराको आम्दानीको प्रमुख स्रोत विदेशबाट प्राप्त हुने विप्रेषण पनि हो । परम्परागत रुपमा बेलायती र भारतीय सेनामा सेवा गरेर फर्कनेहरूले ल्याउने रकम र सेवा निवृत्तहरूको पेन्सनको घेरोमा रहेको पोखराको विप्रेषण अहिले भने खाडीदेखि युरोप, अमेरिका र जापानमा कार्यरत अदक्ष, अर्धदक्षको साथै विज्ञ नेपालीहरूको श्रम, सीप र पसिनामा निर्भर छ ।

आन्तरिक उद्योग व्यवसायका आधारमा पोखरा महानगरपालिकाको आर्थिक समृद्धिको आधार स्तम्भका रुपमा निम्न तीन प्रमुख क्षेत्रलाई लिन सकिन्छ ।

१) पर्यटन तथा सेवा क्षेत्र
२) कृषि तथा पशुपालन क्षेत्र
३) उद्योग तथा व्यापार क्षेत्र

परिवर्तित राजनीतिक परिस्थिति र नयाँ संवैधानिक व्यवस्था अनुसार बनेको पोखरा महानगर भूगोलका हिसाबले सबैभन्दा ठूलो महानगर मात्र नभई सुन्दर पर्यटकीय राजधानी, गण्डकी प्रदेशको प्रशासनिक केन्द्र मात्रै नभई सांस्कृतिक, ऐतिहाँसिक एवं आर्थिक रुपले पनि निकै महत्वपूर्ण स्थानमा छ । साविकको पोखरा उपमहानगरपालिकामा लेखनाथ नगरपालिका र वरिपरीका १८ गाउँपालिकाहरू समेत समावेश भएपछि बनेको पोखरा महानगरपालिकामा ३३ वटा वडाहरू छन् । यस महानगरको कुल क्षेत्रफल ६६४.९६ वर्ग कि.मि. रहेको छ भने २०६८ को जनगणना अनुसार यहाँको स्थायी जनसंख्या करिब ५ लाख हाराहारी छ । तर पोखरा पर्यटकीय तथा प्रशासनिक केन्द्र भएकाले यहाँ अस्थायी रुपमा बसोबास गर्ने जनसंख्या पनि स्थायी कै हाराहारी रहेको अनुमान छ ।

पछिल्लो जनसंख्या वृद्धिदर (१.३५ प्रतिशत) र अन्य जिल्लाबाट पोखरामा बसाइसराइ गर्ने प्रवृत्तिका आधारमा अहिले पोखराको कुल जनसंख्या करिब १२ लाख पुगेको अनुमान छ । साथै करिब ६ लाख आन्तरिक र ५ लाख बाह्य गरि वार्षिक ११ लाख पर्यटकलाई पोखराले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सेवा प्रदान गरिरहेको छ । यसरी स्थायी र अस्थायी बासिन्दाका साथै आन्तरिक र वाह्य पर्यटक समेत गरि पोखरा महानगरले प्रत्यक्ष वा परोक्ष रुपमा वार्षिक २३ लाख मानिसका लागि सार्वजनिक सेवा प्रवाहको प्रवन्ध गरिरहेको छ ।

क्षेत्रफलका आधारमा सबैभन्दा ठूलो महानगरपालिका भएकाले पोखरा महानगर भौगोलिक रुपमा मात्र नभई आर्थिक, सामाजिक, वातावरणीय तथा साँस्कृतिक दृष्टिले पनि विविधतायुक्त छ । क्षेत्रफलका हिसावले सबैभन्दा ठूलो वडा नम्बर २३ (४७.८० वर्ग कि.मी) छ भने सबैभन्दा सानो वडा नम्बर ४ (०.५१ वर्ग कि.मी) छ । यस महानगरको औसत जनघनत्व प्रति वर्ग कि.मी. ८८६ जना छ, जुन राष्ट्रिय औसत १८० भन्दा निकै बढी हो । क्षेत्रफलमा

विविधता भए जसरी नै वडागत जनघनत्वमा पनि निकै अन्तर रहेको छ । पुरानो बजार क्षेत्र वडा नम्बर ४ मा सबैभन्दा धैरै जनघनत्व (प्रति वर्ग की.मी. १७८९१ जना) छ भने वडा नम्बर २३ मा सबैभन्दा कम घनत्व (१०३ जना) रहेको छ ।

जनसंख्याको वितरण पनि वडागत रुपमा निकै असमान रहेको छ । कुल जनसंख्याको ४६ प्रतिशत मानिस सम्पूर्ण भूगोलको ६ प्रतिशत भूभागमा बसोबास गर्दछन् भने बाँकी ५४ प्रतिशत मानिस अन्य ९४ प्रतिशत भूभागमा छरिएर रहेका छन् । यसले पोखरा महानगरमा घना बस्ती भएका पुराना बजार क्षेत्र बाहेकका अन्य क्षेत्रमा व्यवस्थित र योजनावद्ध शहरी विकासका साथै कृषि, पशुपालन र उद्योगको विकास र विस्तारको प्रचुर सम्भावना रहेको देखाउँछ ।

२०६८ को जनगणना अनुसार १ लाख ५ हजार घरधुरी रहेको पोखरा महानगरमा औसत घर परिवार संख्या भने राष्ट्रिय औसत ४.६ भन्दा कम ३.८ छ। पोखरा महानगरको औसत प्रतिव्यक्ति आय राष्ट्रिय औसत १०४७ अमेरिकी डलर भन्दा धैरै १५६१ अमेरिकी डलर छ । त्यसैगरी, पोखराको प्रौढ (१५ वर्ष माथिको) साक्षरता दर पनि राष्ट्रिय औसत ६७.९ प्रतिशत भन्दा धैरै बढी ७८.६ प्रतिशत रहेको देखिन्छ। १५ देखि ६९ वर्ष उमेर समूहको आर्थिक रुपमा सक्रिय जनसंख्याको अनुपात ६८ प्रतिशत रहेको यस महानगरका जनताको औसत आयु पनि राष्ट्रिय औसत (७०.२५ वर्ष) भन्दा केही बढी ७०.५१ वर्ष रहेको छ। फलस्वरुप यस क्षेत्र (गण्डकी प्रदेश) को मानव विकास सूचक पनि राष्ट्रिय औसत ०.५७९ भन्दा केही बढी ०.५९ रहेको छ ।

### तालिका २.१: पोखरा महानगरपालिकाको आधारभूत तथ्यांक

| परिसूचक | मान | स्रोत | कैफीयत |
|---|---|---|---|
| बिजुली बत्तीको पहुँच पुगेको जनसंख्या | ९७ प्रतिशत | गाँउपालिका/ नगरपालिकाको वस्तुगत बिवरण कास्की २०७४ (राष्ट्रिय जनगणना २०६८ मा आधारित) | नगरपालिकाको तथ्यांक |
| दाउराले खाना पकाउने जनसंख्या | २१.५२ प्रतिशत | | |
| मट्टीतेल र ग्याँसले खाना पकाउने जनसंख्या | ७३.१५ प्रतिशत | | |
| गोबर ग्याँस र बिजुलीले खाना पकाउने जनसंख्या | ४.५८ प्रतिशत | | |
| आफ्नै घर भएको जनसंख्या | ५५.८० प्रतिशत | | |
| भाडाको घरमा बस्ने जनसंख्या | ४०.९० प्रतिशत | | |
| **५ वर्ष माथिको साक्षरता दर कुल** | **८४.६ प्रतिशत** | | |
| पुरुष साक्षरता | ९१.९ प्रतिशत | | |
| महिला साक्षरता | ७७.८ प्रतिशत | | |
| **औसत निरपेक्ष गरिबी** | **२.८१ प्रतिशत** | | |
| गरिबी बिषमता सुचक | १.०८४ | | |
| गरिबी गहनता सुचक | ०.३२७७ | | |
| प्रतिव्यक्ति आय (GDP Per capita PPP) | अमेरिकी डलर २१४५ | अन्तर्राष्ट्रिय मुद्राकोष २०१३ | here |
| मानव विकास सूचक | ०.५६७ | नेपाल मानव विकास प्रतिवेदन २०१४, UNDP (राष्ट्रीय जनगणना २०६८ मा आधारित) | कास्की जिल्लाको तथ्यांक |
| औसत आयु | ७०.५१वर्ष | | |
| प्रोढ साक्षरता दर (१५ वर्ष माथि) | ७८.५७प्रतिशत | | |
| प्रतिव्यक्ति आय (GDP Per capita) | १,५६१ अमेरिकी डलर | | |
| ढलान घर भएको जनसंख्या | ५३ प्रतिशत | | |
| विद्यालय जाने औसत उमेर | ५.६७ वर्ष | | |

| परिसूचक | मान | स्रोत | कैफीयत |
|---|---|---|---|
| खाद्य असुरक्षित जनसंख्या | ८.६ प्रतिशत | | |
| मानवीय गरिबी | १६.५ प्रतिशत | | |
| बाझो जमिन | ३० प्रतिशत | | |
| खुद प्राथमिक बिद्यालय भर्ना दर | ९७.८ प्रतिशत | | |
| लैङ्गिक समानता सूचक (प्राथमिक विद्यालय) | १.०३ | | |
| शौचालय प्रयोग गर्ने जनसंख्या | ९० प्रतिशत | | गण्डकी प्रदेशको शहरी क्षेत्र |
| मातृ मृत्युदर (प्रतिलाख जिवित जन्ममा) | २३९ | | |
| ५ वर्ष मुनिका बाल मृत्युदर ( प्रतिहजार जिवित जन्ममा) | २७ | | |
| श्रम सहभागिता दर | ३९ प्रतिशत | नेपाल श्रमशक्ति सर्भेक्षण २०७५, केन्द्रीय तथ्यांक विभाग | गण्डकी प्रदेशको शहरी क्षेत्र |
| बेरोजगारी दर | ४ प्रतिशत | | |
| अर्धबेरोजगारी दर | ३०.१ प्रतिशत | | |
| श्रम सहभागितामा लैंगिक समता सूचक | ७२ | | |
| सम्पत्ति (घरजग्गा) मा महिलाको स्वामित्व | २२.७ प्रतिशत | दीगो विकास लक्ष्यमा गण्डकी प्रदेशको बेसलाइन प्रतिवेदन २०७६, प्रदेश नीति तथा योजना आयोग | गण्डकी प्रदेशको तथ्यांक |
| मोबाइल प्रयोग गर्ने १५ देखी ४९ वर्ष समूहका महिला | ८४.४३ प्रतिशत | | |
| इन्टर्नेट प्रयोग गर्ने १५ देखी ४९ वर्ष समूहका महिला | ३८.०७ प्रतिशत | | |
| १८ वर्षभन्दा कम उमेरमा विवाह गर्ने महिला | ३१.७ प्रतिशत | | |
| १५ वर्षभन्दा कम उमेरमा विवाह गर्ने महिला | ७.५ प्रतिशत | | |
| ५ वर्ष मुनीका होचापुड्का बालवालिका | २९ प्रतिशत | | |
| प्रजनन उमेरका (१५ देखि ४९ वर्षका) महिलामा रक्त अल्पता | २८ प्रतिशत | | |
| पाँचवर्ष मुनिका बाल बालिकामा रक्त अल्पता | ४६ प्रतिशत | | |

## २.१. वर्तमान अवस्था विश्लेषण

### २.१.१. सडक तथा यातायात

पोखरा महानगरपालिकामा सडक तथा हवाई यातायात सञ्जालको राम्रो सुविधा रहेको छ। पृथ्वी राजमार्ग तथा सिद्धार्थ राजमार्गले पूर्वमा पोखरा महानगरपालिकालाई काठमाडौं महानगरपालिकासँग र दक्षिणमा पूर्व पश्चिम राजमार्गमा जोड्दछ। पोखरा विमानस्थलबाट काठमाडौ, जोमसोम र भैरहवासम्मको उडान रहेको छ र बनारससँग पनि जोडिने योजना रहेको छ। निर्माणाधीन अन्तर्राष्ट्रिय विमानस्थल पनि एक बर्षभित्र नै सञ्चालनमा आउने लक्ष्य रहेको जसको कारण पर्यटन उद्योगमा थप लगानी आकर्षण गर्ने अनुमान रहेको छ। संघीय तथा प्रदेश सरकारको उच्च प्राथमिकतामा परेको पोखरा कोराला राजमार्गले महानगरपालिकालाई तिब्बतसँग जोड्ने छ।

वडागत तहमा सडकको घनत्व यस प्रकार रहेको छ :

### तालिका २.२: वडागत सडक घनत्व

| वडा | क्षेत्रफल ( वर्ग कि.मि.) | लम्बाई ( कि.मि.) | घनत्व ( कि.मि./ वर्ग कि.मि.) | वडा | क्षेत्रफल (वर्ग कि.मि.) | लम्बाई ( कि.मि.) | घनत्व ( कि.मि./ वर्ग कि.मि.) |
|---|---|---|---|---|---|---|---|
| १ | १.५४ | ८.४४ | ५.४७ | १८ | १७.७७ | ४७.८७ | २.६९ |
| २ | ०.६० | ६.८९ | ११.४७ | १९ | २४.५३ | ३४.०८ | १.३९ |
| ३ | ०.६३ | ५.५० | ८.६८ | २० | २२.९४ | २१.८६ | ०.९५ |
| ४ | ०.५१ | ५.९६ | ११.७० | २१ | ३५.९० | ७६.५८ | २.१३ |
| ५ | १.७८ | २६.०१ | १४.६० | २२ | ३२.११ | ५३.६८ | १.६७ |
| ६ | ६.३३ | २३.१७ | ३.६६ | २३ | ४७.८० | ११०.३३ | २.३१ |
| ७ | १.९७ | २२.७२ | ११.५२ | २४ | १८.५० | ४२.०६ | २.२७ |
| ८ | १.७६ | २६.२३ | १४.८९ | २५ | २२.३८ | ४०.१२ | १.७९ |
| ९ | १.२२ | ११.३४ | ९.२८ | २६ | १२.१३ | ४९.०४ | ४.०४ |
| १० | १.९६ | २१.५१ | ११.०० | २७ | १२.२३ | १३६.९३ | ११.२० |
| ११ | ६.९७ | ३९.५५ | ५.६८ | २८ | १७.५७ | ३६.९३ | २.१० |
| १२ | १.४० | १८.५६ | १३.२७ | २९ | ४.२२ | ३७.०४ | ८.७८ |
| १३ | १५.३८ | ४८.५८ | ३.१६ | ३० | ९.४० | ४९.९६ | ५.३१ |
| १४ | १३.३६ | ९१.५४ | ६.८५ | ३१ | २४.४६ | ६९.०५ | २.८२ |
| १५ | ५.१२ | ३३.४५ | ६.५४ | ३२ | १५.०१ | ३७.९७ | २.५३ |
| १६ | ३४.६८ | ३४.८१ | १.०० | ३३ | ४४.१८ | १०७.५४ | २.४३ |
| १७ | ७.८९ | ३५.०२ | ४.४४ | **जम्मा** | **४६४.२४** | **१,४१०.३३** | **३.०४** |

श्रोत : Inception Report, Urban Governance and Infrastructure Improvement Project, DUDBC-2017

**समस्या तथा चुनौतीहरू :**

- उपलब्ध बस पार्कहरूको क्षमता नाघिसकेको अवस्थामा छ र साथै लामो अवधिको लागि पार्किङ्ग गर्न समस्या परेको छ ।
- मूल शहर क्षेत्रमा सडकमै पार्किङ्ग गरिने हुनाले सडक दुर्घटनाको समस्या रहेको छ ।
- शहरी क्षेत्रहरूमा राम्रो सडक सञ्जाल रहेको भएतापनि ग्रामीण क्षेत्रमा भने बर्षैभरि गाडी चल्न सक्ने सडक नरहेको अवस्था छ ।

## २.१.२. खानेपानी तथा सरसफाई

पोखरा महानगरपालिकाको खानेपानी वितरण मुख्य गरी खानेपानी तथा ढल विभाग र नेपाल खानेपानी संस्थानले गरेको छ । यस बाहेक यहाँ साना शहर खानेपानी आयोजनाहरू पनि सञ्चालनमा रहेका छन् । खानेपानी वितरणको विस्तृत विवरण तलको तालिकामा दिइएको छ ।

### खानेपानी

### तालिका २.३: खानेपानी वितरणको विवरण

| ओगटेको क्षेत्रफल | संस्था | कैफियत |
|---|---|---|
| वडा १ देखि १७ ( मूल शहरी क्षेत्र) | नेपाल खानेपानी संस्थान | ७०,००० भन्दा बढी जनसंख्या तथा ६७% घरधुरीमा नेपाल खानेपानी संस्थानले वितरण गर्ने, बाँकीमा निजी निजीट्याङ्करबाट वितरण हुने |

| | | |
|---|---|---|
| वडा १६, अर्मला | ८०% नेपाल खानेपानी संस्थानबाट र २०% स्थानीय श्रोतबाट | खानेपानी तथा ढल विभागबाट सहयोगमा सानो सामुदायिक खानेपानी आयोजना |
| वडा १८, साराङ्गकोट | १५% नेपाल खानेपानी संस्थानबाट, १००० जनसंख्याको लागि १ आयोजना पाइपलाइनमा | साराङ्गकोट खानेपानी आयोजना निर्माणको क्रममा |
| वडा २६, २७, २८, २९, ३०, ३२ | लेखनाथ साना शहरी खानेपानी तथा सरसफाई आयोजना | (१०,७१६ घरधुरी) म.न.पा.को १०.२% भन्दा बढी जनसंख्या यसबाट लाभान्वित |
| वडा २६, २८ र ३१ | लेखनाथ साना शहरी खानेपानी तथा सरसफाई आयोजना | १७०६ घरधुरी, ६८६५ जनसंख्या लाभान्वित। भविष्यमा जम्मा १७७८ घरधुरी सम्म वितरण गरिने। |
| वडा ३२ | लेखनाथ साना शहरी खानेपानी तथा सरसफाई आयोजना (पाइपलाइनमा) | ६२५ घरधुरी, २५३६ जनसंख्या लाभान्वित। |
| वडा १४, बाच्छेबड्वा | नेपाल खानेपानी संस्थान तथा केहि डिप बोरिङ्ग | जमिनको पानी प्रयोग गरिएको |
| वडा २१ र ३३ | वि.सं. ५४-५५ मा निर्मित समुदाय आधारित खानेपानी आयोजना | श्रोत - भूरेखोला र कालावाङ्ग, १८००० जनसंख्या लाभान्वित, १-२% घरधुरीमा निजी व्यवस्था |
| वडा २२ र २३ | खानेपानी तथा ढल विभागबाट सहयोगमो सामुदायिक खानेपानी आयोजना | श्रोतः पञ्चासेबेसी, ९०० घरधुरी लाभान्वित, थप २००० घरधुरीमा सेवा पुऱ्याउने योजना |
| वडा २५, हेम्जा | नेपाल खानेपानी संस्थानबाट वितरित, सुविधा सन्तोषजनक नरहेको | करिब १२-१५% घरभुरीमा धारा भएको, बाँकी सामुदयिक धारामा निर्भर |
| वडा २४ | पहिला धेरै समस्या भएको, हाल धिकुरपोखरी कास्कीकोट साराङ्गकोट खानेपानी आयोजनाबाट वितरित | श्रोतः धाम्पुस, रैचे। सामुदायिक धाराबाट वितरित |
| JICA को सहयोगमा खानेपानी सुधार परियोजना निर्माणाधीन रहेको | दैनिक ४.१ करोड लिटर पानी प्रशोधन गर्न सक्ने क्षमता भएको संरचना (ग्रिट चेम्बर, सेडिमेन्टेशन टैंक, स्लो स्याण्ड फिल्टर, क्लोरिनेशन युनिट आदि), सफा पानी भण्डारण गर्ने टेंकी | |
| लेखनाथ साना शहरी आयोजना | प्रशोधन संरचनाको साथमा खानेपानी वितरण पाइपलाइन | |
| नेपाल खानेपानी संस्थान तथा लेखनाथ साना शहरी खानेपानी तथा सरसफाई आयोजनाबाट वितरित खानेपानी राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुसार रहेको पाइएको छ। नेपाल खानेपानी संस्थान, पोखरा अनुसार पानीको गुणस्तर श्रोतमा नै राम्रो रहेको छ। प्रशोधनको लागि रिजर्भ्वायर ट्याङ्कमा क्लोरिनेशन गरिन्छ। देउतीखेत र रातमाटेमा पानीको गुणस्तर नपुगेको देखिएको कारण लेखनाथ साना शहरी खानेपानी तथा सरसफाई आयोजनाको ५ वटा मुहान मध्ये ३ वटा मात्र सञ्चालनमा रहेको छ। नेपाल खानेपानी संस्थान तथा लेखनाथ साना शहरी खानेपानी तथा सरसफाई आयोजना दुवैले विस्तृत प्रशोधन प्लान्टको आवश्यकता रहेको कुरा जनाएको छ। | | |

श्रोतः जिल्ला खानेपानी तथा सरसफाई कार्यालय, कास्की र नेपाल खानेपानी संस्थान

### २.१.३. सरसफाई/ ढल निकास

पोखरा महानगरपालिकाको प्राय सबै घरमा सेप्टिक ट्याङ्क छ। सेप्टिक ट्याङ्कको मल गाडिबाट संकलन गरी बाच्छेबड्वाको प्रशोधन प्लान्टमा लाने गरिएको छ। हाल ३५०० लिटर क्षमता भएको ५ ट्याक्टर सञ्चालनमा रहेको छ। बाच्छेबड्वामा अवस्थित प्रशोधन प्लान्ट २०० रोपनीमा फैलिएको छ। यो जग्गा नगरपालिकाले पशुपन्छी विकास मन्त्रालयबाट १५ वर्षको लागि लिजमा लिइएको हो र हाल यो सञ्चालनमा आएको १४ वर्ष भइसकेको छ। यसबाट प्रशोधित पानी सेती नदीमा फाल्ने गरिएको छ। यो प्लान्ट ADB को सहयोगमा सार्वजनिक निजी

साझेदारी मोडलमा पर्यटन पूर्वाधार विकास परियोजना अन्तर्गत निर्माण गरिएको हो । पर्यटन पूर्वाधार विकास परियोजना चरण २ अन्तर्गत केहि सामुदायिक परियोजनाहरू पनि पहल गरिएका थिए तर ती सम्पन्न हुन सकेनन् । ग्रामीण क्षेत्रमा दिशाजन्य लेदोलाई स्थानीय तहमा प्रशोधन गरी खेतीको लागि कम्पोष्ट मल बनाउने चलन रहेको छ ।

पोखरा महानगरपालिकामा सतही ढल पर्यटन पूर्वाधार विकास परियोजना अन्तर्गत निर्माण गरिएको हो । सतही ढल फिर्के खोलामा र त्यहाँबाट फेवातालमा गएर मिसिन्छ । महानगरपालिकाका कैयौं घर, होटेल तथा रेस्टुरेन्टहरूले आफ्नो शौचालयको निकास सिधै सतही ढलमा जोडेका छन् जुन अन्ततः फेवातालमा गएर मिसिने भएकोले फेवातालको अस्तित्व संकटमा परको छ ।

**समस्या तथा चुनौतीहरू :**

- महानगरपालिकाको पहाडी क्षेत्रमा खानेपानीको गम्भीर अभाव रहेको छ । एकीकृत खानेपानी आयोजनाको कमी रहेको छ ।
- नगरस्तरीय ढल सञ्जाल र ढल प्रशोधन प्लान्टको कमी पनि देखिएको छ ।
- हरेक वडामा सार्वजनिक शौचालयको आवश्यकता रहेको छ ।

### २.१.४. फोहोरमैला व्यवस्थापन

पोखरा महानगरपालिकामा घर घरमा फोहोरमैला संकलन गर्ने व्यवस्था गरिएको छ । संकलन गरिएको फोहोरमैला वडा १४, बाच्छेबडुवास्थित ल्याण्डफिल साइटमा प्रशोधन गरी फालिने गरिएको छ । सो प्लान्ट बाच्छेबडुवाको ढल प्रशोधन प्लान्टकै जग्गामा रहेको छ र यो साइट सार्वजनिक निजी निजीसाझेदारी मोडेलमा पर्यटन पूर्वाधार विकास परियोजना अन्तर्गत एशियाली विकास बैंकको सहयोगमा निर्माण गरिएको हो । महानगरपालिकाको ११ वटा गाडी, १७ वटा निजी गाडी र ४ वटा कम्प्याक्टर दैनिक रुपमा सञ्चालन भइरहेको छ । यो व्यवस्थापनले सबै वडाको करीब १००,००० घरधुरीमा सेवा प्रदान गरेको छ । केहि ग्रामीण क्षेत्रमा भने स्थानीय तहमा नै व्यवस्थापन गरिने गरेको छ । बाच्छेबडुवाको साइट पोखरा महानगरपालिकाभरिको एउटै मात्र ल्याण्डफिल साइट हो । हाल डिजाइन पिरियडको २ वर्षभन्दा कम बाँकी रहँदा यो साइटको क्षमता अपुग भएको देखिन्छ । साथै यो साइट अन्तर्राष्ट्रिय विमानस्थलको ३ कि.मि. को सेरोफेरोमा पर्दछ र उक्त विमानस्थल सञ्चालमा आउन पूर्व नै ल्याण्डफिल साइट अन्यत्र सारिसक्नुपर्ने वाध्यात्मक अवस्था छ । तसर्थ भविष्यमा प्रयोग गर्न नमिल्ने अवस्थामा रहेको छ ।

**समस्या तथा चुनौतीहरू :**

- यो ल्याण्डफिल साइट फोहोरमैला श्रोत केन्द्र भन्दा डम्पिङ्ग साइटको रुपमा प्रयोग भएको देखिन्छ ।
- डिजाइन अवधी सकिन लागेको हुँदा यसको विकल्प खोज्न आवश्यक रहेको छ ।

### २.१.५. विद्युत र सूचना तथा सञ्चार

राष्ट्रिय जनगणना २०६८ अनुसार पोखरा महानगरपालिकाको करिब ९७% घरधुरीमा राष्ट्रिय सञ्चारणबाट विद्युत सेवा पुगेको छ । २% घरधुरी मट्टितेल, र १% बायो ग्यास, सौर्य ऊर्जा र अन्य श्रोतमा निर्भर छन् ।

पोखरा उपत्यकामा जम्मा १८ वटा निजी स्थानीय एफ एम स्टेशनहरू सञ्चालनमा छन् । त्यसै गरी ४ वटा स्थानीय टेलिभिजन स्टेशन र विभिन्न न्यूज पोर्टलहरू पनि सञ्चालनमा रहेका छन् । यहाँ दूरसञ्चार संस्थानको फोर जी र एनसेलको थ्री जी सञ्जाल सुचारु छन् । यहाँका बासिन्दाहरूले मोबाइल, साइबर क्याफे तथा स्थानीय वायरलेस विभिन्न सेवा प्रदायकहरुबाट इन्टरनेटको सेवा प्रयोग गर्छन् ।

### २.१.६. आवास

राष्ट्रिय जनगणना २०६८ अनुसार पोखरा महानगरपालिकामा ५५.८% जनसंख्याको आफ्नै घर रहेको कुरा जनाउँछ । भाडामा बस्ने जनसंख्या ४०.६९% रहेको छ भने संस्थागत र अन्य स्वामित्व भएको घर जग्गा निकै कम रहेको छ ।

#### तालिका २.४: स्वामित्वको आधारमा घरधुरी संख्या

| विवरण | घरधुरी | प्रतिशत |
|---|---|---|
| आफ्नो स्वामित्वमा | ५८,९४३ | ५५.८० % |
| भाडामा | ४२,९८३ | ४०.६९ % |
| संस्थागत | १,५९१ | १.५० % |
| अन्य | २,११५ | २.०० % |
| **जम्मा** | **१०५,६३१** | **१००.०० %** |

स्रोत : राष्ट्रिय जनगणना, २०६८

### २.१.७. सिचाई

भू-उपयोग सर्भेक्षण अनुसार पोखरा महानगरपालिकाको ३८.६६% (२९३,९३८.७५ रोपनी) जग्गा कृषि क्षेत्र रहेको छ र प्राय जग्गामा सिँचाईको राम्रो सुविधा पुगेको छ । विजयपुर सिँचाई योजना र पोखरा सिँचाई योजनाको कास्की जिल्लामा ठूलो भूमिका रहेको छ । केही क्षेत्रमा किसानहरूले आफै सिँचाईको व्यवस्था गरेका छन् ।

#### तालिका २.५: श्रोत अनुसारको सिँचाई सुविधा

| क्र. सं. | सिँचाईको श्रोत | हालको संख्या | क्षेत्रफल (रोपनी) | प्रतिशत |
|---|---|---|---|---|
| १ | बोरिङ्ग र ट्युब वेल | ९५ | ११.२ | ०.१ |
| २ | स्थायी कुलो | ९६९७ | २४५६ | २०.५ |
| ३ | अस्थायी कुलो | २७२५२ | ८८६२ | ७४ |
| ४ | पोखरी | ५०७ | ९१.८ | ०.८ |
| ५ | मिश्रित | २८५ | २४.१ | ०.२ |
| ६ | अन्य | १९९६ | ५२४.१ | ४.४ |
| जम्मा | | | ११९६९.२ | १०० |

श्रोत: जिल्ला प्रोफाइल, कास्की जिल्ला विकास समिति, २०६४

#### समस्या तथा चुनौतीहरू :

- पानीको लागि ताल तथा अन्य जलश्रोतहरूमा अतिक्रमण भएको अवस्था छ ।
- सुइखेत, हेम्जा र पामेमा नदी कटानको कारण खेती योग्य जमीन कम हुँदै गएको देखिन्छ ।

### २.१.८. वातावरण व्यवस्थापन

महानगरपालिकाले वातावरण व्यवस्थापनको लागि पार्क निर्माण, फेवातालबाट जलकुम्भी झार हटाउने कार्य, वृक्षारोपण, चौतारा निर्माण, पोखरी संरक्षण जस्ता कार्यक्रमहरूका लागि हरेक वर्ष बजेट विनियोजन गर्दै आएको छ । विगत ७ वर्षको बजेट विनियोजन र खर्च तल तालिकामा दिइएको छ ।

#### तालिका २.६: आ.व. अनुसार वातावरण व्यवस्थापनमा बजेट विनियोजन र खर्च

| आ. व. | कार्य विवरण (परियोजना) | विनियोजित बजेट (रु) | खर्च |
|---|---|---|---|
| २०६५/६६ | पार्क निर्माण, वृक्षारोपण तथा फेवा तालबाट जलकुम्भी झार (हाईसिन्थ) हटाउने कार्य | ११,९२,४७२ | ६७% |
| २०६६/६७ | पार्क अनुरक्षण, वृक्षारोपण तथा फेवा तालबाट हाईसिन्थ हटाउने कार्य | ११,३५,८६२ | ५६% |
| २०६७/६८ | पार्क र चौतारो अनुरक्षण, वृक्षारोपण तथा फेवा तालबाट हाईसिन्थ हटाउने कार्य | ११,६१,०९० | ८०% |
| २०६८/६९ | बस पार्क क्षेत्रको सरसफाई, फेवा तालको संरक्षण कार्य | ५,२५,००० | ७०% |
| २०६९/७० | वातावरण व्यवस्थापनमा बजेट नभएको | | |
| २०७०/७१ | पार्क व्यवस्थापन, वातावरण स्वयमसेवकको खर्च, कर्मचारीलाई वातावरण सम्बन्धी तालिम, फेवा तालबाट हाईसिन्थ हटाउने कार्य | १०,१०,००० | ८०% |
| २०७२/७३ | पार्क व्यवस्थापन, वृक्षारोपण | १८,७५,००० | ८०% |
| २०७४/७५ | वातावरण संरक्षणको लागि वडागत बजेट विनियोजन | १,२९,००,००० | ९०% |
| २०७६/७७ | वातावरण संरक्षणको लागि वडागत बजेट विनियोजन | २१,७३,७४,००० | Running |

श्रोतः पोखरा महानगरपालिकाको वार्षिक योजना (रातो किताब)

## २.१.९. शहरीकरण

पोखरा महानगरपालिकाको कूल क्षेत्रफल ४६४.२३ वर्ग कि.मि. रहेको छ। क्षेत्रफलका हिसाबले सबैभन्दा ठूलो वडा नम्बर २३ (४७.८० वर्ग कि.मि. ) छ भने सबैभन्दा सानो वडा नम्बर ४ (०.५१ वर्ग कि.मि.) छ। यस महानगरको औसत जनघनत्व प्रति वर्ग कि.मी. ८८६ जना छ, जुन राष्ट्रिय औसत १८० भन्दा निकै बढी हो । क्षेत्रफलमा विविधता भए जसरी नै वडागत जनघनत्वमा पनि फरकपना रहेको छ । पुरानो बजार क्षेत्र वडा नम्बर ४ मा सबैभन्दा धेरै जनघनत्व प्रति वर्ग कि.मि.. १७८९१ जना छ भने वडा नम्बर २३ मा सबैभन्दा कम १०३ जना छ ।

जनसंख्या वृद्धिको मुख्य कारण मानिसहरू तनहूँ, स्याङ्जा, पर्वत, बागलुङ्ग र म्याग्दी जिल्लाबाट पोखरामा बसाईसराई गर्नु हो । महेन्द्रपुल, नयाँबजार, न्यूरोड, चिप्लेढुङ्गा र वरिपरिका क्षेत्रहरू बस्तीले पूरै ढाकिसकेको अवस्था छ भने हाल वस्ती विस्तार छोरेपाटन, हेम्जा, सिसुवा र साविकको लेखनाथ नगरपालिकाको वडाहरूतर्फ बढ्दै गरेको पाइन्छ ।

शहरी विकासको लागि साविकको पोखरा उप-महानगरपालिकाको आवधिक योजनाले दिशानिर्देश गरेको छ भने भवन निर्माण मापदण्ड पनि उपलब्ध छ। २०७२ को भूकम्प पश्चात भवन निर्माण मापदण्डलाई संशोघन गरिएको छ। ३ तल्ला भन्दा अग्लो भवन निर्माण गर्न नपाइने नियम भएता पनि यसको उल्लंघन भएको देखिन्छ। त्यसै गरी खेतीयोग्य भूमिमा अव्यवस्थित बस्ती विकास भएको पनि देखिन्छ।

मालपोत कार्यालयको अनुसार पोखरा महानगरपालिकामा विगत २ वर्ष देदि जग्गाको कारोबारमा कमी आएको पाइएको छ। पुराना वडाहरू (१ देखि १८) मा धेरै जग्गा कारेबार नभएको तर पछि थपिएका वडाहरू (१९ देखि ३३) मा कारोबार बढेको छ । कास्कीकोट, हेम्जा, निर्मलपोखरी, भरतपोखरी, पुम्दी, भूम्दी, पुरानचौर र लेखनाथ क्षेत्रमा सबै भन्दा बढी जग्गा कारोबार भएको देखिन्छ।

### समस्या तथा चुनौतीहरू :

- महेन्द्रपुल, नयाँबजार, न्यू रोड, चिप्लेढुङ्गा र वरिपरिका क्षेत्रहरूमा बजार र बस्तीको परिपूर्णता भएको छ। शहरीकरणको कारण प्रदुषण, ट्राफिक भीड र अपर्याप्त पूर्वाधार तथा सेवा सुविधा जस्ता समस्या आइपरेका छन् ।
- शहरी क्षेत्रमा सिंकहोलको समस्या पनि रहेको छ र यसका कारण धेरै बस्ती असुरक्षित छन् ।

## २.२. पोखरा महानगरपालिकामा गरिएका योजना अभ्यासहरू

पोखरा नगरपालिकाको प्रभावकारी विकासका लागि विभिन्न समयमा योजनाहरू निर्माण गरिएका छन् । तिनीहरू मध्ये केही योजनाहरू आंशिक रुपमा कार्यान्वयन गरिए भने अरू केही अझै कार्यान्वयनको पर्खाइमा छन् । विभिन्न समयमा पोखरा उपत्यका, पोखरा नगरपालिका, पोखरा लेखनाथ महानगरपालिका आदिको लागि विभिन्न विषयगत योजनाहरू तर्जुमा भएका छन् । त्यस मध्ये केही योजनाका समीक्षा यहाँ गरिएको छ ।

### २.२.१. पोखराको भौतिक विकास योजना, वि. सं. २०३१ (सन् १९७४)

यो योजना वि. सं. २०३१ म आवास, भवन तथा भौतिक योजना विभागको सहयोगमा तयार गरिएको थियो । यस योजनाले विशेषगरी १८० वर्ग कि. मि. क्षेत्रफल ओगटेको पोखरा उपत्यकाको भू-उपयोग योजना प्रस्ताव गरेको छ । विशेष ध्यान त्यसबेलाको पोखरा नगर पञ्चायत रहेको क्षेत्रलाई दिइएको थियो ।

यस योजना अनुसार पोखरा नगरको अर्थतन्त्र मुस्ताङ्गबाट काठमांडौ र भारततर्फ जाने व्यापारिक मार्गको वरिपरि भएको बस्ती विकासले जनाएको देखिन्छ । भविष्यमा पोखराको आर्थिक विकास पर्यटनसँग जोडिने धारणा यस योजनामा व्यक्त भएको छ । यस योजनाको दीर्घकालीन उद्देश्य यस प्रकार रहेका छन् :

- पोखरालाई हरित बगैँचा शहरको रुपमा विकास गर्ने
- यसलाई पश्चिम क्षेत्रको प्रमुख शहरी केन्द्रको रुपमा विकास गर्ने
- पोखराको प्राकृतिक सौन्दर्यको संरक्षण गर्ने
- पोखरालाई स्वस्थ्य र बस्न लायकको शहर बनाउने

जनसंख्या वृद्धि, पर्यटन विकासको कारण निजी क्षेत्रको लगानीमा वृद्धि तथा पोखरा पश्चिम विकास क्षेत्रको क्षेत्रीय विकास केन्द्र तोकिनु आदि पक्षहरूलाई ध्यानमा राखी यो भौतिक विकास योजना तयार गरिएको थियो । यस योजनामा भू-उपयोगलाई प्रमुख ११ क्षेत्रमा वर्गीकरण गरिएको थियो : (१) आवासीय क्षेत्र (२) मिश्रित आवासीय र व्यापारिक क्षेत्र (३) संस्थागत क्षेत्र (४) खेलकुद क्षेत्र (५) संरक्षण क्षेत्र (६) प्राकृतिक पार्क तथा धार्मिक क्षेत्र (७) विमानस्थल क्षेत्र (८) यातायात सेवा क्षेत्र (९) औद्योगिक क्षेत्र (१०) नियन्त्रित पर्यटन विकास क्षेत्र र (११) ग्रामीण क्षेत्र । हरेक क्षेत्रको क्षेत्रफल तथा गतिविधिहरूको विवरण पनि यस योजनामा दिइएको थियो । योजना कार्यान्वयनको लागि गण्डकी अञ्चलको अञ्चल आयुक्त अध्यक्षको पदमा र कास्की जिल्लाको जिल्ला अधिकृत उपाध्यक्षको पदमा रहने गरी पोखरा नगर कार्यान्वयन समिति गठन गरिएको थियो । भवन निर्माण मापदण्डको लागि यो उपयोगी भएतापनि अनुगमनको फितलताको कारणले सोचे अनुरुपको उपलब्धी प्राप्त भएको पाइदैन ।

### २.२.२. पोखरा उपत्यका गुरुयोजना, २०७१

पोखरा उपत्यका गुरुयोजना २०७१ सालमा बनेको पाइन्छ । सो गुरुयोजना अन्तर्गतका गतिविधिहरू आ.व. २०७२/७३ मा प्रारम्भ गरि एक वर्षभित्रमा सम्पन्न गर्ने लक्ष्य लिइएको थियो तर उक्त लक्ष्य अनुसार काम भएको देखिदैन । उक्त योजनामा पोखरा उपत्यकाको आर्थिक सामाजिक विकासको निम्ति निम्न अनुसारका परियोजनाहरू अगाडि सारेको पाइन्छ ।

१. पोखरा अन्तर्राष्ट्रिय सभा सम्मेलन केन्द्र
२. पोखरा राष्ट्रिय वस टर्मिनल
३. पोखरा अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला
४. राष्ट्रिय कला तथा साहित्य पार्क, सिर्जना ग्राम पोखरा
५. पोखरा राष्ट्रिय स्वदेशी हाटबजार(नेपाली कोशेलीघर
६. पोखरा वनस्पति उद्यान
७. पोखरा टावर
८. पोखरा चिडियाखाना
९. पोखरा म्युजिकल फाउन्टेन
१०. पोखरा सम्पदा संरक्षण तथा जैविका विविधता पार्क
११. पोखरा उपत्यका चक्रपथ
१२. सिद्धार्थ यशोधरा स्मृति पार्क
१३. पोखरा सार्वजनिक पुस्तकालय
१४. पोखरा साइकल लेन सिटि
१५. फेवाताल संरक्षण तथा व्यवस्थापन

### २.२.३. फेवातालको वातावरण संरक्षण, सन् २००२

यो अध्ययन जनसंख्या तथा वातावरण मन्त्रालय तथा जापान अन्तर्राष्ट्रिय सहकार्य संस्था (JICA) को सहकार्यमा गरिएको हो । यस अध्ययनको प्रमुख उद्देश्य फेवा तालको वातावरण संरक्षणको लागि एकीकृत योजना तर्जुमा रहेको छ । यसले पोखराको जलाधार क्षेत्रमा रहेका बासिन्दाहरूको जीवनस्तर बढाउने आशा लिएको छ ।

यस अध्ययन अन्तर्गत विभिन्न योजनाहरु समेटेर एकीकृत गुरुयोजना तयार गरिएको छ । यी योजनाहरु यस प्रकार रहेका छन् - (१) पानीको गुणस्तर व्यवस्थापन योजना (२) ढल प्रशोधन योजना (३) जलाधार क्षेत्र व्यवस्थापन योजना (४) पर्याप्रणाली संरक्षण योजना (५) फोहोरमैला व्यवस्थापन योजना (६) नियमन योजना (७) पर्यटन विकास योजना (८) वातावरणीय शिक्षा तथा समुदाय सशक्तिकरण योजना (९) संगठनात्मक तथा संस्थागत योजना । हरेक योजना अन्तर्गत विभिन्न कार्यक्रम तथा परियोजनाहरू प्रस्तावित गरिएका छन् ।

### २.२.४. पोखरा तथा वरिपरिका क्षेत्रको एकीकृत पर्यटन गन्तव्य विकास योजना, सन् २०१६

यो योजना विश्व बैंक समूह अन्तर्गतको अन्तर्राष्ट्रिय वित्तीय निगमले तयार गरेको हो । यो योजना राष्ट्रिय रणनीतिक योजना सन् २०१५-२०२४ अनुसारको बृहत पोखराको व्यापक उद्देश्य “नेपालको साँस्कृतिक, प्राकृतिक तथा बैठक, प्रोत्साहन, सम्मेलन र प्रदर्शनी (MICE) को गन्तव्य तथा क्षेत्रीय प्रशासन र सेवाकेन्द्रको रुपमा पोखराको भूमिका सबल पार्ने” मा केन्द्रित रहेको छ । यस योजनामा (१) सुधारिएको पूर्वाधार (२) विविधीकृत गतिविधि तथा अनुभव (३) वातावरण संरक्षण र (४) सुधारिएको छवि गरि ४ वटा विकास लक्ष्यहरू तोकिएको छ ।

यस योजनामा ६ वटा प्रमुख गन्तव्य विकास योजना र ५५ उप परियोजनाहरू प्रस्ताव गरिएका छन् । यी मध्ये ९ वटा रुपान्तकारी लगानी परियोजनाहरू तयार गएिका छन् :

१. लेकसाइड वाटरफ्रन्ट विकास
२. रत्न मन्दिर बगैंचा
३. फेवा ताल संगीत फोहरा
४. फेवा ताल पैदल मार्ग
५. साराङ्गकोट डाँडामा प्रतिष्ठित संरचना

६. सेती खोँचमा आकाशे पैदलमार्ग (Sky Walk)
७. अन्नपूर्ण प्राकृतिक संग्रहालयमा जीवित पुतली प्रदर्शनी कक्ष थप गरी स्तरोन्नति गर्ने
८. डाँडामा प्रकाश र नाटकको प्रदर्शनी
९. बेगनास तालमा वन्यजन्तु तथा अवलोकनको लागि पर्यावरणीय प्रदर्शन भवन

निजी क्षेत्रको लगानी आकर्षित हुने आधारमा यी परियोजनाहरूमध्ये साराङ्गकोट डाँडामा प्रतिष्ठित संरचना निर्माण नमूना परियोजनाको रुपमा छनौट गरिएको छ ।

यस योजनामा गन्तव्य व्यवस्थापन संस्था स्थापित गर्ने प्रस्ताव पनि रहेको छ । सो संस्थाले पर्यटन उद्योगमा चासो भएका सबै सार्वजनिक, निजी तथा अन्य क्षेत्रका साझेदारहरूलाई आगामी ५-१० वर्षमा पर्यटकीय उत्पादनको वृद्धि तथा सुधार गर्नको लागि आवश्यक ढाँचा तयार गर्ने आशा लिइएको छ । तथापी हाल सम्म योजना अनुसारका कार्यहरू भने कार्यान्वयन भएको देखिदैन ।

### २.२.५. पोखरा उपत्यकाको ताल समूहको एकीकृत ताल व्यवस्थापन योजना, सन् २०१८

यो योजना वन तथा वातावरण मन्त्रालयद्वारा गण्डकी प्रदेशमा रहेका ९ वटा तालहरूको समूहमा केन्द्रित रही तयार गरिएको हो । पोखरा उपत्यकाको ताल समूह पोखरा महानगरपालिका, अन्नपूर्ण गाउँपालिका र रुपा गाउँपालिका अन्तर्गत पर्दछन् । यस योजना अन्तर्गत ताल समूह क्षेत्रको सामाजिक अर्थतन्त्र, जैविक विविधता तथा पर्याप्रणाली सेवा, जलवायु परिवर्तन तथा संकटासन्नता, संस्था, नीति तथा अभ्यासरूको बारेमा अध्ययन गरिएको छ ।

यस योजनामा स्थानीय बासिन्दाको दीर्घकालीन समृद्धिको लागि पोखरा उपत्यकाको ताल समूहको सामाजिक पर्यावरणीय समग्रता जोगाउने परिकल्पना गरिएको छ । सो को लागि ताल समूहको व्यवस्थापन एकीकृत ताल दृष्टिकोणबाट गरिने र सामाजिक आर्थिक समृद्धि विकासको निम्ति तालको वातावरण प्राकृतिक स्थितिमा पुनर्स्थापना गरिने लक्ष्य लिइएको छ । यस योजनामा एकीकृत ताल व्यवस्थापनको आधारमा ताल प्रशासन सबल बनाउन आठ विषयगत क्षेत्र तोकिएका छन् (१) सशक्त प्रशासन प्रणाली (२) जैविक विविधता तथा पर्याप्रणाली सेवा संरक्षण (३) सामाजिक आर्थिक समृद्धि (४) लैङ्गिक तथा सामाजिक समावेशिता (५) वातावरण मैत्री 'हरित' पूर्वाधार (६) जलवायु परिवर्तन तथा विपद् न्यूनीकरण (७) नियमन तथा सूचना व्यवस्थापन प्रणाली तथा (८) वित्तीय दीगोपना ।

प्रदेश सरकारको सहयोगमा पोखरा महानगरपालिका, अन्नपूर्ण गाँउपालिका तथा रुपा गाँउपालिकाले सहकार्यमा यो योजना कार्यान्वयन गर्नुपर्ने प्रस्ताव गरिएको छ । पोखरा महानगरपालिकामा सीमसार इकाई स्थापना गर्ने पनि प्रस्ताव रहेको छ । पोखरा उपत्यकाको ताल समूहमा रहेका प्रत्येक तालको लगफ्रेम, परिणाम र गतिविधिको साथमा एकीकृत ताल योजना तर्जुमा गरिएको छ ।

### २.२.६. शहरी शासन तथा पूर्वाधार सुधार परियोजना (UGIIP-II), पश्चिम क्षेत्र, सन् २०१७

नेपाल सरकारले आ. व. २०७२/७३ देखि नेपालको विभिन्न १६ वटा नगरपालिकाहरूमा शहरी शासन तथा पूर्वाधार सुधार परियोजना सञ्चालन गर्दै आएको छ । यो परियोजना विश्व बैंकको सहयोगमा सञ्चालन गरिएको हो । UGIIP शहरी प्रशासन तथा विकास परियोजना (UGDP) को दोस्रो चरण हो । पश्चिमी क्षेत्रमा छनौट भएका नगरपालिकाहरूमध्ये पोखरा महानगरपालिका पनि एक हो । यस परियोजनाको उद्देश्य नगरपालिकाको लागि पूर्वाधार सम्भाव्यता अध्ययन गर्नु रहेको छ ।

यस अध्ययन अन्तर्गत दीर्घकालीन सोच, प्राथमिक क्षेत्र तथा चुनौती, क्षेत्रगत भू-उपयोग योजना सहितको सूचक तयार गरिएको छ । पोखरा महानगरपालिकाको दीर्घकालीन सोच यस प्रकार प्रस्ताव गरिएको छ : "पोखरा लेखनाथलाई क्षेत्रीय प्रशासन र सेवा केन्द्र बनाई पोखरा र लेखनाथलाई प्राकृतिक, सांस्कृतिक तथा पर्यटन गन्तव्यको

रुपमा विकास गर्ने" । यो दीर्घकालीन सोच राष्ट्रिय रणनीतिक योजना सन् २०१५-२०२४ अनुसारको बृहत पोखराको व्यापक उद्देश्यसँग मिल्दोजुल्दो रहेको छ ।

नगरपालिकाको भू-उपयोग वर्गीकरण यस प्रकार गरिएका छन् : (१) व्यावसायिक मिश्रित क्षेत्र, (२) संस्थागत तथा व्यावसायिक उपयोग, (३) आवासीय उपयोग, (४) कृषि उपयोग, (५) विमानस्थल क्षेत्र, (६) औद्योगिक क्षेत्र, (७) कम घनत्व भएको ग्रामीण बस्ती, (८) सैनिक क्षेत्र र (९) संरक्षण क्षेत्र । खानेपानी, ढल व्यवस्थापन, फोहोरमैला व्यवस्थापन तथा विभिन्न सडकहरू शहरी रणनीतिक परियोजनाको रुपमा प्रस्ताव गरिएको छ । हल्लनचोक-चापाकोट सडक, विजयपुर-माँझडाँडा रडक, तालचोक-बेगनास सडक र सिसुवा-राजाचौतारा सडक खण्डहरूको सम्भाव्यता अध्ययन गरिएको छ । यस परियोजना अन्तर्गत तालचोक-बेगनास सडकको विस्तृत परियोजना प्रतिवेदन पनि तयार भएको छ ।

### २.२.७ पोखरा-दमौलीलाई मेगासिटिको रुपमा विकास गर्न रणनीतिक परियोजनाको पहिचान, सम्भाव्यता अध्ययन तथा प्रमुख पूर्वाधार परियोजनाको विस्तृत ईन्जिनियरिङ्ग डिजाइन तयारी, सन् २०१८

शहरी विकास तथा भवन निर्माण विभागले यो परियोजना राष्ट्रको सात प्रदेशमा मेगा सिटि विकास गर्ने राष्ट्रिय नीति अनुसार सञ्चालन गरेको हो । यस परियोजनाको अध्ययन क्षेत्रमा पोखरा लेखनाथ महानगरपालिका, शुक्लागण्डकी नगरपालिका, व्यास नगरपालिका र म्याग्दे गाउँपालिका रहेका छन् । यस क्षेत्रमा पोखरा महानगरपालिकाको भूमिका व्यवसाय, उद्योग र सूचना तथा सञ्चार केन्द्रको रुपमा रहने बताइएको छ । मेगासिटि क्षेत्रको दीर्घकालीन सोच "सफा, हरित तथा समृद्ध पोखरा दमौली क्षेत्र" भनेर तय गरिएको छ । यसको लक्ष्य "साहसिक पर्यटन र वातावरणीय दीगो मेगासिटि क्षेत्रको प्रबर्द्धनद्वारा आर्थिक रुपमा समृद्ध एवम् प्राकृतिक रुपमा दीगो हरित शहर सुनिश्चित गर्ने" रहेको छ ।

यस अध्ययन अनुसार पोखरा महानगरपालिकाको लेखनाथ क्षेत्रमा बस्ती विकास गर्ने प्रस्ताव गरिएको छ । त्यसै गरी लेकसाइड, न्यूरोड तथा ताल चोकको उत्तरी पूर्व क्षेत्रहरूमा व्यावसायिक र मिश्रित भू-उपयोग गरिनु पर्ने उल्लेख गरिएको छ । सेती नदीको किनार एवम् हेम्जा क्षेत्रमा कृषि उपयोगको लागि प्रस्ताव गरिएको छ । सूचना तथा सञ्चार प्रविधि विकास र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि विभिन्न रणनीतिक गतिविधिहरू पनि यस अध्ययनबाट प्रस्ताव गरिएको छ ।

यस परियोजना अन्तर्गत मेगासिटि क्षेत्रको लागि आवश्यक परियोजनाहरूको पहिचान गरी सूची प्रस्तुत गरिएको छ । सो मध्ये ३ वटा प्राथमिक परियोजनाहरूको छनौट गरी विस्तृत ईञ्जिनियरिङ्ग डिजाइन पनि तयार गरिएको छ । पोखरा महानगरपालिकाको लागि वडा २५, हेम्जामा क्षेत्रीय कृषि उपज संकलन तथा प्रशोधन केन्द्रको प्रस्ताव गरिएको छ ।

# ३. पोखरा महानगरपालिकाको दीर्घकालीन सोच

पोखरा महानगरपालिकाको दीर्घकालीन सोच तथा समावेशी स्थानीय आर्थिक योजना तर्जुमा कार्यशाला गोष्ठीमा प्रस्तुत विचारहरू, सहभागीहरू बीचको छलफल, विषयविज्ञहरूको सुझाव तथा परामर्शको साथै पोखराको विद्यमान वस्तुस्थितिको आधारमा विकासका सम्भावना र नगरवासीले चाहेको अवस्थालाई मध्य नजर गर्दै **"पोखरा २१००"** को दीर्घकालीन सोच देहाय बमोजिम प्रस्ताव गरिएको छ ।

**"सुन्दर, सुरक्षित, समुन्नत पोखरा"**

## ३.१. परिभाषा

**सुन्दर :** 'सुन्दर शहर' शब्दावलीले पोखराको भू-प्राकृतिक सौन्दर्यको संरक्षण र सम्वर्धन, साँस्कृतिक एवं जातीय विविधताको सम्मान एवं प्रवर्द्धन तथा व्यवस्थित शहरी विकासको फलस्वरूप प्राप्त हुने नगरको चिटिक्क, सफा र मनोरम स्वरुपलाई इंगित गर्न खोजेको छ ।

**सुरक्षित :** 'सुरक्षित शहर' शब्दावलीभित्र पोखराको भौगर्भिक सम्वेदनशीलता तथा विपद् र जलवायु परिवर्तनजन्य जोखिमको उच्च सम्भावनालाई ध्यानमा राख्दै गरिने भौतिक पूर्वाधारको विकास तथा व्यवस्थापन, सामाजिक सुरक्षाको प्रत्याभूति एवं सांस्कृतिक सहिष्णुता तथा सामाजिक सद्भाव र सहअस्तित्वको अवधारणा अन्तर्भूत छ।

**समुन्नत :** 'समुन्नत शहर' को संकथनले दक्ष, इमानदार एवं प्रतिबद्ध मानव संसाधनको उच्चतम व्यवस्थापनद्वारा समावेशी, विविधीकृत एवं नवप्रवर्तनात्मक आर्थिक विकासका माध्यमबाट हासिल गरिएको आनन्दमय शहरको छविलाई चित्रित गर्न खोजिएको छ । यसभित्र वृत्ताकार तथा हरित अर्थतन्त्र (Circular and Green Economy) को अधिकतम प्रवर्द्धन, पूर्वाधार सञ्जाल तथा सन्निकटता (Connectivity) तथा विकास प्रतिफलको समन्यायिक वितरण जस्ता अवधारणा समाविष्ट छन् ।

माथि दिइएको परिभाषको मर्मभित्र रहेका मुख्य शब्दावलीहरुलाई तल चित्रमा देखाइएको छ ।



## ३.२. निर्देशक सिद्धान्त

पोखरा महानगरलाई सुन्दर, सुरक्षित र समुन्नत शहर बनाउने दीर्घकालीन सोंचलाई देहायका मान्यताहरुले मार्गदर्शन गरेका छन्

१) योजनाबद्ध ढंगबाट गरिएको सुव्यवस्थित शहरी विकास नै शहरको सौन्दर्य, सुरक्षा र समुन्नतिको प्रथम प्रस्थानविन्दु हो भन्ने अवधारणालाई आत्मसात् गर्दै पोखराको प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, विपद् तथा जलवायु परिवर्तन-उत्थानशील भवन एवं भौतिक संरचना, पूर्वाधार सन्जाल तथा सन्निकटता एवं शहरी सुशासनलाई केन्द्रीय प्राथमिकतामा राखिनेछ ।

२) समावेशी, समन्यायिक एवं विविधीकृत आर्थिक विकासका अवसरहरुको विकास र विस्तार विना शहरको समुन्नति सम्भव छैन भन्ने अर्को स्थापित मान्यतालाई यो दीर्घकालीन सोंच तथा आर्थिक विकास योजनाले आत्मसात् गरेको छ । यो सोंचलाई साकार पार्नका निमित्त लगानी तथा व्यवसायमैत्री वातावरणको प्रवर्द्धन, सरकारको विवेकपूर्ण नियमन तथा प्रोत्साहन, नवप्रवर्तन एवं वृत्ताकार एवं हरित अर्थनीति जस्ता नवीन एवं आधुनिक अवधारणाहरुलाई अवलम्वन गरिएको छ ।

३) त्यसैगरी नागरिक सचेतना तथा जिम्मेवारीबोध, सामाजिक सद्भाव, सहिष्णुता एवं सह(अस्तित्व, समभाव र समानुभूति जस्ता मानवीय मूल्य र मान्यताहरुको आन्तरिकीकरण तथा संस्थागतीकरण विना हाम्रो अपेक्षा र चाहनाबमोजिम पोखराको रूपान्तरण सम्भव नहुने भएको हुँदा यी मान्यताहरुलाई समेत प्रस्तुत दीर्घकालीन सोंच तथा आर्थिक योजनाले उच्च स्थान दिएको छ ।

## ३.३. समष्टिगत लक्ष्य तथा उद्देश्य

**लक्ष्यः** यस दीर्घकालीन सोचलाई वास्तविकतामा परिणत गर्नको लागि शहरको विद्यमान आर्थिक स्थिति, पूर्वाधार विकासको अवस्था, शहरी सुरक्षा तथा सुशासनका क्षेत्रमा उल्लेखनीय सुधार गरी पोखरा महानगरलाई मुलुककै मात्र नभई अन्तर्राष्ट्रिय स्तरकै सुन्दर, सुरक्षित तथा समुन्नत शहरका रुपमा स्थापित गरिनेछ ।

उल्लिखित लक्ष्य प्राप्तिका लागि देहायका उद्देश्यहरू निर्धारण गरिएको छ :

१. शहरको आर्थिक विकासको चरित्रलाई विविधीकृत, समावेशी तथा समन्यायिक बनाई आर्थिक वृद्धिको गतिलाई तीव्र बनाउने ।

२. शहरी भवन तथा पूर्वाधार संरचनालाई सुरक्षित तथा सुव्यवस्थित बनाउँदै शहरी सेवा तथा सुविधामा शहरबासीहरूको सहज पहुँच स्थापित गर्ने ।

३. शहरको प्राकृतिक सौन्दर्य तथा साँस्कृतिक सम्पदाको संरक्षण तथा सम्बर्द्धन गरी पोखरा महानगरलाई दीगो पर्यटकीय गन्तव्यका रुपमा स्थापित गर्ने ।

४. नगर तथा नगरबासीहरूमा सामाजिक सद्भाव, सहिष्णुता एवम् सहअस्तित्वको विकास गरी पोखरा महानगरलाई एक आदर्श नगरका रुपमा प्रतिष्ठित गर्ने ।

५. शहरको सर्वतोमुखी विकास र समुन्नतिकालगि आवश्यक नीति तथा कानूनको तर्जुमा, संस्थागत संरचनाको निर्माण तथा सक्षम एवम् उत्प्रेरित मानव संशाधनको विकास गरी शहरी सुशासन प्रत्याभूत गर्ने ।

## ३.४. विषयगत लक्ष्य, उद्देश्य तथा रणनीति

उल्लिखित समष्टिगत लक्ष्य तथा उद्देश्यलाई कार्यान्वयनमा लैजानका लागि शहरी विकासका विभिन्न आयामहरू अन्तर्गत रहेर देहाय बमोजिम विषयगत लक्ष्य, उद्देश्य तथा रणनीतिहरू तयार गरिएको छ । यस क्रममा हालको अवस्था तथा भोग्नुपरेका समस्या तथा चुनौतीहरूको विश्लेषणका साथै उपलब्ध अवसर एवम् सम्भावनाहरू र ती चुनौतीहरू सहित बढ्दो जनअपेक्षाको सम्बोधन गर्नका लागि अवलम्बन गरिने समावेशी, उत्थानशील र दीगो रणनीतिक उपायहरूका बारेमा विवेचना गरिएको छ ।

### ३.४.१. आर्थिक विकास

पोखरा महानगरपालिकामा आर्थिक विकासका चुनौती तथा अवसरहरु निम्न रहेका छन् ः

#### चुनौती

- सबैजसो उद्योग तथा व्यवसाय निजी क्षेत्रबाट नै विस्तार भएको र महानगरको निजी क्षेत्रको विकासमा प्रत्यक्ष संलग्नता रहेको नपाइएको ।
- सार्वजनिक निजी साझेदारीका प्रयासहरुले आशातीत सफलता हासिल गर्न नसकेको ।
- महिला, पिछडिएका वा पछाडी पारिएका समुदायलाई रोजगारी तथा व्यवसायमा संलग्न गराउने प्रयासले गति लिन नसकेको । बैंक तथा वित्तिय संस्थामा यस्ता समुदायको पहुँच न्यून रहेको ।

#### अवसर

- पर्यटन, कृषि, पशुपालन, वनमा सहकारीको माध्यमबाट रोजगारी तथा आर्थिक विकासका सम्भावनाहरु प्रचुर रहेको ।
- ICT सँग सम्बन्धित युवालक्षित नवप्रवर्तनात्मक अवसरहरुको सम्भावना रहेको ।
- वृत्ताकार एवं हरित अर्थनीतिको माध्यमबाट पोखराको प्राकृतिक सौन्दर्य तथा पर्यावरणको जगेर्ना गर्नुका साथै आम समुदायको जीवनस्तरमा व्यापक परिवर्तन ल्याउन सकिने अवसर रहेको ।

**लक्ष्यः** समावेशी रुपमा रोजगारी सिर्जना र गरीबी न्यूनीकरणबाट नगरबासीहरूको जीवनस्तरमा सुधार आउनेछ ।

#### उद्देश्य तथा रणनीति

| उद्देश्य | रणनीति |
|---|---|
| उद्देश्य १. न्यून कार्बन उत्सर्जन हुने पर्यटन, कृषि, उद्योग तथा उत्पादन क्षेत्रबाट पोखराको अर्थतन्त्र वृद्धि गर्ने | रणनीति १ः पर्यटकको संख्या, पर्यटकले गर्ने खर्च तथा पर्यटकको पोखरा बसाईमा बृद्धि गर्ने |
| | रणनीति २ः कृषि, पशु तथा वनपैदावर व्यवसायलाई मूल्य श्रृंखलामा आधारित व्यवसायीकरण गर्ने । |
| | रणनीति ३ः उद्योग तथा व्यवसायलाई वातावरणमैत्री बनाउँनुका साथै विस्तारित गर्ने |
| उद्देश्य २. समावेशी स्थानीय आर्थिक गतिविधि वृद्धि गर्न योजना तर्जुमा गर्ने | रणनीति १ः विपन्न समुदायलाई लक्षित गरी स्थानीय कच्चा पदार्थमा आधारित लघुउद्यमतर्फ प्रोत्साहन गर्ने । |
| | रणनीति २ः स्थानीय समुदायको प्रत्यक्ष सहभागितामा फलफूल, तरकारी, पशुपालन, डेरी, वनको सहकारी प्रबर्द्धन गर्ने र वित्तिय संस्थासँगको पहुँच बढाउँने । |

| | |
|---|---|
| | रणनीति ३: युवाहरुलाई ICT को माध्यमबाट नवप्रवर्तनात्मक (Innovative) व्यबसायतर्फ प्रोत्साहन गर्ने । |
| उद्देश्य ३. पोखरा महानगरपालिकालाई व्यवस्थित पूर्वाधारको साथमा पर्यटन केन्द्रको रुपमा विकास गर्ने | रणनीति १: कृषि, पशुपालनको बजारीकरणको लागि आवश्यक पूर्वाधारको ब्यबस्था गर्ने । |
| | रणनीति २: विद्यमान औद्योगिक क्षेत्रको ब्यबस्थापनको साथै नयाँ औद्योगिक क्षेत्रको विकासको लागि सार्वजनिक तथा निजी क्षेत्रसँग साझेदारी गर्ने । |
| | रणनीति ३: पर्यापर्यटन विकासको लागि आवश्यक पूर्वाधारहरुको विकास तथा विस्तार गर्ने । |

### अपेक्षित उपलब्धि

दीगो स्थानीय आर्थिक विकासमा सहयोग र सहजीकरणको लागि पोखरा महानगरपालिकामा सार्वजनिक तथा निजी क्षेत्रको सहभागितामा स्थायी संयन्त्रको विकास भएको हुनेछ । स्थानीय योजना तथा कार्यक्रममा उक्त संयन्त्रबाट तयार गरिएको कार्यक्रम लागू भई स्थानीय शासनको प्रभावकारिता अभिबृद्धि भएको हुनेछ । कार्यक्रममा निजी तथा सार्वजनिक क्षेत्रबाट पारस्परिक योगदान तथा लगानीको वातावरण तयार हुनेछ । कृषि प्रशोधन तथा व्यवसाय विकासमा वस्तु तथा सेवाको मूल्य श्रृंखला प्रबर्द्धन भई आम उपभोक्ताको हित भएको हुनेछ । सहकारी, बैंक तथा वित्तिय संस्थाको पहुँचमा बृद्धि भएको हुनेछ । महिला तथा पछाडी परेको वा पछाडी पारिएको वर्गको लागि आय आर्जन तथा रोजगारीका अवसरहरुको बृद्धि भएको हुनेछ ।

## ३.४.२. पूर्वाधार तथा शहरी विकास

### चुनौती तथा अवसर

पोखरा महानगरपालिकामा पूर्वाधार तथा शहरी विकासमा भएका मुख्य चुनौतीहरू यस प्रकार रहेका छन् :

- शहरीकरणको अनुपातमा भौतिक पूर्वाधारहरुको विकास न्यून रहनु
- सार्वजनिक तथा व्यक्तिगत जग्गाको अनियन्त्रित खण्डीकरणको साथै अव्यबस्थित भवन निर्माण
- सार्वजनिक भवन तथा पूर्वाधारमा सबै वर्ग (महिला, अशक्त, बालबालिका तथा जेष्ठ नागरिक) को आवश्यकतालाई ध्यानमा राखी नबनाइएको
- शहरी विकास योजनाको अभाव वा कार्यान्यवनको कमजोरीले गर्दा अव्यवस्थित बस्ती विकास भईरहेको

यसै सन्दर्भमा महानगरपालिकामा उपलब्ध अवसरहरू यस प्रकार रहेका छन् :

- महानगरपालिकाको नयाँ जोडिएका नगरपालिका तथा गाविसमा व्यवस्थित बस्ती विकास गर्न सकिने
- पोखरा महानगरपालिका गण्डकी प्रदेशको उत्तर दक्षिण फैलिएको विकास अक्षको केन्द्र हुनु
- पोखरा महानगरपालिका वरिपरिको बृहत्तर क्षेत्रमा रिङ्गरोड निर्माण भएमा हाल केन्द्रित जनसंख्यालाई पोखराको बाह्यक्षेत्रमा व्यवस्थापन गर्न सकिने
- पोखराको प्राकृतिक भिरालोपनाले गर्दा आकाशे पानीको बहाव तथा ब्यबस्थापन तुलनात्मक रुपमा सहज रहेको

### लक्ष्य, उद्देश्य तथा रणनीति

**लक्ष्य:** विश्वव्यापी ढाँचाको (Universal design) पूर्वाधार विकास गरी सहज, सुविधायुक्त, व्यवस्थित, सहभागितामा आधारित शहरी विकास गर्ने ।

## उद्देश्य तथा रणनीति:

| उद्देश्य | रणनीति |
|---|---|
| उद्देश्य १. सरलिकृत र सुविधायुक्त वातावरणमैत्री शहरीकरणको विकास गर्ने | **रणनीति १:** स्थानिय भू-उपयोग नीति निर्माण गरि जोखिम संवेदनशीलता समेतलाई दृष्टिगत गरी कार्ययोजना बनाउने । |
| | **रणनीति २:** यातायात एवम् अन्य पूर्वाधारको अध्ययन तथा योजनामा आधारित भू-उपयोग र पूर्वाधार विकासमा लगानी प्रबर्द्धन गर्ने । |
| | **रणनीति ३:** भौतिक संरचना तथा पूर्वाधार निर्माणमा विपद् जोखिम प्रतिरोधात्मक उपायहरूको अवलम्बन गर्ने । |
| उद्देश्य २. व्यवस्थित प्रकृतिमैत्री आवास योजना लागु गर्ने | **रणनीति १:** बस्ती विकास नियमावलीहरूलाई वास्तविक कार्यान्वयन तहमा पुर्‍याई बस्ती विकासको सहज वातावरण तयार गर्ने । |
| | **रणनीति २:** नयाँ बसोबास क्षेत्र विकासमा शहर सौन्दर्यीकरण, गुणस्तर सेवा र सुविधाको न्यूनतम मापदण्ड कायम गर्ने । |
| | **रणनीति ३:** जोखिम संवेदनशील स्थानका वस्तीहरुको लागि सुरक्षित स्थानमा एकिकृत वस्ती विकास गर्ने । |
| उद्देश्य ३. नागरिकमैत्री उत्थानशील पुर्वाधारको विकास गर्ने | **रणनीति १:** स्थानीय समुदायको प्रत्यक्ष सहभागिताको आधारमा design thinking process अवलम्बन गरी साना सामुदायिक पूर्वाधारहरुको विकास गर्ने । |
| | **रणनीति २:** पूर्वाधार निर्माणमा विपद् तथा जलवायु उत्थानशीलताका लागि आवश्यक मापदण्ड अवलम्बन गर्ने । |
| | **रणनीति ३:** नगरपालिकाभित्र तथा अन्तर क्षेत्रिय तहमा प्रमुख यातायात सञ्जाल एवम् खानेपानी, ढल तथा विद्युतको utility corridor व्यवस्थापन गर्न प्रदेश र संघीय सरकारसँग सहकार्य गर्ने । |

## अपेक्षित उपलब्धि

पोखरा महानगरपालिकाका भौतिक संरचना तथा पूर्वाधारहरू विपद् जोखिम प्रतिरेधात्मक भएको, सबै वर्गका जनताको लागि उपयुक्त (universal design) मापदण्ड पालना गरेको र जोखिम संवेदनशील भू-उपयोग योजनामा आधारित बस्ती विकास भएको हुनेछ ।

### ३.४.३. वातावरण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

## चुनौती तथा अवसर

वातावरण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनको सन्दर्भमा पोखरा महानगरपालिकामा भएका मुख्य चुनौतीहरू यस प्रकार रहेका छन् :

- औद्योगीकरण तथा बढ्दो सवारी साधनको प्रयोगले वायु/ ध्वनि, जल प्रदुषण बढ्दै गरेको
- अवैज्ञानिक तवरले खोला/ नदीबाट खानीजन्य पदार्थ उत्खनन गरिएको

- वातावरण संरक्षणप्रति परम्परागत संस्कार/संस्कृतिमा ह्रास आएको
- भू-गर्भीय जोखिमलाई उपेक्षा गरी जथाभावी भवन निर्माण र वन विनाश भईरहेको

त्यसै गरी नगरपालिकामा भएका वातावरण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन सम्बन्धी अवसरहरू यस प्रकार रहेका छन् :

- प्रकृतिमा आधारित पर्यापर्यटनको महत्वबारे आम नागरिक जागरुक हुँदै आएको
- प्राकृतिक सम्पदा संरक्षणका योजनाहरूको तर्जुमामा महानगरपालिकाले जोड दिइएको
- सहभागितामूलक वन संरक्षण तथा व्यवस्थापन अभ्यास भएकोले कार्वन सञ्चिती वढाउन सकिने
- जलवायु परिवर्तनका असरहरू न्यूनीकरण र अनुकुलनका कार्यक्रम सञ्चालनबाट दीगो विकास लक्ष्य हासिल हुनुका साथै अन्तर्राष्ट्रिय वित्तीय सहयोग प्राप्त गर्न सकिने

**लक्ष्य:** वैकल्पिक ऊर्जा सहितको जैविक विविधताले भरिपूर्ण प्रदुषण रहित सुरक्षित शहर निर्माण हुनेछ ।

**उद्देश्य तथा रणनीति**

| उद्देश्य | रणनीति |
|---|---|
| उद्देश्य १. वातावरणप्रति संवेदनशील समाजको निर्माण गरिने | रणनीति १: वातावरण संवेदनशील क्षेत्रको वरिपरि buffer क्षेत्रको प्रावधान गरी प्रकृतिमा पर्ने नकारात्मक असरको न्यूनीकरण्न गर्ने |
| | रणनीति २: सामाजिक सभ्यता झल्काउने पार्क तथा खुला स्थलहरूको डिजाइनको न्यूनतम मापदण्ड तयार गरी लागु गर्ने |
| | रणनीति ३: संघीय संरचना अनुसार जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्न अनुकूलन कार्यक्रम तयार गरी लागु गर्ने |
| उद्देश्य २. फोहोरमैलाको एकिकृत रुपमा समुचित व्यवस्थापन हुने | रणनीति १: प्रभावकारी तथा दक्ष रुपमा फोहोरमैलाको सङ्कलन र व्यवस्थापनको नियामक कार्यान्वयन गर्ने |
| | रणनीति २: घरायसी, व्यावसायिक तथा औद्योगिक फोहोरमैलाको पुनःप्रयोग मार्फत वृत्ताकार अर्थब्यबस्था (Circular Economy) लाई प्रोत्साहन गर्ने |
| | रणनीति ३: फोहोरमैलाको निष्कासन तथा ब्यबस्थापनमा समुदायको भूमिकालाई बढी प्रभावकारी तथा जिम्मेवारयुक्त बनाउने |
| उद्देश्य ३. वायु-प्रदुषण नियन्त्रणका लागि सवारीसाधन तथा उद्योगमा वातावरणमैत्री प्रविधिको प्रयोग हुने | रणनीति १: सघन शहरी विकास र मिश्रित भू-उपयोगको प्रबर्द्धन गरी मोटरचालित (motorized) यातायातको विकल्पमा साइकल र पैदल यात्राको प्रोत्साहन बढाउने |
| | रणनीति २: विद्युतीय सार्वजनिक यातायात तथा निजी सवारी साधनहरुलाई प्रोत्साहन गर्ने |
| | रणनीति ३: उद्योगहरुलाई वातावरण मापदण्ड अनिवार्य रुपमा पालना गराउने संयन्त्रको विकास गर्ने । |

## अपेक्षित उपलब्धि

वातावरण संरक्षण सम्बन्धी नीतिगत व्यवस्था, नियमनकारी संयन्त्र तथा संरचनाको विकास भएको हुनेछ, सम्पूर्ण स्थानीय तहमा फोहर व्यवस्थापन तथा प्रशोधनका पूर्वाधार विकास भएको हुनेछ, वायु प्रदूषण हानिकारक तहभन्दा कम रहनेछ, वातावरण स्वच्छता सम्बन्धी जनचेतना विकास भएको हुनेछ, प्राकृतिक स्रोतको पूर्ण रुपमा संरक्षण भएको हुनेछ । जलवायु अनुकूलन योजना तयार तथा कार्यान्वयन भएको हुनेछ ।

### ३.४.४. सामाजिक विकास

## चुनौती तथा अवसर

सामाजिक क्षेत्र अन्तर्गत शिक्षा, स्वास्थ्य, संस्कृति, एवम् लैङ्गिक समानता तथा समाजिक समावेशीकरण आदि क्षेत्रहरू पर्दछन् । यसका चुनौतीहरू यस प्रकार रहेका छन् :

- सीमित स्रोत साधनद्वारा सञ्चालित सामुदायिक विद्यालयप्रतिको विश्वसनीयतामा कमी भएको तथा निजी विद्यालय सञ्चालन प्रणालीलाई सहभागितामूलक र सरकारको पूरक प्रणालीका रूपमा व्यवस्थित गर्न नसकिएको
- पर्याप्त संख्यामा स्वास्थ्य संस्थाहरू सञ्चालन भएतापनि नागरिकहरूद्वारा आफ्नो स्वास्थ्यलाई बेवास्ता गरिएको, आधारभूत स्वास्थ्य सेवा उपयोगमा कमी, सरकारी अस्पतालबाट विशेषज्ञ, निदानात्मक सेवाहरू उपलब्ध गराउन नसकिएको कारणले नागरिकको स्वास्थ्य सेवामा निजी खर्च बढेको
- बढ्दो शहरीकरण र बदलिँदो जीवनशैलीको कारण आम नागरिकमा आहार-व्यवहार (Food Habit) र स्वास्थ्य सम्बन्धि सचेतनामा कमी भएको
- युवाहरूमा उमेर अनुसारको सम्मानमा कमी, बेरोजगारिता, व्यवहारिक र नैतिक शिक्षा एवम् सामाजिक उत्तरदायित्वको बोध नभएको
- आर्थिक तथा सामाजिक जीवनमा सारभूत लैङ्गिक समानता कायम नभएको

सामाजिक क्षेत्रमा रहेका अवसरहरू यस प्रकार छन् :

- शिक्षासँग जोडिने प्राकृतिक स्रोत साधन तथा रैथाने ज्ञान, सीप र प्रविधि उपयोगको प्रचुर सम्भावना भएको,
- प्राविधिक तथा व्यावसायिक सीपप्रति युवाको आकर्षण रहेको
- विदेशिने युवाहरूबाट भित्रिने विप्रेषणले राष्ट्रिय अर्थतन्त्रमा सहयोग पुग्नु
- अपाङ्गता भएका व्यक्तिहरू स्वयम् क्रियाशील भई संगठित हुनु

**लक्ष्य:** सर्व सुलभ, गुणस्तरीय शिक्षा र स्वास्थ्यमा पहुँच भएको समावेशी समाजको निर्माण हुनेछ ।

## उद्देश्य तथा रणनीति

| उद्देश्य | रणनीति |
|---|---|
| उद्देश्य १. सामाजिक, संवेगात्मक, नैतिक दक्षता सहितको नव-प्रवर्तनात्मक, प्रतिस्पर्धात्मक, उत्पादनशील शिक्षा प्रदान गर्ने | रणनीति १: सामुदायिक विद्यालयहरूलाई अन्तर्राष्ट्रिय स्तरमा रुपान्तरण गर्ने |
| | रणनीति २: स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारको मागलाई सम्बोधन गर्ने जनशक्ति उत्पादन गर्न महानगरद्वारा विश्वविद्यालय सञ्चालन गर्ने |

| | |
|---|---|
| | रणनीति ३: सबै विद्यालय तथा सरकारी एवम् सामाजिक संघसंस्थाहरू अपाङ्गमैत्री बनाउने र क्षमता अनुसारको उच्च शिक्षा सुनिश्चित गर्ने |
| उद्देश्य २. उत्पादनशील नागरिक तयार गर्न गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने | रणनीति १: सबै उमेरका जनताको लागि विविध सामुदायिक सेवा तथा कार्यक्रमको प्रावधान गर्ने |
| | रणनीति २: निशुल्क आधारभूत स्वास्थ्य सेवा वडा स्तरबाटनै प्रदान गर्ने |
| | रणनीति ३: प्रदेश, संघीय संरचना तथा निजी स्वास्थ्य संस्थाहरूको सहकार्यबाट स्वास्थ्य बिमा, निरोधात्मक (preventive) र उपचारात्मक (curative) सेवा उपलब्ध गराउने |
| उद्देश्य ३. पोखरा महानगरपालिका भित्रका सबै संरचनाभित्र जनसांख्यिक आधारमा महिला, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समुदायको निर्णायक तहमा (३३% महिला सहित) सहभागिता सुनिश्चित गर्ने | रणनीति १: महिलाहरूको ज्ञान, सीप र क्षमताको प्रबर्द्धन र उच्च मुल्याङ्कन र समान ज्यालाको सुनिश्चितता सहित आत्मनिर्भरतामा जोड दिने |
| | रणनीति २: सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार संरक्षण गर्न आवश्यक नीति निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने |

## अपेक्षित उपलब्धि

आर्थिक, सामाजिक तथा भौगोलिक रूपले पछाडि परेका नागरिकहरूलाई सकारात्मक विभेद र आरक्षणको माध्यमबाट राजनैतिक, सामाजिक र प्रशासनिक क्षेत्रमा सहभागितामूलक समावेशी विकास भएको हुनेछ । संख्याको आधारमा निर्णायक तहमा महिलाको सहभागिता कानूनमा नै सुनिश्चित भएको हुनेछ ।

सबै नागरिकले आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गरेका हुनेछ र साथै स्वास्थ्य सेवाहरू सेवाग्राहीमुखी तथा नागरिकमैत्री हुनेछ ।

सबै बालबालिकाको लागि आधारभूत शिक्षामा पंहुँच वृद्धि भएको हुनेछ तथा व्यावसायिक सीपमूलक तालिम तथा कार्यक्रमको व्यवस्था भएको हुनेछ ।

### ३.४.५. सुशासन

## चुनौती तथा अवसर

सुशासनको सम्बन्धमा पोखरा महानगरपालिकामा भएका चुनौतीहरू यस प्रकार रहेका छन् :

- नैतिकता, सदाचारिता तथा काम प्रति जवाफदेहिताको कमी
- सरकारी कृयाकलापमा पारदर्शिताको कमी
- महत्वकांक्षी योजना तथा कार्यक्रम अनुसारको श्रोत साधनको कमी
- कर्मचारीको अवैज्ञानिक कार्यसम्पादन मुल्यांकन प्रणाली
- सांगठनिक संरचना अनुसार जनशक्ति व्यवथापन गर्न नसक्नु

सुशासन र संस्थागत विकासमा रहेका अवसरहरू यस प्रकार रहेका छन् :

- नागरिकले आफ्नो घरदैलोमै सरकारी सेवा र सुविधा पाउने अवस्था सिर्जना हुनु
- सरकारको काम कारबाहीमा नागरिक स्तरबाट निगरानी गर्न सक्ने वातावरण तयार हुनु

- विकास कार्यक्रमको मागमा अत्यधिक वृद्धि हुनु र जनताको प्रत्यक्ष सहभागितामा स्थानीय योजना तर्जुमा र कार्यान्वयन हुनु
- स्थानीय सरकारले आफ्नो क्षेत्रमा कानुन निर्माण गर्ने र कार्यान्वयन गर्ने महत्वपूर्ण अवसर प्राप्त हुनु

**लक्ष्यः** पारदर्शी, जवाफदेही, सहभागितामूलक सबल प्रशासन मार्फत सहज र गुणस्तरीय सेवा प्रदान गरी नागरिक सन्तुष्टी प्रत्याभूत गराउने छ ।

## उद्देश्य तथा रणनीति

| उद्देश्य | रणनीति |
|---|---|
| उद्देश्य १. सार्वजनिक सेवा गुणस्तरीय र पहुँचयोग्य बनाउनु | रणनीति १ः नागरिकले प्राप्त गर्ने सेवाहरूबारे आवश्यक सूचना प्रवाह तथा सहभागितामूलक नीति, योजना निर्माण तथा कार्यान्वयन गर्ने । |
| | रणनीति २ः लैंगिक समानता, समावेशीकरण, तथा प्रविधिको उच्चतम प्रयोग गर्दै संस्थागत क्षमता बढाउने । |
| | रणनीति २ः लैङ्गिक समानता तथासमावेशीकरणको प्रभावकारिता अभिबृद्धिको लागि संस्थागत क्षमता बढाउने । |
| उद्देश्य २. सार्वजनिक आय र व्ययलाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाई विकास प्रक्रियालाई प्रभावकारी तुल्याउने | रणनीति १ः सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्ने । |
| | रणनीति २ः आन्तरिक नियन्त्रण र लेखापरिक्षणलाई विश्वसनीय तथा प्रभावकारी बनाउने । |
| | रणनीति ३ः आम्दानी खर्चको सार्वजनिक लेखापरिक्षण गर्ने । |
| उद्देश्य ३. कार्यसम्पादनमा आधारित वैज्ञानिक मुल्यांकन मार्फत कर्मचारीलाई कामप्रति उत्तरदायी बनाउने | रणनीति १ः कार्यविवरण, कार्यभार र जिम्मेवारीको आधारमा कर्मचारीलाई उचित सुविधा प्रदान गर्ने । |
| | रणनीति २ः कार्यसम्पादन मुल्याङ्कनका आधारमा कर्मचारीलाई पुरस्कार र दण्ड व्यवस्था गर्ने । |
| | रणनीति ३ः उत्तरदायी, क्षमतावान र प्रविधिमैत्री कर्मचारी संयन्त्रको गर्नुका साथै कर्मचारीहरुमा सदाचारिता, इमानदारीता र नैतिकताको विकास गर्ने । |

## अपेक्षित उपलब्धि

आम जनताको न्यायमा सहज, सरल र मितव्ययी पहुँच कायम भएको हुनेछ र जनताले सरल, सहज र छरितो सेवा प्राप्त गरेको हुनेछ । साथै जनप्रतिनिधि, पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि भएको हुनेछ ।

प्रभावकारी सेवा प्रवाहद्वारा सीप विकास र आयआर्जनका अवसरलाई विस्तार गर्दै गरिबी न्यूनीकरणमा टेवा पुगेको हुने, मातृ शिशु तथा पोषणको स्थितिमा सुधार आएको हुने, सचेतना अभिवृद्धि तथा सशक्तीकरण सम्बन्धी क्रियाकलापमार्फत् सार्वजनिक सेवामा सर्वसाधारणको सन्तुष्टि अभिवृद्धि भएको हुने, पिछडिएका क्षेत्र र वर्ग पनि विकासको मूलधारमा समाहित भएका हुनेछन् ।

# ४. आवधिक रणनीतिक कार्ययोजना (२०७७-८३)

माथि प्रस्तुत उद्देश्य तथा रणनीति परिपूर्ति गर्न आगामी पाँच बर्षमा लिइने कार्ययोजना निम्न बमोजिम हुनेछ ।

## ४.१. आर्थिक विकास

| उद्देश्य | रणनीति | कार्यनीति | समयसीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| उद्देश्य १. न्यून कार्बन उत्सर्जन हुने पर्यटन, कृषि, उद्योग तथा उत्पादन क्षेत्रबाट पोखराको अर्थतन्त्र वृद्धि गर्ने | रणनीति १: पर्यटकको संख्या, पर्यटकले गर्ने खर्च तथा पर्यटकको पोखरा बसाईमा बृद्धि गर्ने | होमस्टे प्रावधान, सम्पदा क्षेत्रको संरक्षण तथा सौन्दर्यीकरण एवम् रमणीय डाँडाहरूमा योगा जस्ता सुविधा आदिको प्रवर्द्धन गरी आतिथ्य पूर्वाधारको गुणस्तर बृद्धिको योजना तयार गरी निश्चित स्थानमा कार्यान्वयन गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | पर्यटन व्यवसायी, निजी क्षेत्र |
| | | विमानस्थल एवम् बस पार्कहरूमा पर्यटन सूचना डेस्क स्थापना तथा पर्यटन सम्बन्धि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभियान सञ्चालन गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | पर्यटन विकास संघ |
| | | पोखराबाट विभिन्न देशभित्रका र बाहिरका गन्तव्य स्थलहरूमा चौडा र सहज सडकमार्ग तथा हवाई कनेक्टिभिटिबाट पहुँचको सुनिश्चितता गरिनेछ । | आषाढ २०८२ | संघीय सरकार, प्रदेश सरकार | पो.म.पा. |
| | रणनीति २: कृषि, पशु तथा वनपैदावर व्यवसायलाई मूल्य श्रृंखलामा आधारित व्यवसायीकरण गर्ने । | सहकारी तथा निजी क्षेत्रसँग सहकार्य गरी कृषि उपजको उत्पादन, मार्केटिङ्ग र भण्डारण गरिनेछ । | आषाढ २०८० | सहकारी तथा निजी क्षेत्र | पो.म.पा. |
| | | व्यावसायिक कृषि, पशुपालन, फलफुल उत्पादनको लागि लगानीमा पहुँच सुनिश्चित गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | बैंक तथा सहकारी संस्था |
| | | पर्यटन प्रबर्द्धनसँग मूल्य श्रृंखला जोडिने गरि स्थानीय उत्पादनलाई प्रोत्साहन गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | बैंक तथा सहकारी संस्था |

| उद्देश्य | रणनीति | कार्यनीति | समयसीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| | रणनीति ३: उद्योग तथा व्यवसायलाई वातावरणमैत्री बनाउँनुका साथै विस्तारित गर्ने | बजारको आवश्यकता अनुसार तथा वातावरणीय प्रभावलाई सम्बोधन हुने उद्योगहरूको प्रबर्द्धन गर्न निर्देशिकाहरु बनाई लागू गरिनेछ। | आषाढ २०७८ | पो.म.पा. | व्यापार व्यवसाय संघ, क्ष्मी |
| | | कृषि सम्बन्धि उद्योग तथा व्यवसायहरूको लागि लगानी सहजीकरण गरिनेछ। | आषाढ २०७८ | पो.म.पा. | बैंक तथा सहकारी संस्था |
| उद्देश्य २. समावेशी स्थानीय आर्थिक गतिविधि वृद्धि गर्न योजना तर्जुमा गर्ने | रणनीति १: विपन्न समुदायलाई लक्षित गरी स्थानीय कच्चा पदार्थमा आधारित लघु उद्यमतर्फ प्रोत्साहन गर्ने। | स्थानीय कच्चा पदार्थमा आधारित एवम् साना, घरेलु तथा लघु उद्योगहरूलाई प्रोत्साहित गरिनेछ। | आषाढ २०७८ | पो.म.पा. | क्ष्मी |
| | | विपन्न वर्गलाई लक्षित गरि स्थानीय उत्पादनको व्यापारबारे नियमित रुपमा तालिम प्रदान गरिनेछ। | हरेक आ.व. | पो.म.पा. | व्यापार व्यवसाय संघ |
| | रणनीति २: स्थानीय समुदायको प्रत्यक्ष सहभागितामा फलफूल, तरकारी, पशुपालन, डेरी, वनको सहकारी प्रबर्द्धन गर्ने र वित्तिय संस्थासँगको पहुँच बढाउँने। | सरकारी सहुलियत, लक्षित वर्गलाई ऋणको ब्यबस्था, बिमा नीति जस्ता सुविधाहरूबारे सचेतना अभियान सञ्चालन गरिनेछ। | हरेक आ.व. | पो.म.पा. | बैंक तथा सहकारी संस्था |
| | | लक्षित समूहहरूलाई क्रेडिट विस्तारको सुविधा दिन ऋणदाताहरूलाई उत्प्रेरक सुविधाको प्रावधान गरिनेछ। | हरेक आ.व. | पो.म.पा. | बैंक तथा सहकारी संस्था |
| | | स्थानीय सहकारीहरू वा नगरपालिका आफैले लक्षित समूहलाई प्रत्यक्ष अनुदान वा सहुलियत भएको ऋण सुविधा प्रदान गर्ने संयन्त्र तयार गरिनेछ। | आषाढ २०७८ | पो.म.पा. | बैंक तथा सहकारी संस्था |
| | रणनीति ३: युवाहरुलाई ICT को माध्यमबाट | नवप्रवर्तनात्मक उद्योग र व्यवसाय स्थापना सम्बन्धि इन्टरनेटमा आधारित सूचना पोर्टल स्थापना गरिनेछ। | आषाढ २०७८ | पो.म.पा. | पोउबासं |

| उद्देश्य | रणनीति | कार्यनीति | समयसीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| | नवप्रवर्तनात्मक (Innovative) व्यबसायतर्फ प्रोत्साहन गर्ने । | नवप्रवर्तनात्मक व्यवसाय मेला प्रत्येक दुई बर्षमा आयोजना गरिनेछ । | पौष २०७७ | पो.म.पा. | पोउबासं |
| | | व्यापार व्यवसाय गर्न mobile app तथा e-commerce हरूको प्रयोग गर्न प्रोत्साहन गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | पोउबासं |
| उद्देश्य ३. पोखरा महानगरपालिकालाई व्यवस्थित पूर्वाधारको साथमा पर्यटन केन्द्रको रुपमा विकास गर्ने | रणनीति १: कृषि, पशुपालनको बजारीकरणको लागि आवश्यक पूर्वाधारको व्यबस्था गर्ने । | कृषि उत्पादन र बजारलाई जोड्नको लागि ग्रामीण सडक, रोपवे तथा यस्तै अन्य नवप्रवर्तनात्मक पूर्वाधारहरूको विकास गरिनेछ । | आषाढ २०८० | पो.म.पा. | प्रदेश सरकार |
| | | कृषि उपजको व्यापार सुनिश्चित गर्न विभिन्न स्थानमा हाट बजारको सञ्चालन गरिनेछ । | हरेक आ.व. | पो.म.पा., वडा | व्यापार व्यवसाय संघ |
| | | कृषि तथा वन्य उपजहरूको लागि शीत भण्डारण, होलसेल तथा खुद्रा संकलन केन्द्रको स्थापना गरिनेछ । | आषाढ २०८० | पो.म.पा. | प्रदेश सरकार |
| | रणनीति २: विद्यमान औद्योगिक क्षेत्रको व्यबस्थापनको साथै नयाँ औद्योगिक क्षेत्रको विकासको लागि सार्वजनिक तथा निजी क्षेत्रसँग साझेदारी गर्ने । | प्रदुषण रहित उद्योग निर्माण गर्न नीति, नियमावली तथा संयन्त्र तयार गरि लागू गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | प्रदेश सरकार |
| | | गुणस्तरीय मानव संशाधन उत्पादनको लागि प्राविधिक संस्थाहरूको स्थापना, सहयोग र प्रबर्द्धन गरिनेछ । | आषाढ २०७८ | संघीय सरकार, प्रदेश सरकार | पो.म.पा. |
| | | स्थानीय कच्चा पदार्थको प्रयोगलाई प्राथमिकता दिइनेछ । | हरेक आ.व. | पो.म.पा. | व्यापार व्यवसाय संघ |

| उद्देश्य | रणनीति | कार्यनीति | समयसीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| | रणनीति ३: पर्यापर्यटन विकासको लागि आवश्यक पूर्वाधारहरुको विकास तथा विस्तार गर्ने । | हाइकिङ्ग, रक क्लाइम्बिङ्ग, ट्रेकिङ्ग, साइकल यात्रा, चरा अवलोकन आदि गतिविधिहरूको लागि आवश्यक पूर्वाधार निर्माण गर्न निजी क्षेत्रलाई प्रोत्साहान गरिनेछ । | आषाढ २०८० | पर्यटन व्यवसायी, निजी क्षेत्र | पो.म.पा. |
| | | सार्वजनिक स्थल तथा सामुदायिक वनहरुमा पिकनिक स्थल तथा वनस्पति बगैंचाको स्थापना गरिनेछ । | आषाढ २०८० | पो.म.पा. | पर्यटन व्यवसायी, नीजि क्षेत्र |
| | | तालहरूको संरक्षणलाई ध्यानमा राखी हानिकारक प्रभाव नहुने गरी पर्यटनको प्रवर्द्धन गरिनेछ । | हरेक आ.व. | पो.म.पा. | |

## ४.२. पूर्वाधार तथा शहरी विकास

| उद्देश्य | रणनीति | कार्यनीति | समयसीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| उद्देश्य १. सरलिकृत र सुविधायुक्त वातावरणमैत्री शहरीकरणको विकास गर्ने | रणनीति १: स्थानिय भू-उपयोग नीति निर्माण गरि जोखिम संवेदनशीलता समेतलाई दृष्टिगत गरी कार्ययोजना बनाउने । | भू-उपयोग नीति अनुसार नगरपालिकाको जोखिम संवेदनशील भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | |
| | | जोखिम संवेदनशील भू-उपयोग योजना अनुसारको विभिन्न भू-उपयोग क्षेत्रको लागि बस्ती विकास तथा भवन निर्माण मापदण्ड तर्जुमा गरी लागु गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | |
| | | तोकिएको भू-उपयोग क्षेत्रको पालना गराउन पुरस्कार र दण्ड नीति अवलम्बन गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | |
| | रणनीति २: यातायात एवम् अन्य पूर्वाधारको अध्ययन तथा योजनामा आधारित भू-उपयोग र पूर्वाधार विकासमा लगानी प्रवर्द्धन गर्ने । | प्रत्येक बस्तीमा आवास, विद्यालय, मनोरन्जनका स्थानहरू तथा बजारहरू जस्ता सुविधायुक्त मिश्रित भू-उपयोगको प्रवर्द्धन गरिनेछ । | आषाढ २०७९ | पो.म.पा. | |
| | | निर्धारित भू-उपयोगको आधारमा पूर्वाधार तथा विकास योजनाको मूल्याङ्कन गरिनेछ । | आषाढ २०७९ | पो.म.पा. | |

| उद्देश्य | रणनीति | कार्यनीति | समयसीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| | | महानगरपालिकाले उद्योग तथा व्यवसाय जस्ता निजी क्षेत्रसँग सहकार्य गरी दक्ष पूर्वाधार निर्माणमा लगानी गर्नेछ। | आषाढ २०७८ | पो.म.पा. | निजी उद्योग व्यवसायीहरू |
| | रणनीति ३: भौतिक संरचना तथा पूर्वाधार निर्माणमा विपद् जोखिम प्रतिरोधात्मक उपायहरूको अवलम्बन गर्ने। | भौतिक पूर्वाधार (सडक, खानेपानी, ढल सञ्जाल आदि) को क्षमता तथा समस्याहरूको बारेमा नियमित रुपमा समीक्षा गरी विकास योजनाहरू बनाइने छ। | हरेक आ.व. | पो.म.पा. | |
| | | भवन निर्माण तथा भौतिक पूर्वाधारलाई विपद् जोखिम प्रतिरोधात्मक बनाउन मापदण्ड तर्जुमा गरी लागु गरिनेछ। | आषाढ २०७८ | पो.म.पा. | |
| उद्देश्य २. व्यवस्थित प्रकृतिमैत्री आवास योजना लागु गर्ने | रणनीति १: बस्ती विकास नियमावलीहरूलाई वास्तविक कार्यान्वयन तहमा पुऱ्याई बस्ती विकासको सहज वातावरण तयार गर्ने। | विभिन्न आय समूहलाई सुलभ बसोबासको प्रावधान हुने गरी भू-उपयोग नीति तथा विकास रणनीति तर्जुमा गरी लागु गरिनेछ। | आषाढ २०७८ | पो.म.पा. | |
| | | मध्य तथा उच्च घनत्वका बस्ती विकास गर्नको लागि योजना तर्जुमा र लगानी निर्णयको समन्वय गरिनेछ। | आषाढ २०८० | पो.म.पा. | प्रदेश सरकार |
| | रणनीति २: नयाँ बसोबास क्षेत्र विकासमा शहर सौन्दर्यीकरण, गुणस्तर सेवा र सुविधाको न्यूनतम मापदण्ड कायम गर्ने। | महानगरपालिकाको विभिन्न क्षेत्रको भौतिक चरित्रलाई विषमता नहुने गरी भवन निर्माण तथा शहरी डिजाइन (urban design) मापदण्ड तर्जुमा गरी लागु गरिनेछ। | आषाढ २०७८ | पो.म.पा. | |
| | | नयाँ बस्ती विकास क्षेत्रमा अनिवार्य रुपमा खुला क्षेत्र र सुन्दर प्राकृतिक दृश्य (landscaped areas) का क्षेत्रहरूको प्रावधान गरिनेछ। | आषाढ २०७९ | पो.म.पा. | निजी क्षेत्र |
| | रणनीति ३: जोखिम संवेदनशील स्थानका बस्तीहरूको लागि सुरक्षित | सुलभ बसोबास निर्माणको लागि विभिन्न निजी तथा गैर सरकारी संस्थासँग साझेदारी गरिनेछ। | आषाढ २०८० | पो.म.पा. | निजी तथा गैससं |

| उद्देश्य | रणनीति | कार्यनीति | समयसीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| | स्थानमा एकिकृत बस्ती विकास गर्ने । | सामुदायिक जग्गा कोष (Land Bank) को सम्भाव्यतालाई मध्यनजर राखी जोखिम संवेदनशील क्षेत्रमा रहेका बस्तीको स्थानान्तरण गरिनेछ । | आषाढ २०८० | पो.म.पा. | गैर सरकारी संस्था, निजी क्षेत्र |
| उद्देश्य ३. नागरिकमैत्री उत्थानशील पुर्वाधारको विकास गर्ने | रणनीति १: स्थानीय समुदायको प्रत्यक्ष सहभागिताको आधारमा design thinking process अबलम्बन गरी पूर्वाधारहरूको विकास गर्ने । | पूर्वाधार विकास योजना तर्जुमाको क्रममा स्थानीय समुदायको अवधारणा तथा सुझाव सङ्कलन गर्ने संयन्त्र तयार गरी लागु गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | प्रादेशिक भौतिक पूर्वाधार विकास मन्त्रालय |
| | | वडागत योजना तर्जुमाको क्रममा स्थानीय भौतिक चरित्र, समुदायका आवश्यकता तथा उचित परिवर्तनलाई आधार मानी स्थानीय समुदायको सहभागिता सुनिश्चित गरिनेछ । | हरेक आ.व. | वडाहरू | टोल विकास संस्था, सामुदायिक समूहहरू |
| | रणनीति २: पूर्वाधार निर्माणमा विपद् तथा जलवायु उत्थानशीलताका लाीग आवश्यक मापदण्ड अवलम्बन गर्ने । | पूर्वाधार निर्माणको लागि सबै वर्गका समूह (ज्येष्ठ नागरिक, बालबालिका, महिला, अशक्त आदि) मैत्री मापदण्ड (universal design guidelines) तर्जुमा गरी लागु गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | |
| | | महानगरपालिकाले निजी क्षेत्र, नागरिक समाज तथा विज्ञहरूसँग सहकार्य गरी नयाँ तथा पुनःस्थापित पूर्वाधारहरूको लागि उचित प्राविधिक विशेषज्ञतामा पहुँच बढाइने छ । | आषाढ २०७८ | पो.म.पा. | निजी क्षेत्र, नागरिक समाज |
| | रणनीति ३: नगरपालिकाभित्र तथा अन्तर क्षेत्रिय तहमा प्रमुख यातायात सञ्जाल एवम् खानेपानी, ढल तथा विद्युतको utility corridor व्यवस्थापन गर्न प्रदेश र | रणनीतिक सडक सञ्जाल तथा utility corridor को व्यवस्थापनका लागि संघीय सरकारसँग सहकार्य गरिनेछ । | आषाढ २०७९ | पो.म.पा. | संघीय सरकार |
| | | प्रदेश सरकारको हकमा रहेका सडक तथा पूर्वाधार निर्माण र मर्मत सम्भारमा महानगरपालिकाले समन्वय गर्नेछ । | आषाढ २०७९ | प्रदेश सरकार | पो.म.पा. |

| उद्देश्य | रणनीति | कार्यनीति | समयसीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| | संघीय सरकारसँग सहकार्य गर्ने । | उच्च प्राथमिकतामा रहेका भौतिक पूर्वाधारहरूको शीघ्र सुधार सम्भारको लागि प्रदेश सरकारसँग सहयोग लिइनेछ । | आषाढ २०७८ | पो.म.पा. | प्रदेश सरकार |

## ४.३. वातावरण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

| उद्देश्य | रणनीति | कार्यनीति | समयसीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| उद्देश्य १. वातावरणप्रति संवेदनशील समाजको निर्माण गरिने | रणनीति १: वातावरण संवेदनशील क्षेत्रको वरिपरि दगााभच क्षेत्रको प्रावधान गरी प्रकृतिमा पर्ने नकारात्मक असरको न्यूनीकरण्न गर्ने | ताल क्षेत्रहरूको वरिपरि उचित न्यूनतम buffer मापदण्ड निर्धारण गरि अनिवार्य लागु गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | प्रदेश सरकार |
| | | सामुदायिक वनको हकमा वन तथा वातावरण मन्त्रालयको मापदण्ड अनुसारको buffer कायम गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | समुदाय |
| | | प्राकृतिक संरक्षण क्षेत्रमा पर्यावरणमा न्यून प्रभाव हुने खालका मानवीय उपयोग (human use) को मात्र अनुमति दिइनेछ । | आषाढ २०७८ | पो.म.पा. | प्रदेश सरकार |
| | रणनीति २: सामाजिक सभ्यता झल्काउने पार्क तथा खुला स्थलहरूको डिजाइनको न्यूनतम मापदण्ड तयार गरी लागु गर्ने | पार्क तथा खुला स्थल सम्बन्धी मापदण्ड म्यानुअल तयार गरी सार्वजनिक गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | |
| | | महानगरपालिकाले शैक्षिक संस्थाहरूलाई आफ्नो आँगनमा अनिवार्य हरित क्षेत्रको व्यवस्थापन गर्नमा सहजीकरण गर्नेछ । | आषाढ २०८० | पो.म.पा. | शैक्षिक संस्थाहरू |
| | | औद्योगिक तथा व्यावसायिक क्षेत्रमा पर्यावरणीय पार्कहरूको विकासमा सहजीकरण गरिनेछ । | आषाढ २०८० | पो.म.पा. | उद्योग व्यवसायहरू |
| | | शहरका विभिन्न प्लाजा तथा घरघरमा आँगनमा वृक्षारोपण तथा हरित स्थलहरू विकास गर्नको लागि प्रोत्साहन गरिनेछ । | आषाढ २०८० | पो.म.पा. | निजी क्षेत्र |

| उद्देश्य | रणनीति | कार्यनीति | समयसीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| | रणनीति ३: संघीय संरचना अनुसार जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्न अनुकूलन कार्यक्रम तयार गरी लागु गर्ने | पर्याप्रणालीको लागि रणनीतिक क्षेत्र तथा कोरिडोरहरूको पहिचान गरी संरक्षण गरिनेछ। | आषाढ २०८० | पो.म.पा. | प्रदेश सरकार |
| | | जैविक विविधता तथा जलश्रोतहरूमा हानी गर्ने आक्रामक प्रजातिहरूको नियमन तथा व्यवस्थापन गरिनेछ। | आषाढ २०७८ | पो.म.पा. | |
| उद्देश्य २. फोहोरमैलाको एकिकृत रुपमा समुचित व्यवस्थापन हुने | रणनीति १: प्रभावकारी तथा दक्ष रुपमा फोहोरमैलाको सङ्कलन र व्यवस्थापनको नियामक कार्यान्वयन गर्ने | नगरपालिकाको सबै वडाहरूमा फोहोरमैला संकलनको व्यवस्था हुनेछ। | आषाढ २०७८ | पो.म.पा. | निजी क्षेत्र |
| | | स्यानीटरी ल्याण्डफिल साइटको लागि नयाँ स्थान पहिचान गरी निर्माण गरिनेछ। | आषाढ २०७९ | पो.म.पा. | निजी क्षेत्र |
| | | रिसाइकल र कम्पोस्ट सेवाहरू प्रदान गरिनेछ। | आषाढ २०७९ | पो.म.पा. | निजी क्षेत्र |
| | रणनीति २: घरायसी, व्यावसायिक तथा औद्योगिक फोहोरमैलाको पुन:प्रयोग मार्फत वृत्ताकार अर्थव्यवस्था (Circular Economy) लाई प्रोत्साहन गर्ने | सबै घर र संस्थामा फोहोरको reduce, reuse, recycle / recover सिद्धान्तको बारेमा सचेत गराइनेछ। | आषाढ २०७८ | पो.म.पा. | शैक्षिक संस्था |
| | | पुरानो डम्पिङ्ग साइटमा क्यापिङ्ग र वृक्षारोपण गरी पुनर्स्थापना गरिनेछ। | आषाढ २०८० | पो.म.पा. | निजी क्षेत्र |
| | | निजी क्षेत्रसँगको सहकार्य र सहलगानीमा शहरी क्षेत्रको फोहोर मैलाबाट बायो ग्याँस, प्रांगारिक मल तथा पेट्रोलियम पदार्थ निकाल्न सम्भव क्षेत्रहरू पहिचान गरी निर्माण कार्य अगाडि बढाइनेछ। | आषाढ २०८२ | पो.म.पा. | निजी क्षेत्र |
| | रणनीति ३: फोहोरमैलाको निष्कासन तथा व्यवस्थापनमा | विद्यालयका विद्यार्थी तथा समुदाय लक्षित सरसफाई सम्बन्धी तालिमहरू सञ्चालन गरी जागरूकता बढाइनेछ। | आषाढ २०७८ | पो.म.पा. | शैक्षिक संस्था |

| उद्देश्य | रणनीति | कार्यनीति | समयसीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| | समुदायको भूमिकालाई बढी प्रभावकारी तथा जिम्मेवारयुक्त बनाउने | सार्वजनिक सचेतना तथा शैक्षिक गतिविधिको लागि सचेतना सामग्री, पत्रिका प्रकाशन, सामुदायिक छलफल कार्यक्रमहरू आदि नियमित रुपमा सञ्चालन गरिनेछ । | हरेक आ.व. | पो.म.पा. | पोखरा विश्वविद्यालय, निजी क्षेत्र |
| | | नमूना आधारमा वडा स्तरीय वातावरण संरक्षण समिति गठन र परिचालन गरिनेछ । | हरेक आ.व. | पो.म.पा. | वडाहरू |
| उद्देश्य ३. वायु-प्रदुषण नियन्त्रणका लागि सवारीसाधन तथा उद्योगमा वातावरणमैत्री प्रविधिको प्रयोग हुने | रणनीति १: सघन शहरी विकास र मिश्रित भू-उपयोगको प्रबर्द्धन गरी मोटर चालित (motorized) यातायातको विकल्पमा साइकल र पैदल यात्राको प्रोत्साहन बढाउने | भू-उपयोग योजना तर्जुमाको क्रममा सघन तथा मिश्रित बस्ती विकासको प्रबर्द्धन गरी लागु गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | |
| | | प्रमुख शहरी केन्द्रहरूमा साइकल यात्रा सञ्जालको पहिचान र कार्यान्वयन गरिनेछ । | आषाढ २०८० | पो.म.पा. | |
| | | शहरी क्षेत्रहरूको पैदल यात्रा (walkability) सुधार गरी सुरक्षित पैदल आवागमनको प्रबर्द्धन गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | |
| | रणनीति २: विद्युतीय सार्वजनिक यातायात तथा निजी सवारी साधनहरूलाई प्रोत्साहन गर्ने | सार्वजनिक यातायात व्यवसायीहरूलाई विद्युतीय यातायात साधनको खरिदमा सहुलियत प्रदान गरी सहजीकरण गरिनेछ । | आषाढ २०७९ | प्रादेशिक भौतिक पूर्वाधार विकास मन्त्रालय | पो.म.पा. |
| | | महानगरपालिकाको विभिन्न स्थानहरूमा विद्युतीय यातायात साधनको चार्जिङ्ग स्टेशन स्थापना गरिनेछ । | आषाढ २०८० | पो.म.पा. | प्रादेशिक भौतिक पूर्वाधार विकास मन्त्रालय |

| उद्देश्य | रणनीति | कार्यनीति | समयसीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| | रणनीति ३: उद्योगहरूलाई वातावरण मापदण्ड अनिवार्य रुपमा पालना गराउने संयन्त्रको विकास गर्ने । | प्रदेश सरकारको सहयोगमा प्रदूषणको मापदण्ड तयार गरी प्रदूषकले व्यहोर्ने (Polluters Pay) संयन्त्र तयार गरी लागू गरिनेछ । | आषाढ २०८० | पो.म.पा. | प्रदेश सरकार |
| | | वातावरण मापदण्ड उल्लङ्घन गर्ने उद्योग व्यवसायहरूलाई कडा कारवाही गरी दण्ड दिने संयन्त्र तयार गरी लागर गरिनेछ । | आषाढ २०८० | पो.म.पा. | प्रदेश सरकार |

## ४.४. सामाजिक विकास

| उद्देश्य | रणनीति | कार्यनीति | समयसीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| उद्देश्य १. सामाजिक, संवेगात्मक, नैतिक दक्षता सहितको नव-प्रवर्तनात्मक, प्रतिस्पर्धात्मक, उत्पादनशील शिक्षा प्रदान गर्ने | रणनीति १: सामुदायिक विद्यालयहरूलाई अन्तर्राष्ट्रिय स्तरमा रुपान्तरण गर्ने | माध्यमिक तह (कक्षा ११-१२) मा विज्ञान विषय अध्यापन गर्ने सामुदायिक विद्यालयको विस्तार, सञ्चालित विद्यालयको स्तरोन्नति एवम् विद्यार्थी प्रोत्साहन कार्यक्रमको व्यवस्था गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | प्रदेश सरकार |
| | | माध्यमिक विद्यालयका ऐच्छिक विषयहरूमा पर्यटन, कृषि, जडिवुटी र पेशा व्यवसाय जस्ता विषय समावेश गर्ने गरी पाठ्यक्रम तर्जुमा गर्न वैधानिक संयन्त्र निर्माण गरिनेछ । | आषाढ २०७९ | पो.म.पा. | प्रदेश सरकार |
| | | सामुदायिक विद्यालयहरुलाई उत्कृष्ट व्यबस्थापन भएका निजी विद्यालयहरुसँग मितेरी लगाइनेछ । | बैशाष २०७८ | पो.म.पा. | निजी विद्यालय |
| | | प्रारम्भिक कक्षामा मातृभाषा शिक्षण, स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको विकास गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | प्रदेश सरकार |

| उद्देश्य | रणनीति | कार्यनीति | समयसीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| | रणनीति २: स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारको मागलाई सम्बोधन गर्ने जनशक्ति उत्पादन गर्न महानगरद्वारा महाविद्यालय सञ्चालन गर्ने | बजारमा उच्च माग भएका प्राविधिक तथा व्यावसायिक विषयको पढाइ सञ्चालन गर्न प्रोत्साहन गरिनेछ। | आषाढ २०७८ | पो.म.पा. | शैक्षिक संस्था |
| | | विभिन्न प्रकारका शैक्षिक एवम् क्षमता विकास सम्बन्धी सेवा प्रवाहका लागि दूर तथा खुला शिक्षा प्रणालीको संरचना स्थापित गरि अथवा मौजुदा संरचनालाई सुव्यवस्थित गरिनेछ। | आषाढ २०७८ | पो.म.पा. | शैक्षिक संस्था |
| | रणनीति ३: सबै विद्यालय तथा सरकारी एवम् सामाजिक संघसंस्थाहरू अपाङ्गमैत्री बनाउने र क्षमता अनुसारको उच्च शिक्षा सुनिश्चित गर्ने | सामुदायिक, संस्थागत लगायत सवै प्रकारका विद्यालयको उपलब्धि स्तर एवम् प्रणालीगत कार्यकुशलताको उपयुक्त मापदण्ड र सूचक तयार गरिनेछ। | आषाढ २०७८ | प्रदेश सरकार | पो.म.पा. |
| | | विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्न उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ। | आषाढ २०७८ | पो.म.पा. | प्रदेश सरकार |
| उद्देश्य २. उत्पादनशील नागरिक तयार गर्न गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने | रणनीति १: सबै उमेरका जनताको लागि विविध सामुदायिक सेवा तथा कार्यक्रमको प्रावधान गर्ने | सक्रिय जीवनयापन, मानसिक स्वास्थ्य र स्वस्थ जीवन शैली प्रवर्द्धन गर्न सामाजिक अभियान लागू गरिनेछ। | हरेक आ.व. | पो.म.पा. | स्वास्थ्य संस्थाहरू |
| | | स्वस्थ आहार सम्बन्धी वडागत चेतनामूलक कार्यक्रमहरू आयोजना गरिनेछ। | हरेक आ.व. | वडा | पो.म.पा. |
| | | सामुदायिक पार्कहरूमा सबै उमेरका मानिसलाई हुने व्यायामका उपकरणहरूको व्यबस्था गरी खुला ब्यायामशालालाई प्रवर्द्धन गरिनेछ। | आषाढ २०८० | पो.म.पा. | वडा, टोल विकास संस्थाहरू |
| | रणनीति २: निशुल्क आधारभूत स्वास्थ्य सेवा वडा स्तरबाटनै प्रदान गर्ने | ग्रामीण वडाहरूमा सामुदायिक स्वास्थ्य केन्द्रहरू स्थापना गरिनेछ। | आषाढ २०७८ | वडा | पो.म.पा. |
| | | वडा स्तरमा विशेषज्ञ घुम्ती स्वास्थ्य सेवा तथा शिविर कार्यक्रमको सञ्चालन गरिनेछ। | हरेक आ.व. | वडा | पो.म.पा. |

| उद्देश्य | रणनीति | कार्यनीति | समयसीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| | रणनीति ३: प्रदेश, संघीय संरचना तथा निजी स्वास्थ्य संस्थाहरूको सहकार्यबाट स्वास्थ्य बिमा, निरोधात्मक (preventive) र उपचारात्मक (curative) सेवा उपलब्ध गराउने | विशेषज्ञ स्वास्थ्य सेवा तथा आयुर्वेद लगायत अन्य स्वास्थ्य सेवालाई बीमामार्फत् उपलब्ध गराइनेछ। | आषाढ २०८० | पो.म.पा. | स्वास्थ्य संस्थाहरू, संघीय सरकार |
| | | प्रदेश तहसँगको सहकार्यमा एक आयुर्वेद केन्द्रको स्थापना तथा सञ्चालन गरिनेछ। | आषाढ २०८० | पो.म.पा. | प्रदेश सरकार |
| | | जीवाणुबाट हुनसक्ने महामारी फैलनबाट रोक्न आवश्यक नीति, नियम, निर्देशिका तयार गर्नुका साथै निरोधात्मक बन्दोवस्तीका उपकरण, सामान तथा मानव संशाधनको प्रबन्ध गरिनेछ। | हरेक आ.ब. | पो.म.पा. | प्रदेश सरकार |
| उद्देश्य ३. पोखरा महानगरपालिका भित्रका सबै संरचनाभित्र जनसांख्यिक आधारमा महिला, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समुदायको निर्णायक तहमा (३३% महिला सहित) सहभागिता सुनिश्चित गर्ने | रणनीति १: महिलाहरूको ज्ञान, सीप र क्षमताको प्रबर्द्धन र उच्च मुल्याङ्कन र समान ज्यालाको सुनिश्चितता सहित आत्मनिर्भरतामा जोड् दिने | महिलालाई व्यवसाय सञ्चालन तथा आयमूलक कार्य गरी स्वरोजगार तथा उद्यमशीलता विकास गर्न सहुलियतपूर्ण ऋण तथा वित्तीय पहुँचको व्यवस्था मिलाइनेछ। | आषाढ २०८० | पो.म.पा. | प्रदेश सरकार |
| | | नगरपालिकामा हुने सबै किसिमका सर्भेक्षण तथा तथ्याङ्क संकलन गर्दा लैङ्गिक खण्डीकृत विषय अनिवार्य रूपमा समावेश गर्ने व्यवस्था गरी महिलाको अवस्था सम्बन्धी प्रतिवेदन तयार गरिनेछ। | हरेक आ.व. | पो.म.पा. | |
| | | महिला विकास कार्यक्रमलाई निरन्तरता दिनुका साथै महिला समूहद्वारा प्रवर्द्धित महिला सहकारी संस्थालाई महिलाहरूका उत्पादनमूलक व्यवसाय तथा स्वरोजगारको क्षेत्रमा परिचालन गर्ने वातावरण सृजना गरिनेछ। | आषाढ २०७९ | पो.म.पा. | प्रदेश सरकार |
| | रणनीति २: सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको | अपाङ्गता भएका व्यक्तिहरूका लागि आय आर्जन गर्ने कार्यक्रम तर्जुमा गरी उनीहरूलाई आत्मनिर्भर बनाइनेछ। | आषाढ २०८० | पो.म.पा. | प्रदेश सरकार |

| उद्देश्य | रणनीति | कार्यनीति | समयसीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| | हक अधिकार संरक्षण गर्न आवश्यक नीति निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने | आम सूचना, सञ्चार र प्रविधिमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सुनिश्चित गर्ने गरी सेवाको उपलब्धता र उपकरणको व्यवस्था क्रमश: गर्दै लगिनेछ । | हरेक आ.व. | पो.म.पा. | प्रदेश सरकार |

## ४.५. संस्थागत विकास तथा सुशासन

| उद्देश्य | रणनीति | कार्यनीति | समयसीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| उद्देश्य १. सार्वजनिक सेवा गुणस्तरीय र पहुँचयोग्य बनाउनु | रणनीति १: नागरिकले प्राप्त गर्ने सेवाहरूबारे आवश्यक सूचना प्रवाह तथा सहभागितामूलक नीति, योजना निर्माण तथा कार्यान्वयन गर्ने । | कुनै पनि नयाँ नीति, योजना निर्माणको क्रममा जनसहभागिता सुनिश्चित गरिनेछ । | हरेक आ.व. | पो.म.पा. | |
| | | नागरिकलाई प्रदान गरिने महानगरीय सेवाबारेको जानकारी तथा कार्यान्वयनबारेका श्रव्यदृश्य सामग्रीहरु सामाजिक सञ्जाल वा अन्य प्रभावकारी माध्यमबाट प्रवाह गराउने नीति लिइनेछ । | हरेक आ.व. | पो.म.पा. | |
| | रणनीति २: लैंङ्गिक समानता तथासमावेशीकरणको प्रभावकारिता अभिबृद्धिको लागि संस्थागत क्षमता बढाउने । | सरकारी कार्यालयलाई आधुनिक प्रविधिमैत्री र सेवाग्राहीमैत्री कार्यस्थलको रुपमा स्थापित गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | |
| | | लैङ्गिक समानता तथा समावेशीकरण प्रभावकारिता अभिबृद्धिको लागि निजी तथा गैससँग सहकार्य गरी विस्तृत कार्यक्रमको रुपरेखा तय गरिनेछ । | | | |
| | | सार्वजनिक प्रशासनलाई चुस्त, दुरुस्त र मितव्ययी बनाउन विद्युतीय सुशासन (E-Governance) अवलम्बन गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | |

| उद्देश्य | रणनीति | कार्यनीति | समयसीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| | रणनीति ३: सेवा प्रवाहलाई जनमुखी र सेवामूलक बनाउन सामाजिक उत्तरदायित्वका औजारहरुको निर्माण गरी कार्यान्वयनमा लैजाने | जवाफदेही, नागरिकमैत्री र जनउत्तरदायी सेवा प्रवाह गर्न संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M Survey) गरी विद्यमान संगठन संरचनामा परिमार्जन गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | |
| | | सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण, सामाजिक परीक्षण, गुनासो व्यवस्थापन, क्षतिपूर्ति सम्बन्धमा आवश्यक कार्यक्रमहरु तयार गरी संस्थागत गरिनेछ । | | | |
| | | नगरपालिका कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका कार्यहरु जस्तै तालिम, सिकाई तथा अनुभव आदानप्रदान, अभिमुखीकरण आदि नियमित रुपमा सञ्चालन गरिनेछ । | हरेक आ.व. | पो.म.पा. | |
| उद्देश्य २. सार्वजनिक वित्तीय व्यबस्थापन प्रणालीलाई सुदृढ, पारदर्शी र अनुमानयोग्य बनाई प्रभावकारी तुल्याउने | रणनीति १: सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्ने । | खरिद प्रक्रियामा पारदर्शिता कायम राख्न e-tendering प्रणाली, परामर्शदाताको database आदिको विकास गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | |
| | | वित्तीय व्यवस्थापनका सबै क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | |
| | रणनीति २: आन्तरिक नियन्त्रण र लेखापरिक्षणलाई विश्वसनीय तथा प्रभावकारी बनाउने । | आम्दानी खर्चको सार्वजनिक लेखापरिक्षण गरिनेछ । | हरेक आ.व. | पो.म.पा. | |
| | | आर्थिक प्रशासन सम्बन्धी सफ्टवेयर जडान तथा प्रयोगबारे तालिम दिइनेछ । (वडा, नगरपालिका लगायत अन्य विषयगत शाखा तथा सरकारी कार्यालयहरूमा) | हरेक आ.व. | पो.म.पा. | |
| उद्देश्य ३. कार्यसम्पादनमा आधारित वैज्ञानिक | रणनीति १: कार्यविवरण, कार्यभार र जिम्मेवारीको | कार्य प्रभावकारिताका लागि कर्मचारीलाई सक्षम र प्रतिस्पर्धी बनाउन क्षमता अभिवृद्धिका लागि अध्ययन भ्रमण तथा तालिम लगायतका उत्प्रेरणाका कार्यक्रम संचालन गरिनेछ । | हरेक आ.व. | पो.म.पा. | |

| उद्देश्य | रणनीति | कार्यनीति | समयसीमा | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | मुख्य | सहायक |
| मुल्यांकन मार्फत कर्मचारीलाई कामप्रति उत्तरदायी बनाउने | आधारमा कर्मचारीलाई उचित सुविधा प्रदान गर्ने । | कर्मचारीहरुको कार्यविवरण तयार गरी सम्पूर्ण कर्मचारीहरुलाई उपलब्ध गराई सोको आधारमा कर्मचारीहरुको मूल्यांकन गरिने छ । | हरेक आ.व. | पो.म.पा. | |
| | रणनीति २: कार्यसम्पादन मुल्याङ्कनका आधारमा कर्मचारीलाई पुरस्कार र दण्ड व्यवस्था गर्ने । | प्रभावकारी कार्य सम्पादन र सेवा प्रदानको लागि कर्मचारी सेवा विनियमावलीमा आवश्यक संशोधन गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | |
| | | कर्मचारीहरुलाई कार्यसम्पादनमा प्रोत्साहित गर्न कार्यसम्पादन मूल्यांकनको आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ । | हरेक आ.व. | पो.म.पा. | |
| | रणनीति ३: उत्तरदायी, क्षमतावान र प्रविधिमैत्री कर्मचारी संयन्त्रको गर्नुका साथै कर्मचारीहरुमा सदाचारिता, इमानदारीता र नैतिकताको विकास गर्ने । | कर्मचारीतन्त्रलाई कार्यसम्पादनमा सक्षम, उत्प्रेरित र जवाफदेही बनाउन आवश्यक नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था गरिनेछ । | आषाढ २०७८ | पो.म.पा. | |
| | | नीति तथा कानून निर्माण प्रक्रियामा सरोकारवालाहरुको व्यापक सहभागिता सुनिश्चित गर्दै कानूनको कार्यान्वयन एवम् पालनामा नागरिकहरुको सहयोगात्मक सहभागिता जुटाउन सम्बद्ध पक्षहरूको सहकार्यमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । | हरेक आ.व. | पो.म.पा. | |
| | | कर्मचारीहरूलाई आ-आफ्नो व्यावसायिक निष्ठासहित सादा जीवन र सहयोगी व्यवहारसहित सेवा प्रवाहका निम्ति प्रेरित गर्न आवश्यक उत्प्रेरक (incentives) तथा दण्ड-सजाय (disincentives) गरिनेछ । | हरेक आ.व. | पो.म.पा. | |

# ५. प्रस्तावित आर्थिक उत्थानशीलता कार्यक्रम/आयोजनाहरु

पोखरा महानगरपालिकाको दीगो र सन्तुलित विकासका लागि सार्वजनिक निजी साझेदारी कार्यक्रमहरु सञ्चालन गरिनु पर्दछ। दीर्घकालीन महत्व राख्ने योजनाहरु सरकारको लगानीले मात्र सम्भव नहुने, सञ्चालन र व्यवस्थापकीय पक्षमा समेत निजी क्षेत्रको सहभागिताले प्रभावकारिता हुने व्यवहारले पुष्टि गरेको र सरकारको नीति मै साझेदारीलाई प्राथमिकता दिने व्यवस्था भएकोले उल्लेखित दीर्घकालीन योजनाहरू सञ्चालनको लागि नगरपालिकाले कानूनी, व्यवस्थापकीय पक्षमा ध्यान दिन थाल्नु जरुरी छ। दीर्घकालीन योजनाहरुको सञ्चालनको लागि सम्बन्धित पक्षहरुसँग छलफल, बहस, वकालत र पैरवीको थालनी र आवश्यक लगानीको तयारी गर्नुपर्दछ । यस सन्दर्भमा महानगरपालिकाको आर्थिक उत्थानशीलताका लागि प्रस्तावित कार्यक्रम/ आयोजनाहरू यस प्रकार रहेका छन् :

## सडक तथा यातायात

- पृथ्वीचोक अन्डर र ओभर पास
- पोखरा उपत्यका बृहत चक्रपथ
- सात ताल कनेक्टिभिटि पैदल मार्ग
- लेखनाथमा साइकल लेन
- दोभिल्ला सुरौंदी टनेल
- सेती नदीमा पैदल मार्ग
- कोत्रे-बागमारा-दोबिल्ला-बिरौटा सडक
- विजयपुर बीपी मार्ग, मियापाटन, गैडाको मुख, नारायणथान बागलुङ्ग राजमार्ग
- गगनगौडा रिठेपानी दहरेसाघु सडक
- बहु सुविधायुक्त क्षेत्रीय बस पार्क
- फिक्रे खोला करिडोर विकास परियोजना
- छोरेपाटन देखि शान्ति स्तुपा हुँदै पुम्दीकोट भ्यू टावर सम्म केबल कार निर्माण
- तातोपानी-माछापुच्छ्रे गाँउपालिका-अन्नपूर्ण गाँउपालिका पैदल मार्ग
- बेगनास ताल देखि फेवा तालसम्म साइकल पथ
- महेन्द्र गुफा देखि गुप्तेश्वर गुफासम्म साइकल पथ
- सेती नदी करिडोर विकास परियोजना

## फोहोरमैला व्यवस्थापन

- सुरौंदीमा ल्याण्डफिल साइट
- मूल शहरी क्षेत्रमा फोहोरमैला स्थानान्तरण केन्द्र

## भवन निर्माण तथा अन्य परियोजना

- महानगर स्तरीय शहीद स्मृति पार्क
- बहु उपयोगी नगर सभा हल
- गुप्तेश्वर गुफा र डेविड फलमा पूर्वाधार विकास
- हेम्जामा कृषि उपज वितरण र भण्डारणको लागि बहु उपयोगी शीत भण्डार
- शहर क्षेत्रमा व्यावसायिक तथा कृषि भवन
- कृषि, वन, IT, पर्यटन सम्बन्धि निजी कलेज

- पश्चिम क्षेत्रीय अस्पतालको उचित व्यवस्थापन
- मेडिकल कलेज
- सुविधायुक्त मातृत्व अस्पताल
- IT मा आधारित स्मार्ट सेफगार्ड क्षेत्र निर्माण
- क्षेत्रीय तहको सांस्कृतिक संग्रहालय
- बाराही, विन्द्‍यबासिनी, भद्रकाली, आक्ला आदि धार्मिक स्थलको एकीकृत विकास गुरुयोजना
- पोखरा र लेखनाथको विभिन्न क्षेत्रमा सुविधायुक्त रंगशाला र व्यायामशाला
- पोखरा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र
- महिला, बालबालिका, अपाङ्ग तथा अशक्तको लागि प्रशिक्षण केन्द्र
- कृषि भण्डारण तथा पशु बधशाला
- ठूलाकोट पर्यटन गन्तव्य परियोजना
- फरेस्ट्री कलेज
- बाल उद्यान
- खस्ते निउरेनी ताल संरक्षण
- दिपाङ्ग ताल संरक्षण

# ६. निष्कर्ष तथा सुझाव

यो आवधिक रणनीतिक कार्ययोजनाको कार्यान्वयनका लागि विद्यमान संस्थागत व्यवस्थामा आवश्यकता अनुसार सुधार र अद्यावधिकीकरण गर्दै जानुपर्ने देखिएको छ । वि.सं. २०७२ मा नयाँ संविधानको घोषणासँगै देशमा संघीय शासनव्यवस्थाको सूत्रपात भएपछि संविधान तथा विभिन्न ऐन कानून (मूलतः स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, कर्मचारी समायोजन ऐन, २०७४ का साथै तर्जुमामा रहेको अन्तर सरकारी सम्बन्ध व्यवस्थापन सम्बन्धी विधेयक आदि) ले निर्धारण गरेको पोखरा महानगरपालिकाको जिम्मेवारी, कार्य र उत्तरदायित्व कुशलतापूर्वक सम्पादन र आवधिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि महानगरपालिकाको संगठनात्मक स्वरुप र कार्यशैलीमा समयानुकुल सुधार गर्नु अति जरुरी देखिन्छ । यसका लागि निर्दिष्ट जिम्मेवारी र वर्तमान दक्षता एवं कार्यबोझको अध्ययन गरी त्यसका आधारमा सुधार प्रक्रिया अघि बढाउनुपर्ने देखिन्छ ।

पोखरा महानगरपालिकालाई पस्तुत भिजन २१०० तथा रणनीतिक कार्ययोजनाले संघीय तथा प्रादेशिक नीतिगत दस्तावेजहरुले निर्दिष्ट गरेको बुँदाहरुका अधीनमा रहेर आफ्नो वार्षिक नीति, कार्यक्रम तथा बजेट तयार गर्न सहजता प्रदान गर्नेमा विश्वास लिन सकिन्छ । महानगरस्तरीय विभिन्न क्षेत्रगत परिसूचकहरुको अभावमा हाललाई प्रमाणित तथ्य र तथ्यांकमा आधारित (evidence based) लक्ष्य निर्धारण गर्न सकिएको छैन । आगामी बर्षमा घरधुरी, व्यवसाय आदिको आधारभूत तथ्यांक संकलन गर्न सकिए उपलब्ध परिसूचकहरुको आधारमा आगामी २० बर्षको तथ्यगत लक्ष्य निर्धारण गर्न सकिनेछ ।

पोखरा महानगरपालिकाले हालै शहरी योजना आयोगे गठन गरी केही विषयविज्ञहरुलाई मनोनयन गरिसकेको सन्दर्भमा यस सुदृढ (NURP) परियोजना तथा आयोगले संयुक्त रुपमा यस भिजन २१०० तथा रणनैतिक योजनालाई थप सुदृढीकरण तथा विस्तारिकरण गरी आवधिक योजनाको निर्माण गर्नु वाञ्छनीय देखिन्छ ।

# अनुसूची १

## पोखरा २०४० दीर्घकालीन सोच तथा समावेशी स्थानीय आर्थिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठीको प्रतिवेदन

| **पहिलो दिनको टिपोट** | |
|---|---|
| **सहभागी** | सहभागी सूची (अनुसूची – २) |
| **सुदृढ परियोजना टोली सदस्य** | डा. जिम अर्थर, श्री कृष्ण ज्ञवाली, श्री सरोज बस्नेत, श्री अजय चन्द्र लाल, श्री हिसिला मानन्धर, श्री अनिल चित्रकार (सहजकर्ता), सुदृढ नगरपालिका टोली (श्री होम नाथ गैरे, श्री जानुका थापा, श्री सुस्मिता कार्की) |
| **मिति**<br>**स्थान** | फागुन १२, २०७६, ८:०० - १६:००<br>होटल माउन्ट कैलाश, लेकसाइड, पोखरा |

## कार्यक्रम :

## औपचारिक उद्घाटन समारोह

यस कार्यक्रमको औपचारिक उद्घाटन समारोह पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री बद्रीनाथ अधिकारीले गर्नु भयो । पोखरा महानगरपालिकाका उप प्रमुख श्री मञ्जुदेवी गुरुङले स्वागत मन्तव्य प्रस्तुत गर्दै सबै सहभागीहरूलाई सक्रिय सहभागिताका लागि अनुरोध गर्नुभयो । गण्डकी प्रदेशका मुख्य मन्त्री श्री पृथ्वी सुब्बा गुरुङले आफ्नो स्वागत मन्तव्य राख्नुभयो । उहाँले पोखरा महानगरपालिकाको दीर्घकालीन सोच तर्जुमा गर्दा राष्ट्रिय तहको १५औं पञ्च वर्षे योजना, दीगो विकासका लक्ष्य र प्रदेश तहको पञ्च वर्षे योजनासँग पीक्तवद्ध हुनुपर्ने कुरामा जोड दिनुभयो । पोखराले प्रदेश स्तरको कूल ग्राहस्थ्य उत्पादनमा कसरी योगदान पुऱ्याउन सक्छ भन्ने बारे विचार गर्नुपर्ने कुरा व्यक्त गर्नु भयो ।

सुदृढ परियोजनाको परिचय तथा यस कार्यक्रमका उद्देश्यका बारेमा श्री कृष्ण ज्ञवालीले छोटो प्रस्तुतीकरण दिनु भयो । त्यसै गरी श्री सरोज बस्नेतले पोखरा महानगरपालिकाको दीर्घकालीन सोचको बारेमा गरिएको अध्ययन तथा विज्ञहरुसँग लिइएको अन्तर्वार्ताबाट आएका मुख्य बुँदाहरूबारे प्रस्तुतीकरण गर्नु भयो ।



फोटो १ उप प्रमुख श्री मञ्जुदेवी गुरुङ आफ्नो स्वागत मन्तव्य राख्दै



फोटो २ श्री सरोज बस्नेत प्रस्तुतीकरण दिँदै

यसपछि क्रमबद्ध रुपमा तल उल्लेखित प्रस्तोताहरूले पोखरा महानगरपालिकाको दीर्घकालीन सोच तथा रणनीति सम्बन्धी प्रस्तुतकिरण गर्नु भयो । उहाँहरूले प्रस्तुत गर्नु भएका प्रमुख बुँदाहरू पनि तल उल्लेख गरिएको छ ।

१. **डा. राम चन्द्र लामिछाने, उपाध्यक्ष, शहरी योजना आयोग, पोखरा महानगरपालिका**

- पोखराको अद्वितीय विक्रय उत्पादन पर्यटन हो ।
- भविष्यमा सूचना प्रविधी र शिक्षामा ध्यान दिनु पर्ने
- सार्वजनिक निकायहरू प्रभावकारी र उत्तरदायी हुनु पर्ने

- दैनिक उपभोग्य सामग्रीमा आत्म निर्भर हुनु पर्ने

**२. डा. खिम लाल देवकोटा, सदस्य, अन्तर सरकारी वित्तीय परिषद्**

- दीर्घकालीन सोचलाई वि.सं. २१०० सम्म गरे राष्ट्रिय तथा प्रादेशिक तहसँग मेल खाने
- जनसंख्यालाई टिकाउन पोखरामा टिकाउन सक्ने वातावरण बनाउनु पर्ने

**३. श्री बिना सिलवाल, अध्यक्ष, NGO संघ**

- "वातावरण मैत्री भौतिक पूर्वाधारले सुसम्पन्न भेदभाव रहित पोखरा"
- संविधानमा भएका नागरीकका हक अभ्यासमा पूरा नभएको, तसर्थ हकको सुनिश्चतताको आवश्यकता
- समानुपातिक सहभागिता र निर्णयात्मक भूमिकामा महिलाको सहभागिता सुनिश्चित हुनु पर्ने
- न्यून कार्बन उत्पादन गर्ने शहर हुनु पर्ने

**४. श्री दिपेन्द्र बहादुर क्षेत्री, पूर्व उपाध्यक्ष (राष्ट्रिय योजना आयोग) र गभर्नर (NRB)**

- पोखरा महानगरपालिका यसका छिमेकी नगरपालिकाका लागि प्रवेश र प्रस्थान विन्दु रहेको
- लेखनाथ क्षेत्र यसको बस्ती विस्तार हुन सक्ने क्षेत्र
- जनतालाई सेवा समय सम्मानित रुपमा दिन सक्नु पर्ने, बहु अनुशासनात्मक ढंगमा योजना बनाउनु पर्ने

**५. श्री आनन्द राज मुल्मी, पूर्व अध्यक्ष, FNCCI**

- मुख्य उद्देश्य - बस्न लायकको शहर बनाउनु पर्ने
- हाल ५/ ६ लाख जनसंख्या भउको, २० वर्षमा १८/२० लाख पुग्न सक्ने
- सबै खालको व्यवसाय हुन असम्भव, तसर्थ कस्तो व्यवसाय सफल हुन्छ भनेर छनौट गर्नुपर्ने, हरित र प्रदुषण मुक्त व्यवसाय हुनु पर्ने
- पूर्व पश्चिम राजमार्ग, नवलपुर जोड्ने सुरुङ मार्ग, कोराला देखि सुनौलीसम्मको अयललभअतष्खष्तथ र अन्तर्राष्ट्रिय व्यापार हुनु पर्ने
- कूटनीतिक दृष्टिकोणमा काठमाडौं पछिको शहर पोखरा हुने
- भू-उपयोग योजनाको आवश्यकता, व्यवस्थित बस्तीको परिकल्पना गर्नु पर्ने, नदी व्यवस्थापनमा ध्यान पुऱ्याउनु पर्ने
- व्यवसायको अवसर सिर्जना गर्नु पर्ने, नगरपालिकाले लगानीमैत्री नीति, व्यवस्थापन गर्नु पर्ने
- संघीय बजेटमा मात्र निर्भर भएर नहुने
- पोखरालाई Inter business city को रुपमा विकास गर्नु पर्ने र बाह्य लगानीकर्ताहरूलाई टिकाउने व्यवसाय नीति मोडल बनाउनु पर्ने

**६. डा. देवेन्द्र बहादुर लामिछाने, प्रोफेसर, भूगोल विज्ञान**

- जलवायु अनुकुलन तथा विपद् जोखिम अल्पीकरण समेटिएको योजना तर्जुमा गर्नु पर्ने
- भित्रमा भूभाग भित्री चक्रपथले जोडिनु पर्ने र बाहिरका नगरपालिकाहरूसँग बाहिरी चक्रपथबाट जोडिनु पर्ने

- जलाधार क्षेत्रको व्यवस्थापन हुनु पर्ने र पर्यावरण मैत्री विकास हुनु पर्ने
- भौगोलिक अवस्था अनुसारको विकास हुनु पर्ने (कमजोर भू धरातलमा सुरक्षित र उचित संरचना निर्माण गर्नु पर्ने)
- खुला क्षेत्र संरक्षण गरी vertical city development को अवधारणा ल्याउनु पर्ने




फोटो ३ डा. रामचन्द्र लामिछानेको प्रस्तुती



फोटो ४ श्री बिना सिलवालको प्रस्तुती

**कार्यक्रममा आएका केही सल्लाह सुझावहरू :**

- हरित, समावेशी, सफा शहर - अन्तर्राष्ट्रिय एजेन्डासँग मेल हुनु पर्ने
- हाल अव्यवस्थित बस्ती र संरचनाहरू देखिएको
- carbon neutral शहर हुनु पर्ने
- green economy, blue economy र brown economy मा ध्यान दिनु पर्ने
- लेखनाथमा जग्गा एकीकरण आयोजना गर्न सकिने
- स्वास्थ्यकर खाना र राम्रो व्यवहार अपनाउनु पर्ने
- व्यवसायमा value chain मा ध्यान दिनु पर्ने
- सरल, सहज, सुविधा सम्पन्न शहर हुनु पर्ने
- जनसंख्या वृद्धि सँग आर्थिक गतिविधिको पनि वृद्धि हुन्छ
- सुशासन : पारदर्शी नीति र digitized सेवा
- Colourful, joyful संस्कृति भएको
- भविष्यमा robotics र AI को भूमिका ठूलो रहने
- पोखराको वास्तुकलामा मौलिकता हराउँदै गएको
- व्यावहारिक शिक्षाको आवश्यकता
- सामाजिक अवस्थाको पनि विश्लेषण हुनु पर्ने, विभेद हटाउने नीति तयार गर्नु पर्ने


फोटो ५ सहभागीबाट सुझाव


फोटो ६ सहभागीबाट सुझाव

**प्यानेल छलफल :**

१. **डा. राम चन्द्र लामिछाने, उपाध्यक्ष, शहरी योजना आयोग, पोखरा महानगरपालिका**
- पोखराको पहिचानसहकार्य र सद्भाव हुनु , यसलाई कायम राख्नु पर्ने
- उद्योगहरू zero carbon बनाउनु पर्ने
- खेती योग्य जमीनको उत्पादकत्व बढाउनु पर्ने

२. **श्री बिना सिलवाल, अध्यक्ष, NGO संघ**
- सामाजिक भेदभाव हटाउनका लागि राजनैतिक प्रतिबद्धता हुनु पर्ने
- कति जना पर्यटक आए भन्दा पनि कति खर्च गरे भन्नेको अध्ययन हुनु पर्ने
- सुरक्षात्मक (protective) भन्दा प्रगतिशील (progressive) संस्कृति तिर जानु पर्ने

३. **श्री दिपेन्द्र बहादुर क्षेत्री, पूर्व उपाध्यक्ष (राष्ट्रिय योजना आयोग) र गभर्नर (NRB)**
- जनशक्ति निर्माणमा ध्यान दिनु पर्ने

४. **श्री आनन्द राज मुल्मी, पूर्व अध्यक्ष, FNCCI**
- संस्थागत संरचनामा सुधार ल्याउनु पर्ने र निर्माण कार्यमा authority बनाउनु पर्ने
- वित्तीय व्यवस्थापन सबल बनाउनु पर्ने, वार्षिक कार्यक्रम २० वर्षे योजना अनुसार तयार गर्नु पर्ने

५. **डा. देवेन्द्र बहादुर लामिछाने, प्रोफेसर, भूगोल विज्ञान**
- मानव संशाधन र प्राकृतिक श्रोतको सदुपयोग गर्नु पर्ने
- Brown to green economy अवधारणा
- क्षेत्रगत व्याख्या (spatial distirubtion) मा ध्यान दिनु पर्ने



फोटो ७ प्यानेल छलफल



फोटो ८ नगर प्रमुख श्री मान बहादुर जिसि आफ्नो मन्तव्य राख्दै

**छलफलपछि आएका राय सुझावहरू :**

- व्यवस्थित बधशाला र स्यानिटरि ल्याण्डफिल साइटको आवश्यकता रहेको
- मौलिकता झल्कने चौतारीको शहर, लेखनाथमा बस पार्क, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, फेवाताल वरिपरि संरक्षित सिमसार क्षेत्र आदि
- भवन निर्माण मापदण्ड कागजमा मात्र कायम भएको समस्या, जग्गा एकीकरण व्यवस्थित ढंगमा गर्नु पर्ने
- गण्डकी प्रदेशले पञ्च वर्षे योजना तयार गरिसकेको, पोखराको दीर्घकालीन सोच तर्जुमा पनि २५ वर्षे गर्न सकिने, अल्पकालीन, मध्यकालीन र दीर्घकालीन गरी योजना बनाइनु पर्ने
- प्रदेश योजना आयोगको अनुसारका प्राथमिकतामा परेका क्षेत्र पोखराको लागि पनि मिल्ने : (१) शहर, बस्ती, आवास, भवन विकास, (२) पर्यटन, (३) पूर्वाधार, (४) मानव संशाधन, (५) वातावरण संरक्षण, (६) कृषि, (७) अन्तर स्थानीय तह प्रदेश स्तरको व्यापार
- प्रदेशको योजनामा विकास अक्ष (growth axis) हरू र दीगो विकासका सूचकहरू परिभाषित गरिएको छ
- विपद् (भूकम्प) बाट भय रहित शहर, कूल ग्राहस्थ्य आय वृद्धि भएर वैदेशिक रोजगारीमा जानु नपर्ने, हरेक घरमा गाडी भए पनि सडकमा ट्राफिक जाम नहुने, राम्रो शिक्षा र livability तथा व्यवसाय भएको शहरको परिकल्पना

यस कार्यक्रमको अन्तिममा पोखरा महानगरपालिकाका उप प्रमुख श्री मञ्जुदेवी गुरुङले सबैलाई धन्यवाद दिँदै आफ्नो मन्तव्य व्यक्त गर्नु भयो । त्यसै गरी यस कार्यक्रमको औपचारिक समापनका लागि नगर प्रमुख श्री मान बहादुर जिसिले पोखरा महानगरपालिका शहर र गाँउको बीचको विशेषता रहेको नगर भएको र यसलाई भविष्यमा सुरक्षित बनाउनु पर्ने कुरा व्यक्त गर्दै आफ्नो मन्तव्य राख्नु भयो ।

| दोस्रो दिनको टिपोट | |
|---|---|
| **सहभागी** | सहभागी सूची (अनुसूची – २) |
| **सुदृढ परियोजना टोली सदस्य** | डा. जिम अर्थर, श्री कृष्ण ज्ञवाली, श्री अरुण राणा, श्री सरोज बस्नेत, श्री अजय चन्द्र लाल, श्री हिसिला मानन्धर, श्री अनिल चित्रकार (सहजकर्ता), सुदृढ नगरपालिका टोली (श्री होम नाथ गैरे, श्री जानुका थापा, श्री सुस्मिता कार्की) |
| **मिति**<br>**स्थान** | फागुन १३, २०७६, ८:०० - १६:००<br>होटल माउन्ट कैलाश, लेकसाइड, पोखरा |

## कार्यक्रम :

यस दोस्रो दिनको शुरुवात कार्यक्रमको पहिलो दिनको पुर्नकथन बाट गरियो । श्री सरोज बस्नेतले पहिलो दिनको प्रस्तुतीकरण तथा छलफलबाट आएका मुख्य बुँदा तथा कुञ्जी शब्दहरू (key words) को बारे प्रस्तुतीकरण गर्नु भयो । यस अनुसार पोखरा महानगरपालिकाको भिजन २०४० को रुपमा "सुन्दर, सुरक्षित र सम्मुनत पोखरा" भनेर प्रस्ताव गरियो । श्री सरोज बस्नेतले यस दोस्रो दिनको उद्देश्य तथा सहभागीहरूमाझ गरिने अभ्यासको बारेमा स्पष्ट पार्नुभयो ।

श्री कृष्ण ज्ञवालीले समावेशिता, समानुपातिकता, नवप्रवर्तन र सुशासन छुटाउनै नहुने भन्ने कुरामा जोड दिनु भयो । त्यसै गरी स्थानीय सरकारले प्रदेश र संघीय सरकारसँग समनिकटतामा रही सम्बन्ध कायम राख्नु पर्ने कुरा पनि उहाँले व्यक्त गर्नु भयो । उहाँले कुनै पनि कार्य कार्यान्वयन गर्नको लागि आधिकारिक संस्था (स्थानीय, प्रदेश र संघीय सरकार) बाहेक निजी क्षेत्र र व्यवसायी समुदायलाई पनि संलग्न गराउनु पर्ने कुरा व्यक्त गर्नु भयो । अनुपालन (Compliance), सहयोग (Cooperation) र सहकार्य (Collaboration) को साथै समुदाय (Community) लाई पनि प्राथमिकता दिनु पर्ने कुरामा उहाँले जोड दिनु भयो ।


फोटो ९ श्री सरोज बस्नेत प्रस्तुतीकरण गर्दै


फोटो १० श्री कृष्ण ज्ञवाली आफ्नो मन्तव्य राख्दै

यस पश्चात सहभागीहरूबाट केही राय सुझावहरू राखियो ।

- पोखराको unique selling point लाई यस वाक्यांशले समावेश गर्छ कि गर्दैन ? ताल, हिमाल र संस्कृति र साथै शिक्षा र प्रविधिको हब भनेर पनि झल्काउन आवश्यक छ ।
- दीर्घकालीन सोचको प्रस्ताव : "नीला तालहरू हरियो शहर, सम्मुनत नागरीक"
- पहिलाको नारा : "हाम्रो अभिभारा, स्वच्छ सुन्दर पोखरा"

- पोखरा महानगरपालिकाको भूगोल ठूलो छ र यसले धेरै जनसंख्या धान्न सक्छ, तसर्थ यसलाई हाँक्न सक्ने क्षमता पनि चाहिन्छ । अबको पीढीलाई नैतिक शिक्षा र राष्ट्रियताको बारे शिक्षा प्रदान गरी सुसंस्कृत जनताको विकास गर्नु पर्ने छ ।
- विकास कार्यको लागि छुट्टै प्रशासन खडा गर्नु पर्ने
- नगर प्रमुख बाट व्यक्त भएको : "Cave to cave, lake to lake"

सल्लाह सुझाव संकलन पछि समूहमा अभ्यास गर्नको लागि तल उल्लेखित समूहमा सहभागीहरूलाई विभाजन गरियो ।

**१. शहरी विकास भिजन**

१.१. पूर्वाधार र शहरी व्यवस्थापन

१.२. सामाजिक विकास (शिक्षा, स्वास्थ्य, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति)

१.३. वातावरण, विपद् व्यवस्थापन र जलवायु अनुकूलन

१.४. सुशासन र संस्थागत विकास

**२. समावेशी आर्थिक विकास**

हरेक समूहले आफ्नो विषयगत क्षेत्रमा तल उल्लेखित प्रश्नहरूको आधारमा छलफल गरी निष्कर्षहरू निकाल्नु भयो ।

- समूह कार्य १ - समय ६० मिनेट : यस समूहको मुख्य लक्ष्य, उद्देश्य तथा रणनीति के हुनुपर्ला ?
- समूह कार्य २ - समय ४५ मिनेट : हालको अवस्थाको विश्लेषण तथा भोग्नु परेको मुख्य समस्या वा वाधक
- समूह कार्य ३ - समय ४५ मिनेट : उपरोक्त समस्याहरु समाधान गरी देखिने रुपान्तरण (Transformative Change) गर्न के के मुख्य कार्यहरु गर्नुपर्ला ?
- समूह कार्य ३ - समय ३० मिनेट : प्रस्तावित कार्यहरु समावेशी, उत्थानशील तथा दीगो बनाउन के गर्नु पर्ला ?



फोटो ११ समूह कार्य गर्दै सहभागीहरू



फोटो १२ समूह कार्य गर्दै सहभागीहरू

समूहमा कार्य गरेपछि हरेक समूहबाट एक वा दुई जना सहभागीले आफ्नो समूहमा छलफलबाट आएको निष्कर्षलाई प्रस्तुत गर्नु भयो । सो प्रस्तुतीको प्रतिलेख अनुसूचीमा पेश गरिने छ ।



फोटो १३ वातावरण, विपद् व्यवस्थापन र जलवायु अनुकूलन विषयको समूहबाट प्रस्तुती



फोटो १४ पूर्वाधार र शहरी व्यवस्थापन विषयको समूहबाट प्रस्तुती



फोटो १५ सामाजिक विकास विषयको समूहबाट प्रस्तुती



फोटो १६ सामाजिक विकास विषयको समूहबाट प्रस्तुती



फोटो १७ समावेशी आर्थिक विकास अन्तर्गत उद्योग व्यवस्थापन प्रर्वद्धन विषयको समूहबाट प्रस्तुती



फोटो १८ समावेशी आर्थिक विकास अन्तर्गत व्यवसाय तथा विविध संस्था विषयको समूहबाट प्रस्तुती



फोटो १९ समावेशी आर्थिक विकास अन्तर्गत पर्यटन विषयको समूहबाट प्रस्तुती




फोटो २० सुशासन तथा संस्थागत विकास विषयको समूहबाट प्रस्तुती

यस दुईदिने कार्यक्रमको औपचारिक समापनको लागि नगर प्रमुख श्री मान बहादुर जिसिले आफ्नो मन्तव्य राख्नु भयो । उहाँले भविष्यमा कार्बन न्यूनीकरण गर्नको लागि विद्युतीय गाडी तथा इन्धनको रुपमा बिजुलीको प्रयोग गर्नु पर्ने कुरा व्यक्त गर्नु भयो । त्यसै गरी नगरपालिकाको भूगोल अनुसारको संरचना र पूर्वाधार निर्माण गर्नुपर्ने कुरा पनि व्यक्त गर्नु भयो । आमा बुबाको उमेर पाको भएपछि छोडिदिने प्रवृत्ति हुँदा राज्यले ज्येष्ठ नागरीक केन्द्र सञ्चालन गरी सो सञ्चालनको लागि युवाहरूसँगै पैसा उठाउने कार्य गर्नु पर्ने कुरामा उहाँले जोड दिनु भयो । साथै सबैको पहुँच पुगिने स्तरीय अस्पताल, भूमि बैंक, बजार व्यवस्थापन, उत्पादनको सहन उपलब्धता र लगानी मैत्री वातावरण बनाउनु पर्ने कुरा व्यक्त गर्दै उहाँले सबै सहभागीलाई सधन्यवादका साथ यस २ दिने कार्यक्रमको समापन भएको घोषणा गर्नु भयो ।

# अनुसूची २

## पोखरा २०४० दीर्घकालीन सोच तथा समावेशी स्थानीय आर्थिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठीको सहभागिहरु

## अनुसूची २

पोखरा २०४० दीर्घकालीन सोच तथा समावेशी स्थानीय आर्थिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठीका सहभागिहरु

मिति सोमबार, २०७६ फागुन १२ गते

स्थान होटेल माउण्ट कैलाश, पोखरा

| क सं. | नाम | संस्था | पद | लिङ्ग | वडा |
|---|---|---|---|---|---|
| १ | राम बहादुर पौडेल | नागरिक समाज पोखरा | संस्थापक संयोजक | पुरुष | ७ |
| २ | बिना सिलवाल | कोपिला नेपाल | कार्यकारी निर्देशक | महिला | ६ |
| ३ | प्रा.डा. भरत राज पहारी | ई.अं.सं, त्रि. वि. | प्राध्यापक | पुरुष | ६ |
| ४ | विवेक पौडेल | नागरिक | व्यवसाय | पुरुष | ५ |
| ५ | डा. अमर नागिला | पोखरा विश्वविद्यालय | प्राध्यापक | पुरुष | ४ |
| ६ | दर्शन लामा | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | १३ |
| ७ | हेमन्त शर्मा पौडेल | पोखरा महानगरपालिका | | पुरुष | |
| ८ | मनहर कडरिया | पोखरा महानगरपालिका | वरिष्ठ कृषि अधिकृत | पुरुष | |
| ९ | तेज नारायण अधिकारी | सहकारी समिति | अध्यक्ष | पुरुष | ७ |
| १० | खगराज आचार्य | परिवार | अध्यक्ष | पुरुष | २१ |
| ११ | सिम बहादुर गुरुङ्ग | परिवार | अध्यक्ष | पुरुष | २० |
| १२ | राम बहादुर कार्की | परिवार | अध्यक्ष | पुरुष | १२ |
| १३ | गणेश पाण्डे | पोखरा महानगरपालिका | अधिकृत सातौं | पुरुष | ५ |
| १४ | रामचन्द्र बराल | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | ७ |
| १५ | फुलदेव तिम्सिना | पोखरा महानगरपालिका | जनस्वास्थ्य कार्यकर्ता | पुरुष | २५ |
| १६ | अशोक द्वारे | पोखरा महानगरपालिका | सूचना प्रविधि अधिकृत | पुरुष | १७ |
| १७ | शारदा मोहन काफ्ले | पोखरा महानगरपालिका | वरिष्ठ इन्जिनीयर | पुरुष | ८ |
| १८ | उमाराज वास्तोला | पोखरा महानगरपालिका | | पुरुष | १९ |
| १९ | पुण्य प्रसाद पौडेल | | संयोजक | पुरुष | ६ |
| २० | याम बहादुर कुँवर | सशस्त्र प्रहरी | स.प्र.अ. | पुरुष | ५ |
| २१ | किसान सुनार | पोखरा चेम्बर अफ कमर्स | अध्यक्ष | पुरुष | |
| २२ | सुसान्त गाहामगर | एबीसी टीभी | रिपोर्टर | पुरुष | १ |
| २३ | प्रतिक्षा वास्तोला | ताण्डव न्यूज | रिपोर्टर | महिला | १३ |
| २४ | लता जोशी | ताण्डव न्यूज | रिपोर्टर | महिला | १५ |
| २५ | लक्ष्मी प्रसाद गौतम | पोखरा महानगरपालिका | इञ्जिनीयर | पुरुष | |
| २६ | दीपा पौडेल | गण्डकी टी.भी. | रिपोर्टर | महिला | ८ |
| २७ | एकराज गिरी | पोखरापत्र | कार्यकारी सम्पादक | पुरुष | २० |
| २८ | पुष्प पौडेल | पोखरापत्र | सम्पादक | पुरुष | ५ |
| २९ | दीपेन्द्र क्षेत्री | राष्टिय योजना आयोग | पूर्व उपाध्यक्ष | पुरुष | १७ |
| ३० | ज्ञान बहादुर क्षेत्री | पोखरा महानगरपालिका | वडा सदस्य | पुरुष | २३ |

**अनुसूची २**

पोखरा २०४० दीर्घकालीन सोच तथा समावेशी स्थानीय आर्थिक विकास
योजना तर्जुमा कार्यशाला गोष्ठीका सहभागिहरु

| क सं. | नाम | संस्था | पद | लिङ्ग | वडा |
|---|---|---|---|---|---|
| ३१ | गोविन्द सुवेदी | नयाँ पत्रिका | रिपोर्टर | पुरुष | |
| ३२ | प्रेम बहादुर कार्की | पोखरा महानगरपालिका | अध्यक्ष | पुरुष | १४ |
| ३३ | गुप्त बहादुर बानियाँ | | | पुरुष | |
| ३४ | जयराम पौडेल | पोखरा महानगरपालिका | सी एफ ओ | पुरुष | |
| ३५ | तीर्थराज अधिकारी | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | १७ |
| ३६ | रबिन प्रजा | पोखरा महानगरपालिका | कार्यपालिका सदस्य | पुरुष | |
| ३७ | मान बहादुर गुरुङ्ग | गण्डकी प्रदेश | सदस्य | पुरुष | |
| ३८ | नारायण प्रसाद बराल | पोखरा महानगरपालिका | कार्यपालिका सदस्य | पुरुष | २६ |
| ३९ | प्रकाश पौडृल | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | १५ |
| ४० | शिव प्रसाद आचार्य | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | ३३ |
| ४१ | लोक बहादुर गुरुङ्ग | प्रदेश सभा | स्वकीय सचिव | पुरुष | |
| ४२ | रामेश्वर मल्ल | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | २ |
| ४३ | सूर्य पौडेल | प्रदेश सभा | स्वकीय सचिव | पुरुष | |
| ४४ | रुद्रनाथ बराल | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | |
| ४५ | शारदा कुमारी पराजुली | पोखरा महानगरपालिका | वडाध्यक्ष | महिला | १ |
| ४६ | चक्षुदेवी | पोखरा महानगरपालिका | कार्यपालिका सदस्य | महिला | ३१ |
| ४७ | बिनोद गिरी | श्री भ.द.गण | अम | पुरुष | |
| ४८ | बेनी बहादुर बस्नेत | | कृषि विज्ञ | पुरुष | १६ |
| ४९ | गोविन्द राज केसी | | विद्यार्थी | पुरुष | ४ |
| ५० | राधाकृष्ण लामिछाने | पोखरा महानगरपालिका | | पुरुष | ११ |
| ५१ | जुद्ध बहादुर गुरुङ्ग | MITFE | Program Coordinator | पुरुष | |
| ५२ | हरिलाल आचार्य | पोखरा महानगरपालिका | वरिष्ठ अधिकृत | पुरुष | ८ |
| ५३ | लेख बहादुर गुरुङ्ग | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | ७ |
| ५४ | भरत राज पौडेल | पोखरा महानगरपालिका | अधिकृत | पुरुष | १९ |
| ५५ | तारामाया थापामगर | महिला मानव अधिकार | अध्यक्ष | महिला | १४ |
| ५६ | सुरेन्द्र पौडेल | आर्थिक आवाज | सम्पादक | पुरुष | |
| ५७ | श्याम कुँवर | समाचार दैनिक | उपसम्पादक | पुरुष | ८ |
| ५८ | शान्ति पोखरेल भुसाल | पृ.ना. क्याम्पस | सह प्राध्यापक | महिला | १ |
| ५९ | अनिता घिमिरे | सबैथरि डट कम | रिपोर्टर | महिला | ९ |
| ६० | जीवन प्रसाद आचार्य | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | १६ |
| ६१ | श्रीनाथ बराल | नेकपा | केन्द्रीय सदस्य | पुरुष | १३ |
| ६२ | सुरेश श्रेष्ठ | नेपाल निर्माण व्यवसायी संघ | अध्यक्ष | पुरुष | १० |
| ६३ | बुद्धि बहादुर पन्त | नेपाल अपाङ्ग समाज | अध्यक्ष | पुरुष | ९ |

**अनुसूची २**

पोखरा २०४० दीर्घकालीन सोच तथा समावेशी स्थानीय आर्थिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठीका सहभागिहरु

| क्र सं. | नाम | संस्था | पद | लिङ्ग | वडा |
|---|---|---|---|---|---|
| ६४ | धन बहादुर नेपाली | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | ५ |
| ६५ | मेहर मान | | | पुरुष | १६ |
| ६६ | पार्वती पौडेल रेग्मी | महिला उद्यमी संघ | प्रथम उपाध्यक्ष | महिला | १७ |
| ६७ | शोभा | पोखरा महानगरपालिका | वडाध्यक्ष | महिला | १९ |
| ६८ | सूर्य प्रसाद आचार्य | मुख्यमन्त्री कार्यालय | सब इन्स्पेक्टर | पुरुष | १६ |
| ६९ | चन्द्रशोभा | महिला उद्यमी संघ | वडा एकाई | महिला | |
| ७० | यशोदा केसी | पोखरा महानगरपालिका | वडाध्यक्ष | महिला | १४ |
| ७१ | भरत राज भण्डारी | पोखरा महानगरपालिका | वडा सदस्य | पुरुष | २३ |
| ७२ | मनुजा विश्वकर्मा | पोखरा महानगरपालिका | कार्यपालिका सदस्य | महिला | २० |
| ७३ | वासुदेव | | कार्यपालिका सदस्य | पुरुष | १ |
| ७४ | पुष्प दाहाल | फेवा टीभी | पत्रकार | पुरुष | १४ |
| ७५ | राममाया मानन्धर | पोखरा महानगरपालिका | वडा सदस्य | महिला | ९ |
| ७६ | श्याम रानामगर | रातोपाटी | रिपोर्टर | पुरुष | |
| ७७ | विमल तिवारी | हिमालयन टीभी | रिपोर्टर | पुरुष | |
| ७८ | तानी थापा | पोखरा टीभी | रिपोर्टर | महिला | |
| ७९ | धन बहादुर गुरुङ्ग | रेडियो तरङ्ग | रिपोर्टर | पुरुष | |
| ८० | राजु गिरी | परिचय नेटवर्क | रिपोर्टर | पुरुष | |
| ८१ | प्रकाश ढकाल | आदर्श समाज | रिपोर्टर | पुरुष | |
| ८२ | सन्देश श्रेष्ठ | नागरिक दैनिक | रिपोर्टर | पुरुष | |
| ८३ | बाबुराम भण्डारी | पोखरा महानगरपालिका | शहरी योजना आयोग सदस्य | पुरुष | |
| ८४ | बद्रीनाथ अधिकारी | पोखरा महानगरपालिका | प्रमुख प्रशासकीय अधिकृत | पुरुष | |
| ८५ | मञ्जुदेवी गुरुङ्ग | पोखरा महानगरपालिका | उप प्रमुख | महिला | |
| ८६ | दिलीप न्योपाने | नेकपा | सदस्य | पुरुष | |
| ८७ | काशी गुरुङ्ग | FWEAN | अध्यक्ष | महिला | |
| ८८ | धनराज आचार्य | | | पुरुष | |
| ८९ | दीपेन्द्र श्रेष्ठ | FNJ | अध्यक्ष | पुरुष | |
| ९० | श्रीराम पोखरेल | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | ३० |
| ९१ | जगत बहादुर पहारी | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | ६ |
| ९२ | भेषराज शर्मा | पोखरा महानगरपालिका | अधिकृत | पुरुष | ८ |
| ९३ | खिमलाल देवकोटा | | अर्थशास्त्री | पुरुष | |
| ९४ | रामचन्द्र लामिछाने | पोखरा महानगरपालिका | शहरी योजना आयोग सदस्य | पुरुष | |
| ९५ | G.C. Koirala | EDC | | पुरुष | |

**अनुसूची २**

पोखरा २०४० दीर्घकालीन सोच तथा समावेशी स्थानीय आर्थिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठीका सहभागिहरु

| क सं. | नाम | संस्था | पद | लिङ्ग | वडा |
|---|---|---|---|---|---|
| ९६ | सरोज कोइराला | पोखरा महानगरपालिका | | पुरुष | |
| ९७ | कमल बहादुर थापा | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | ३१ |
| ९८ | निर्मल दियाली | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | २८ |
| ९९ | लक्ष्मी प्रसाद त्रिपाठी | लेखनाथ उ.वा.संघ | पूर्व अध्यक्ष | पुरुष | २९ |
| १०० | सोनी बराल | पोखरा महानगरपालिका | शहरी योजना आयोग सदस्य | महिला | |
| १०१ | ओम सुबेदी | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | २४ |
| १०२ | मोहन प्रसाद बास्तोला | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | ११ |
| १०३ | शोभा बास्तोला | पोखरा महानगरपालिका | वडाध्यक्ष | महिला | |
| १०४ | कौशिला कोइराला | पोखरा महानगरपालिका | सहयोगी | महिला | ९ |
| १०५ | पार्वती मकाजु | सिद्धार्थ क्लब | | महिला | |
| १०६ | प्रभा कोइराला | गण्डकी प्रदेश | सदस्य | महिला | |
| १०७ | मित्रलाल बराल | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | |
| १०८ | पुष्पा घले पहारी | पोखरा महानगरपालिका | कार्यपालिका सदस्य | महिला | ६ |
| १०९ | प्रा.डा. देवेन्द्र बहादुर लामिछाने | पृ. ना. क्याम्पस | प्राध्यापक | पुरुष | |
| ११० | प्रेमराज अधिकारी | पोखरा महानगरपालिका | चालक | पुरुष | २६ |
| १११ | सुनमाया नेपाली | पोखरा महानगरपालिका | कार्यपालिका सदस्य | महिला | ३२ |
| ११२ | ओम प्रसाद सुबेदी | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | २४ |
| ११३ | रामजी उपाध्याय | पोखरा महानगरपालिका | वडा सदस्य | पुरुष | २४ |
| ११४ | बेल क गुरुङ्ग | पोखरा महानगरपालिका | वडा सदस्य | महिला | २४ |
| ११५ | घनेश्वर शर्मा | पोखरा महानगरपालिका | वडा सदस्य | पुरुष | २४ |
| ११६ | शोभाकार तिम्सिना | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | २५ |
| ११७ | आनन्द राज मुल्मी | उद्योग वाणिज्य महासंघ | पूर्व अध्यक्ष | पुरुष | २ |
| ११८ | राम बहादुर थापा | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | १८ |
| ११९ | गंगा प्रसाद आचार्य | | | पुरुष | |
| १२० | टीका रिमाल | | | पुरुष | |
| १२१ | सन्तु सुबेदी | पोखरा महानगरपालिका | कार्यपालिका सदस्य | महिला | २४ |
| १२२ | श्रीकान्त खतिवडा | वन क्याम्पस | उप प्राध्यापक | पुरुष | ८ |
| १२३ | विकास केसी | पृ.ना. क्याम्पस | प्राध्यापक | पुरुष | १७ |
| १२४ | जानुका अधिकारी | लेखनाथ उ.वा.संघ | कोषाध्यक्ष | महिला | ३० |
| १२५ | चेत बहादुर गुरुङ्ग | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | २९ |
| १२६ | राधिका शाही | पोखरा महानगरपालिका | कार्यपालिका सदस्य | महिला | १७ |
| १२७ | पूर्ण कुमार गुरुङ्ग | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | २७ |
| १२८ | मान बहादुर जि.सी. | पोखरा महानगरपालिका | प्रमुख | पुरुष | २७ |

**अनुसूची २**
पोखरा २०४० दीर्घकालीन सोच तथा समावेशी स्थानीय आर्थिक विकास
योजना तर्जुमा कार्यशाला गोष्ठीका सहभागिहरु

| | | | |
|---|---|---|---|
| कूल सहभागि संख्या | १२८ | १००% | |
| महिला | २९ | २३% | |
| पुरुष | ९९ | ७७% | |
| वडाध्यक्ष | २६ | ७९% | वडा संख्या ३३ |
| पोखरा महानगरपालिका | ६३ | | |

**सहजीकरण टोली (सुदृढ परियोजना टोली)**

| | | |
|---|---|---|
| १ | जिम आर्थर | टोली नेता |
| २ | कृष्ण ज्ञवाली | रणनैतिक राजनीतिक सल्लाहाकार |
| ३ | सरोज बस्नेत | रणनैतिक योजना सल्लाहाकार |
| ४ | अजय चन्द्र लाल | शहरी योजनाकार |
| ५ | हिसिला मानन्धर | शहरी योजनाकार |
| ६ | अनिल चित्रकार | गोष्ठी सहजकर्ता |
| ७ | होमनाथ गैरे | नगरपालिका सहयोग समूह, संयोजक |
| ८ | जानुका थापा | नगरपालिका सहयोग समूह, इन्जिनीयर |
| ९ | सुष्मिता कार्की | नगरपालिका सहयोग समूह, समाजशास्त्री |

**अनुसूची २**

पोखरा २०४० दीर्घकालीन सोच तथा समावेशी स्थानीय आर्थिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठीका सहभागिहरु

मिति मंगलबार, २०७६ फागुन १३ गते

स्थान होटेल माउण्ट कैलाश, पोखरा

| क सं. | नाम | संस्था | पद | लिङ्ग | वडा |
|---|---|---|---|---|---|
| १ | रण बहादुर थापा | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | १८ |
| २ | दुर्गा न्यौपाने | पोखरा महानगरपालिका | वडा सचिव | महिला | ३० |
| ३ | दीक्षा शर्मा | NEA | इञ्जिनीयर | महिला | ८ |
| ४ | सविता ढुङ्गाना | पोखरा महानगरपालिका | वडा सचिव | महिला | ६ |
| ५ | इन्दिरा पौडेल | आमा मिलन केन्द्र | अध्यक्ष | महिला | |
| ६ | उमा काफ्ले | WOTEF | सदस्य | पुरुष | ६ |
| ७ | शारदा भुजेल | WOTEF | सदस्य | पुरुष | ६ |
| ८ | बिना पुन | महिला मानव अधिकार रक्षक संजाल | कोषाध्यक्ष | महिला | ८ |
| ९ | क्षमता खड्का | रेडियो जननी | रिपोर्टर | महिला | ३ |
| १० | अमृत थापा | राष्ट्रिय फार्मेसी संघ, गण्डकी | अध्यक्ष | पुरुष | १६ |
| ११ | कल्पना बराल | पोखरा महानगरपालिका | सरसफाई शाखा प्रमुख | महिला | |
| १२ | स्मिता अधिकारी | सञ्चारिका समूह | अध्यक्ष | महिला | ३१ |
| १३ | राजकुमारी थापा | पोखरा महानगरपालिका | इञ्जिनीयर | महिला | १६ |
| १४ | राम बहादुर पौडेल | नागरिक समाज | संस्थापक संयोजक | पुरुष | ७ |
| १५ | पुष्पाञ्जली अधिकारी | पोखरा महानगरपालिका | उप प्रमुख स्वकीय सचिव | महिला | |
| १६ | दीपेन्द्र पौडेल | अर्थशास्त्र केन्द्रीय विभाग | अनुसन्धानकर्ता | पुरुष | १७ |
| १७ | अर्जुन क्षेत्री | पोखरा महानगरपालिका | जनस्वास्थ्य कार्यकर्ता | पुरुष | ८ |
| १८ | बसन्ती श्रेष्ठ | पोखरा महानगरपालिका | ना.सु. | महिला | ९ |
| १९ | नवराज सुवेदी | पोखरा महानगरपालिका | अधिकृत | पुरुष | |
| २० | सन्तोष दराइ | MUAN | प्रदेश ब्यबस्थापक | पुरुष | |
| २१ | सबिना गौतम | पोखरा महानगरपालिका | अधिकृत | महिला | |
| २२ | नारायण प्रसाद बराल | पोखरा महानगरपालिका | कार्यपालिका सदस्य | पुरुष | २६ |
| २३ | अकल बहादुर कार्की | | | पुरुष | |
| २४ | मञ्जु ढुङ्गाना | पोखरा महानगरपालिका | वडा सचिव | महिला | १२ |
| २५ | मित्रलाल बराल | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | २२ |
| २६ | बबिता आचार्य | पोखरा महानगरपालिका | वडा सचिव | महिला | १९ |
| २७ | शारदा सापकोटा | पोखरा महानगरपालिका | वडा सचिव | महिला | १ |
| २८ | शोभाकर तिम्सिना | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | २५ |
| २९ | रबिन | पोखरा महानगरपालिका | वडा सदस्य | पुरुष | ३ |

**अनुसूची २**

पोखरा २०४० दीर्घकालीन सोच तथा समावेशी स्थानीय आर्थिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठीका सहभागिहरु

| क सं. | नाम | संस्था | पद | लिङ्ग | वडा |
|---|---|---|---|---|---|
| ३० | पार्वती पौडेल रेग्मी | महिला उद्यमी संघ | प्रथम उपाध्यक्ष | महिला | १७ |
| ३१ | विष्णुमाया पौडेल | पोखरा महानगरपालिका | अधिकृत | महिला | |
| ३२ | जमुना पराजुली | महिला उद्यमी संघ | वडा एकाई अध्यक्ष | महिला | १६ |
| ३३ | कृपा रञ्जित | पोखरा महानगरपालिका | इञ्जिनीयर | महिला | |
| ३४ | अल्का प्रजापति | पोखरा महानगरपालिका | इञ्जिनीयर | महिला | ८ |
| ३५ | कबिता पौडेल | पोखरा महानगरपालिका | इञ्जिनीयर | महिला | ८ |
| ३६ | श्रृजना कार्की भट्टराई | जीवाश्री भेन्चर्स | प्रबन्ध निर्देशक | महिला | १७ |
| ३७ | चन्द्रा शर्मा | महिला उद्यमी संघ | | महिला | ११ |
| ३८ | रुद्रनाथ बराल | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | ८ |
| ३९ | शंकर बास्तोला | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | ४ |
| ४० | रामराज लामिछाने | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | ९ |
| ४१ | प्रकाश पौडेल | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | १५ |
| ४२ | मीना पौडेल | पोखरा महानगरपालिका | वडा सचिव | महिला | २९ |
| ४३ | शोभा नेपाली | पोखरा महानगरपालिका | वडा सदस्य | महिला | ३२ |
| ४४ | चतुरे विक | पोखरा महानगरपालिका | कार्यपालिका सदस्य | पुरुष | ३१ |
| ४५ | याचना श्री खवास | पोखरा महानगरपालिका | वडा सचिव | महिला | २ |
| ४६ | छविलाल शर्मा | पोखरा महानगरपालिका | राजश्व शाखा प्रमुख | पुरुष | १६ |
| ४७ | बिना सिलवाल | कोपिला नेपाल | कार्यकारी निर्देशक | महिला | ६ |
| ४८ | दर्शन लामा | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | १३ |
| ४९ | मनहर कडरिया | पोखरा महानगरपालिका | वरिष्ठ कृषि अधिकृत | पुरुष | |
| ५० | सिम बहादुर गुरुङ्ग | परिवार | अध्यक्ष | पुरुष | २० |
| ५१ | राम बहादुर कार्की | परिवार | अध्यक्ष | पुरुष | १२ |
| ५२ | गणेश पाण्डे | पोखरा महानगरपालिका | अधिकृत सातौं | पुरुष | ५ |
| ५३ | रामचन्द्र बराल | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | ७ |
| ५४ | फुलदेव तिम्सिना | पोखरा महानगरपालिका | जनस्वास्थ्य कार्यकर्ता | पुरुष | २५ |
| ५५ | अशोक द्वारे | पोखरा महानगरपालिका | सूचना प्रविधि अधिकृत | पुरुष | १७ |
| ५६ | उमाराज वास्तोला | पोखरा महानगरपालिका | | पुरुष | १९ |
| ५७ | एकराज गिरी | पोखरापत्र | कार्यकारी सम्पादक | पुरुष | २० |
| ५८ | दीपेन्द्र क्षेत्री | राष्टिय योजना आयोग | पूर्व उपाध्यक्ष | पुरुष | १७ |
| ५९ | ज्ञान बहादुर क्षेत्री | पोखरा महानगरपालिका | वडा सदस्य | पुरुष | २३ |
| ६० | तीर्थराज अधिकारी | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | १७ |

**अनुसूची २**

पोखरा २०४० दीर्घकालीन सोच तथा समावेशी स्थानीय आर्थिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठीका सहभागिहरु

| क सं. | नाम | संस्था | पद | लिङ्ग | वडा |
|---|---|---|---|---|---|
| ६१ | शिव प्रसाद आचार्य | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | ३३ |
| ६२ | रामेश्वर मल्ल | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | २ |
| ६३ | शारदा कुमारी पराजुली | पोखरा महानगरपालिका | वडाध्यक्ष | महिला | १ |
| ६४ | बेनी बहादुर बस्नेत | | कृषि विज्ञ | पुरुष | १६ |
| ६५ | गोविन्द राज केसी | | विद्यार्थी | पुरुष | ४ |
| ६६ | जुद्ध बहादुर गुरुङ्ग | MITFE | Program Coordinator | पुरुष | |
| ६७ | लेख बहादुर गुरुङ्ग | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | ७ |
| ६८ | तारामाया थापामगर | महिला मानव अधिकार | अध्यक्ष | महिला | १४ |
| ६९ | जीवन प्रसाद आचार्य | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | १६ |
| ७० | बुद्धि बहादुर पन्त | नेपाल अपाङ्ग समाज | अध्यक्ष | पुरुष | ९ |
| ७१ | धन बहादुर नेपाली | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | ५ |
| ७२ | यशोदा केसी | पोखरा महानगरपालिका | वडाध्यक्ष | महिला | १४ |
| ७३ | भरत राज भण्डारी | पोखरा महानगरपालिका | वडा सदस्य | पुरुष | २३ |
| ७४ | मनुजा विश्वकर्मा | पोखरा महानगरपालिका | कार्यपालिका सदस्य | महिला | २० |
| ७५ | राममाया मानन्धर | पोखरा महानगरपालिका | वडा सदस्य | महिला | ९ |
| ७६ | बाबुराम भण्डारी | पोखरा महानगरपालिका | शहरी योजना आयोग सदस्य | पुरुष | |
| ७७ | बद्रीनाथ अधिकारी | पोखरा महानगरपालिका | प्रमुख प्रशासकीय अधिकृत | पुरुष | |
| ७८ | मञ्जुदेवी गुरुङ्ग | पोखरा महानगरपालिका | उप प्रमुख | महिला | |
| ७९ | मान बहादुर जि.सी. | पोखरा महानगरपालिका | प्रमुख | पुरुष | |
| ८० | काशी गुरुङ्ग | FWEAN | अध्यक्ष | महिला | |
| ८१ | श्रीराम पोखरेल | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | ३० |
| ८२ | जगत बहादुर पहारी | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | ६ |
| ८३ | भेषराज शर्मा | पोखरा महानगरपालिका | अधिकृत | पुरुष | ८ |
| ८४ | रामचन्द्र लामिछाने | पोखरा महानगरपालिका | शहरी योजना आयोग सदस्य | पुरुष | |
| ८५ | कमल बहादुर थापा | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | ३१ |
| ८६ | निर्मल दियाली | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | २८ |
| ८७ | लक्ष्मी प्रसाद त्रिपाठी | लेखनाथ उ.वा.संघ | पूर्व अध्यक्ष | पुरुष | २९ |
| ८८ | ओम सुबेदी | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | २४ |
| ८९ | मोहन प्रसाद बास्तोला | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | ११ |
| ९० | कौशिला कोइराला | पोखरा महानगरपालिका | सहयोगी | महिला | ९ |
| ९१ | पार्वती मकाजु | सिद्धार्थ क्लब | | महिला | |

**अनुसूची २**

पोखरा २०४० दीर्घकालीन सोच तथा समावेशी स्थानीय आर्थिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठीका सहभागिहरु

| क्र सं. | नाम | संस्था | पद | लिङ्ग | वडा |
|---|---|---|---|---|---|
| ९२ | पुष्पा घले पहारी | पोखरा महानगरपालिका | कार्यपालिका सदस्य | महिला | ६ |
| ९३ | सुनमाया नेपाली | पोखरा महानगरपालिका | कार्यपालिका सदस्य | महिला | ३२ |
| ९४ | आनन्द राज मुल्मी | उद्योग वाणिज्य महासंघ | पूर्व अध्यक्ष | पुरुष | २ |
| ९५ | सन्तु सुबेदी | पोखरा महानगरपालिका | कार्यपालिका सदस्य | महिला | २४ |
| ९६ | जानुका अधिकारी | लेखनाथ उ.वा.संघ | कोषाध्यक्ष | महिला | ३० |
| ९७ | चेत बहादुर गुरुङ्ग | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | २९ |
| ९८ | राधिका शाही | पोखरा महानगरपालिका | कार्यपालिका सदस्य | महिला | १७ |
| ९९ | पूर्ण कुमार गुरुङ्ग | पोखरा महानगरपालिका | वडाध्यक्ष | पुरुष | २७ |

| | | | |
|---|---|---|---|
| कूल सहभागि संख्या | ९९ | १००% | |
| महिला | ४१ | ४१% | |
| पुरुष | ५८ | ५९% | |
| वडाध्यक्ष | १८ | ५५% | वडा संख्या ३३ |
| पोखरा महानगरपालिका | ६८ | | |

**सहजीकरण टोली (सुदृढ परियोजना टोली)**

| | | |
|---|---|---|
| १ | जिम आर्थर | टोली नेता |
| २ | कृष्ण ज्ञवाली | रणनैतिक राजनीतिक सल्लाहाकार |
| ३ | सरोज बस्नेत | रणनैतिक योजना सल्लाहाकार |
| ४ | अरुण राणा | आर्थिक सल्लाहाकार |
| ५ | अजय चन्द्र लाल | शहरी योजनाकार |
| ६ | हिसिला मानन्धर | शहरी योजनाकार |
| ७ | अनिल चित्रकार | गोष्ठी सहजकर्ता |
| ८ | होमनाथ गैरे | नगरपालिका सहयोग समूह, संयोजक |
| ९ | जानुका थापा | नगरपालिका सहयोग समूह, इञ्जिनीयर |
| १० | सुष्मिता कार्की | नगरपालिका सहयोग समूह, समाजशास्त्री |

# अनुसूची ३

## विषय विज्ञहरूसँग लिइएको अन्तर्वार्ताको सार

## अनुसूची ३

विषय विज्ञहरूसँग लिइएको अन्तर्वार्ताको सार

---

### १. डा. जगदीश चन्द्र पोखरेल, पूर्व उपाध्यक्ष, राष्ट्रिय योजना आयोग

पोखराको विकास उत्तर र दक्षिण मार्गबीचको व्यापार केन्द्रको रुपमा भएको हो । हाल यसको पहिचान हिमाली पर्यटनसँग जोडिएको छ । स्थानीय संस्कृति, जनसंख्या र प्राकृतिक सौन्दर्य (७ ताल र हिमाल) पोखरा महानगरपालिकाको पहिचान हो । लेखनाथ नगरपालिका जोडिएपछि पोखरा महानगरपालिकामा कविशिरोमणि लेखनाथ पौडेलको पहिचान पनि जोडिएको छ। साथै महानगरपालिकाभित्र आवास तथा बस्ती विकास गर्नको लागि लेखनाथ क्षेत्रमा केन्द्रित हुने सम्भावना छ। हावापानीको सन्दर्भमा सोसिलो भूमि हुनुको कारण प्रदुषणको मात्रा धेरै देखिँदैन तर यहाँका तालहरू र सेती नदीमा प्रदुषणको प्रभाव परेको छ। शहरीकरण र जलवायु परिवर्तनको कारण हिमाल ट्रेकिङ्ग तथा तालमा पानीको गुणस्तरमा ह्रास पनि आएको छ। यसको लागि थप अध्ययन गर्न जरुरी छ।

गण्डकी प्रदेशको राजधानी भएको कारण पोखरा महानगरपालिकाको सुशासन र संस्थागत प्रणालीमा ठूलो प्रभाव परेको छ। उद्योग वाणिज्य संघले पनि पोखराको विकासमा ठूलो भूमिका निर्वाह गर्दछ। ट्राफिक, जनसंख्या तथा आवासको मागसँगै यसको विकास वृद्धि पूर्व (खैरेनी, शुक्लागण्डकी, व्यास र मुग्लिङ्गसम्म) तिर हुने सम्भावना रहेको छ। कोरोला पास र उत्तर दक्षिण करिडोरले पोखराको लागि नयाँ अवसर ल्याउने सम्भावना रहेको छ। चीनसँगको व्यापारिक निकटताबाट पोखरा महानगरपालिकाले लाभ उठाउन सक्छ।

### २. डा. महेन्द्र सुब्बा, पूर्व सहसचिव, शहरी विकास मन्त्रालय

पोखराको प्रमुख विशेषता भनेको त्यहाँको प्राकृतिक सौन्दर्य नै हो । त्यसको अलावा पोखरा उपत्यका वरिपरि विशेषगरि गुरुङ्ग समुदायको साँस्कृतिक सम्पदा पनि पोखराको महत्वपूर्ण चिनारी हो । कवि शिरोमणी लेखनाथ आचार्यको जन्मभूमी भएकोले पनि यहाँ कवि, साहित्यकार, कलाकारहरुको उल्लेख्य उपस्थिति रहेको पाइन्छ। तर प्रश्न उठ्छ, के पोखरावासीले  यस्ता मूर्त अमूर्त सम्पदाको संरक्षण गर्नेतर्फ ठोस कदम चालेका छन् ? फेवातालको पानी, वरिपरिको जमीन अतिक्रमण, अग्ला व्यावसायिक भवनहरुको निर्माणले फेवातालको अस्तित्व नै संकटमा परेको आभास हुन थालेको छ। पोखराको अर्थव्यबस्था नै पर्यटन भएको कुरामा दुइमत हुन सक्दैन। गम्भीर सवाल यो उठ्न सक्छ कि यदि पर्यटन खस्किने हो भने पोखराको बैकल्पिक आर्थिक आधार के हुन सक्छ ? नयाँ अन्तर्राष्ट्रिय विमानस्थलको सञ्चालनपछि पोखरामा पर्यटकको बृद्धि उल्लेख्य मात्रामा हुने अनुमान गर्न सकिन्छ । तर मेरो विचारमा पोखरा-काठमाडौ र पोखरादेखि बुटवल जोडिने सडकमार्गको स्तरोन्नति पनि त्यतिकै महत्वपूर्ण छ। हाल लेखनाथ नगरपालिका (हाल पोखरा महानगरपालिकामा गाभिएको) पोखराबाट ओझेलमा परेको आभास हुन्छ । जुम्ल्याहा शहर (Twin CIty) को अवधारणा अनुरुप पोखरा र लेखनाथको विकास गरिनुपर्छ, जहाँ कामको लागि पोखरा र निवासको लागि लेखनाथ उपयुक्त हुन सक्छ। पोखरामा जोनिङ्गको मापदण्ड बनाई कार्यान्वयन गर्न ढिलो भइसकेको भएता पनि अझै यसको सम्भावना जीवितै छ। पोखराको भिजन प्रकृति (Nature), संस्कृति (Culture) तथा पारिस्थितिकी (Ecology) सँग नै गासिनु उपयुक्त हुन्छ।

### ३. श्री वासु त्रिपाठी, पर्यटन व्यवसायी, पोखरा महानगरपालिका

पोखराको प्रमुख पहिचान यहाँको प्राकृतिक सौन्दर्य र सांस्कृतिक विविधता हो। अन्तर्राष्ट्रिय तथा राष्ट्रिय पर्यटकहरूको आगमनले यसको पहिचान विकसित हँन्दै आएको छ । तथापि सरकारको योजनाको कमीले गर्दा यहाँको प्राकृतिक श्रोतहरू जोखिममा परिरहेको छ । जलवायु परिवर्तनले पनि यहाँ नकारात्मक असर परेको छ । अतिवृष्टिको कारण सेती नदीमा नदी कटान हुने समस्या रहेको छ। लेखनाथसँग गाभिएको सन्दर्भमा यसले महानगरपालिकामा विभिन्न श्रोत साधन दिएको छ भने जीवनशैलीमा भिन्नता र कमजोर पूर्वाधार यहँको लागि चुनौती बनेको छ। २० वर्षपछि चुनाव भएर जनप्रतिनिधि छनौट भएको हुँदा जनतामा स्थानीय सरकारबाट ठूलो अपेक्षा रहेको छ। पोखरा नेपालको पहिलो पर्यटन गन्तव्य र अन्तर्राष्ट्रिय स्तरमा अद्वितीय पर्यटकीय गन्तव्य स्थलको रुपमा विकास हुन सक्छ । ३

तहको सरकाले फेवाताल सम्बन्धि सर्वोच्च अदालतको फैसलालाई लागु गर्नुपर्ने देखिन्छ । फोहोरमैला व्यवस्थापन तथा ढल व्यवस्थापनलाई जोड दिनु पर्ने अवस्था रहेको छ ।

### ४. श्री विश्वकल्याण पराजुली, मानवशास्त्री

पोखराको प्रमुख पहिचान पर्यटकिय गन्तव्य हो । शुरूमा विन्ध्यवासिनी र वाटुलेचउर क्षेत्रबाट थालनी भएको पोखराको आवादी १७औं र १८औं शताव्दीमा तत्कालीन नेपाल उपत्यकाबाट व्यापारका लागि आएका नेवार समुदायको आगमनबाट शहरी स्वरूप ग्रहण गरेता पनि सन् ६० को दशकपछि औलो नियन्त्रण पश्चातमात्र आवादी बाक्लिएको थियो । शहरीकरण पूर्व यो एउटा शिक्षाको गन्तव्य थियो, हवाइमार्गबाट र स्थलमार्गबाट राजधानी र भारतसँग जोडिएपछि यो एउटा आवासीय शहरका रूपमा विकसित हुन पुग्यो । हाल हिमाल, नदी र तालले शोभायमान तुल्याएको गण्डकी प्रदेशको शिक्षा, स्वास्थ्य, मनोरञ्जन र व्यापारको राजधानी र देशको महत्वपूर्ण पर्यटकीय गन्तव्य बनेको छ ।

वातावरण संरक्षण, जलवायु र विपद व्यवस्थापनका दृष्टिले सबैभन्दा ठुलो जोखिम ताल, नदीनाला, भीरपहरा र हिमाली क्षेत्रको प्रदुषण एवं भूक्षयलाई लिन सकिन्छ । अव्यवस्थित बस्ती विकासका कारण ढलनिकासको अभाव र जथाभावी जमीनको खण्डिकरण (प्लटींङ्ग) ले पनि विपद् निम्त्याएको छ । सवारी प्रदुषण, सवारी व्यवस्थापन र शहरी यातायातमा पनि ठूलो चुनौती थपिएका छन् । पोखराको विकास र समृद्धिका लागि माछापुच्छ्रे,अन्नपूर्ण (हिमश्रृखला), सेतीनदी, तालहरू र हरिया डाँडाहरू वरदान हुन । अतः यिनको समुचित, दिगो र न्यायपूर्ण उपयोगबाट नै पोखरालाई महत्वपूर्ण पर्यटकिय शहर बनाउन सकिन्छ ।

नेपालको संविधान २०७२ को अभ्याससँगै शासकीय र संस्थागत प्रणालीमा भएको परिवर्तन पुरानो प्रणालीभन्दा विलकुल पृथक छ । यससँगै लेखनाथ नगरपालिका पनि पोखरामा समावेश भएपछि केही वडाहरूमा शहरी पूर्वाधारका आधारभूत कुराहरू समेत नभएको भने केही वडाहरू शहरी केन्द्रविन्दु भएको अवस्था छ । त्यसैले महानगरका वडाहरूलाई भौगोलिक सुगमता, जनसंख्या आदिको अधारमा सेवाकेन्द्र वा वडाहरूलाइ पुनर्संयोजन गर्न आवश्यक देखिन्छ । स्थानीय विशेषता अनुसार वडाहरूको योजना बनाउनुका साथै महानगरमा एउटै केन्द्र नभइ बहुकेन्द्र भएको शहरका रूपमा विकास गर्न सकिने सम्भावना पर्याप्त छन् । प्रदेशको सदरमुकाम, काठमाडौं र लुम्बिनीसँग रेल सम्पर्क भएको शहर, चीन र भारत सँग छोटो दुरीमै जोडिने व्यापारिक नाका, प्रदेशको शिक्षा, स्वास्थ्य, मनोरन्जन र व्यापारको केन्द्र एवम् अन्तर्राष्ट्रिय पर्यटन गन्तव्यका रूपमा विकास गर्न सकिने सम्भावना छन् ।

यसको विकासका लागि फोहोरमैला व्यवस्थापन, नदी दोहन र निर्माण सामाग्री उत्खनन्को नियमन, सेती नदीको वरिपरि व्यवस्थित साइकल लेन, उद्यान आदि निर्माण, छिमेकी गाउँपालिकासँग मिलेर कास्की जिल्लाकै विस्तृत भू-उपयोग योजना तर्जुमा र zoning गर्ने, भूक्षय रोक्न जैविक बाँधहरू निर्माण, जलाधार क्षेत्रको दिगो संरक्षण र उपयोग आदि जस्ता परियोजना/ कार्यक्रमहरूको आवश्यकता रहेको छ ।

### ५. श्री गेहेन्द्रेश्वर कोइराला, अर्थशास्त्री

पोखराको प्रमुख पहिचान प्राकृतिक सौन्दर्य हो । सरकारी भूमिका गौण र अनुत्तरदायी, निजी क्षेत्रको भूमिका प्रमुख तर स्वार्थप्रेरित र सबै क्षेत्रको अव्यवस्थित विकास भएको छ, तर यो जनमुखी छैन । उच्च जनघनत्व र अव्यवस्थित बसोबास, तीव्र प्राकृतिक स्रोतको दोहन र साथै कुशासन नै पोखरा महानगरपालिकाको लागि जोखिम र अवरोध हो । तथापी वातावरण संरक्षणमा जनचेतना हुनु राम्रो पक्ष हो । जनप्रतिनिधि मूलक शासन प्रणाली भएर पनि सुशासन कायम भएको छैन । संस्थागत प्रणाली प्रारम्भिक चरणमा छ तर जनअपेक्षा यसभन्दा धेरै बढी छ । बहु र विविध क्षेत्रका विकासका सम्भावना बढेका छन् । सम्भावित क्षेत्रहरूको एक आपसमा परिपूरक र सहयोगात्मक सम्बन्ध हुनुपर्छ ।

राष्ट्रिय रुपमा पोखरा हरेक कुराको "नमूना शहर" र अन्तर्राष्ट्रिय रुपमा "अनिवार्य गन्तव्य शहर" को रुपमा विकास भएको अपेक्षा रहेको छ । पोखरा महानगरपालिकालाई सर्वाङ्गीण विकास अवधारणा (Holistic Approach in Development), उच्च गुणस्तरीय शिक्षा र स्वास्थ्यको केन्द्र (Highly Standard Education and Health Service Center), सम्पूर्ण विकासको केन्द्रमा पर्यटन (Tourism is the pivot of all developments) तथा सुसंस्कृत एवं सभ्य गतिशील समाज (Highly cultured and civilized dynamic society) को रुपमा विकास गर्नुपर्ने जरुरी देखिन्छ ।

### ६. डा. गोविन्द बहादुर थापा, अर्थशास्त्री

पोखरा महानगरको पहिचानको रुपमा यहाँका हिमश्रृंखला (माछापुच्छ्रे , अन्नपूर्ण, धौलागिरी), ताल (फेवा, बेगनास, रुपा), गुफाहरू, नदी र खोलाहरू, पानी नजम्ने र हिलो नहुने भूप्रकृति, अधिक वर्षा तथा खुला र उज्यालो अवस्थिति हो । केहि सीमित ठाउँको बाहेक बाँकी सबै ठाउँको बिना कुनै योजना (Planning) विकास हुदै आएको छ । विगतदेखि नै जिल्ला, अञ्चल तथा विकास क्षेत्रको सदरमुकामको कारण चारैतिरबाट मानिसहरू यहाँ आएकाले पोखराको विकास अहिलेसम्म अनौपचारिक ढङ्गले हुदै आएको छ । पोखराको सेती नदी पश्चिम तर्फ विन्ध्यवासिनी मन्दिर क्षेत्रदेखि तल सिर्जनाचोक सम्मको क्षेत्रमा बर्षायाममा भासिने समस्या बाहेक पोखराको समथर भागमा बाढी, पहिरो आदि प्राकृतिक विपद्को सम्भावना देखिदैन । बिजयपुर खोलामा कहिलेकाहिँ बाढी आउने र पुल बगाउने, भत्काउने गरेको छ । तालहरू पुरिने र त्यसमा अतिक्रमण हुने क्रम बढ्दै गएको छ ।

साविक लेखनाथ नगरपालिका विकासका पर्याप्त सम्भावना भएको नयाँ नगरपालिका थियो । तालहरू पर्याप्त रहेको यो शहर लेक सिटिको नामले प्रख्यात रहेको छ । यहँका माछा पोखरा तथा अन्य क्षेत्रमा पनि आपूर्ति हुने गरिन्छ । पोखरा उपत्यका वरिपरिका गाविसहरू पनि उत्तिकै विकासको सम्भावना बोकेका छन् । उत्तरतिरको अर्मलामा जापानी ट्राउट माछाको लागि प्रसिद्ध छ । दक्षिणतर्फका पहाडी गाविसहरू पर्यटनको निमित्त उपयुक्त छन् र त्यहाँ स्तरीय रिसोर्टहरू खुलिसकेका छन् । लेखनाथको सुन्दरे डाँडा पर्यटकहरूको लागि उत्तिकै आकर्षक ठाउँ हो । यस आधारमा पछि गाभिएका यी क्षेत्रहरूले पोखरा महानगरपालिकाको विकासको सम्भावना अरु बढाएको छ ।

पोखरालाई अहिले नै नेपालको पर्यटन क्षेत्रको राजधानी मानिएको छ । नेपालमा मात्र नभई यसले अन्तर्राष्ट्रिय क्षेत्रमा नै प्राकृतिक सौन्दर्यले सुसज्जित अत्यन्त सुन्दर सहर भनेर प्रसिद्धि कमाएको छ । पोखरा महानगरपालिकाको समग्र विकासको लागि व्यवस्थित भू-उपयोग योजना तर्जुमा र कार्यान्वयन र साथै एक शहरी क्षेत्रलाई चाहिने सम्पूर्ण सुविधाको व्यवस्था गर्न जरुरी देखिन्छ ।

### ७. श्री जुद्धवहादुर गुरुङ , संरक्षण विद्

जातिय रुपमा विगतदेखि नेवार समुदायको बसोबास रहेको पोखरा विस्तारै क्षेत्री, बाहुन, गुरुङ, मगर तथा थकाली समुदायको बसोबास हुँदै हाल १०१ जातजाती तथा ८० भन्दा बढी भाषाभाषी बोल्ने समुदायको विकास भएको छ । त्यसैले पोखरा सबै जातजातिको पहिचानको रुपमा चित्रण भएको छ । पर्यटकिय दृष्टिकोणले पोखरा प्राकृतिक सुन्दरताको प्रमुख गन्तव्य बनेको छ । अन्नपूर्ण फेराको रुपमा पदयात्रा चर्चित भए पछि यस क्षेत्रको जातजातिको संस्कृतिले पर्यटकलाई आकर्षण गरेको छ । यसैक्रममा साहसिक खेलहरू लगायत अन्य गतिविधिले यसको पहिचान विस्तारै साहसिक पर्यटकको गन्तव्यको रुपमा विकास हुँदै आएको छ ।

जलवायु परिवर्तनका कारण पानीका मूल, कुवा, पोखरी सुक्ने, तालहरूको क्षेत्रफल तथा नदी बहाव घट्ने, अतिवृष्टि, अनावृष्टि, सुख्खा, खडेरी, डढेलो, बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपहरू तीव्र रुपमा बढी रहेको छ । विपद् न्यूनीकरणको लागि अभिमुखिकरण, तालिम तथा जनशक्ति तयार गर्दै विपद् व्यवस्थापन इकाई गठन गरी एक टोली

तयार गरी Rapid Response Team (RRT) लाई उच्च सतर्कतामा राख्ने व्यवस्था मिलाउनु आवश्यक देखिएको छ ।

छिमेकी नगरपालिका लेखनाथ र गाविसहरूको समावेशपछि पोखराको क्षेत्रफल, जनसंख्या, विकासका सम्भावना लगायत यसको पहिचान फेरिएको छ । वासिन्दालाई नेपालको सबभन्दा ठूलो महानगरवासी भएको गर्व भएको छ भने विकास बजेट गाविस वा नगरपालिको अवस्थाभन्दा ओजिलो वा बढी रकम आएको महसुस भएको छ । विश्व समुदायलाई पोखरा उत्कृष्ट गन्तव्यको रुपमा विकास गरी पर्यटन विकास गर्नु पर्नेछ । विश्वमा एक प्रसिद्ध व्यवस्थित सफा शहरको रुपमा विकास हुने अपेक्षा रहेको छ । यसको लागि महानगरले सहकारी, निजी तथा सरकारको साझेदारी रणनीति तय गर्नु पर्ने छ । आर्थिक विकासमा टेवा पुऱ्याउन निजी क्षेत्रलाई निश्चित तथा स्पष्ट कार्यक्षेत्र तोकिनु पर्दछ । आर्थिक विकासमा लक्षित योजना मात्र नभई सामाजिक विकासको लागि निश्चित प्रतिशत बजेट अनिवार्य रुपमा छुट्याउने व्यवस्था गर्नुपर्ने छ ।

### ८. श्री कृष्ण बहादुर थापा, निर्वाचित सदस्य, प्रदेश सभा, गण्डकी प्रदेश, कास्की २ (१)

पोखराको प्रमुख पहिचान भनेको पोखरा हिमाल र तालको शहर हो । कुनै समय पोखरा लाहुरे र लालुपातेको प्रख्यात शहर हुने गर्थ्यो । सांस्कृतिक, जातीय विविधता आदिले भरिपूर्ण शहर पनि हो र समयकालसँगै आधुनिक विकसित शहर हुँदै यहाँसम्म आइपुगेको छ । जमिन भासिने, सेती नदी लगायतका नदी कटान हुने डर रहेको, हिमाल नजिक रहेको हुँदा जलवायु परिवर्तनमा प्रभाव रहेको, वायु प्रदुषणका कारण अतिवृष्टि, चट्याङ्ग र असिना पानी बढेको समस्याहरू रहेका छन् । बसाइ सराई बढेको हुँदा पोखराको सुन्दरतामाथि असर परेको देखिएको छ ।

पोखरा महानगरपालिका एक प्राकृतिक सौन्दर्य, साँस्कृतिक सुन्दरता, सभ्य सु-संस्कृत नागरिकले बसोबास गरेको, आर्थिक रुपमा सम्पन्न पर्यटकीय, मानवताको अन्तर्राष्ट्रिय शहर बन्नुपर्छ पर्ने धारणा रहेको छ । यसको लागि आगामी २० वर्षमा सबै पूर्वाधारले भरिपूर्ण पर्यटकीय स्मार्ट सिटीको रुपमा विकास गर्ने अवधारणा रहेको छ ।

### ९. श्री रमेश अधिकारी, सुशासन तथा प्रजातन्त्र सल्लाहाकार, USAID/US Embassy Nepal

पोखराको प्रमुख पहिचान यसको प्राकृतिक सौन्दर्य हो । साथै यो साहसिक पर्यटनको लागि पनि प्रसिद्ध छ । हाल यसको विकास कुनै व्यवस्थित अवधारणा र दीर्घकालीन सोच बिना भइरहेको देखिन्छ । महानगरको कुनै दीर्घकालीन रणनीति नहुनु, स्थानीय र प्रदेश सरकारबीच यस विषयमा समन्वय नहुनु, निर्वाचित अधिकारी तथा कर्मचारीहरूमा क्षमता अन्तर हुनु र विकास साझेदारहरूको गण्डकी प्रदेशमा कम चासो हुनु पोखराको लागि चुनौती रहेका छन् । संघीय प्रणाली अन्तर्गत स्थानीय र प्रदेश सरकारको नगर विकास सम्बन्धि स्वतन्त्र निर्णायक क्षमता हुनु, पोखरा नगरबासी स्थानीय सरकारले सञ्चालन गर्ने विकास कार्यक्रमहरूप्रति सकारात्मक हुनु र सत्तारुढ दल र विपक्षी दल बीच नगर विकास सम्बन्धि राम्रो राजनीतिक सहमति हुनु यहाँको प्रमुख अवसरहरू हुन् ।

पोखरा महानगरपालिकामा लेखनाथ नगरपालिका गाभिनु ठूलो अवसर हो किनकि पोखराको मूल क्षेत्रहरू बसोबासको सम्बन्धमा संतृप्त भईसकेको छ । महानगरपालिकामा मात्र सिमित नभई छिमेकी नगरपालिकाहरूसँग मिलेर बृहत् पोखराको भू-उपयोग योजना तयार गर्न सक्ने सम्भावना पनि रहेको छ । अन्तर्राष्ट्रिय विमानस्थलको सञ्चालन पश्चात यहाँ विदेशी प्रत्यक्ष लगानी आउन सक्ने ठूलो सम्भावना रहेको छ । तसर्थ पोखरालाई अपाङ्गमैत्री, साइकल मैत्री, जेष्ठ नागरिक मैत्री, सफा र सुन्दर शहरको रुपमा विकास गर्नु पर्छ ।

### १०. श्री बेनी बहादुर बस्नेत, कृषि विज्ञ

पोखरा महानगरपालिका गण्डकी प्रदेशको राजधानी, पर्यटनको राजधानी, र साथै ताल, गुफा, हिमश्रृंखला तथा लोक संस्कृतिको उद्गम स्थलको रुपमा परिचित छ। यसको विकासको लागि पर्यटन विकासमा आधारित कृयाकलापलाई विशेष ध्यान दिन र सफा सुन्दर हराभरा पोखरा भन्ने नारालाई कार्यान्वयनमा ल्याउन जरुरी छ। कमजोर भू-धरातल, छोटो अवधिमा अत्यधिक वर्षा, ताल अतिक्रमण, सिमसार क्षेत्र घट्दै जानु, अव्यवस्थित शहरी विकास र संरक्षण र विकासलाई साथमा लान नसक्नु पोखराको लागि चुनौती हुन्।

हालको अवस्थालाई हेर्ने हो भने शासन तथा संस्थागत प्रणालीमा विकास गर्न खोजिएको देखिन्छ। चरणवद्ध रुपमा जनतालाई सेवा तथा सुविधा उपलब्ध गराउनका लागि नीति निर्माण, कानुन निर्माण नियमावली तयारी तथा कार्यविधि तयारी गर्ने कार्य थालनी गरिएको देखिन्छ। उक्त तयारी व्यवस्थित नभई हतारमा गरेको पाइन्छ। लेखनाथ र अन्य गाउँपालिकाको समावेशपछि विकासमा एकरुपता, आवश्यकता अनुरुपको विकास एउटै छानाबाट हुने सम्भावना प्रशस्त मात्रामा देखिन्छ। समग्र रुपमा विकास गर्नको लागि यथार्थवादी तथा लागू गर्न सकिने अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन आवधिक योजना तजुर्मा गरी कार्यान्वयन गर्न आवश्यक रहेको छ। क्षेत्रगत विकास अवधारणाको पूर्णपालना, प्रतिफल साझेदारी (sharing of benefits) अवधारणाको विकास र अवलम्बन, मूल्य श्रृंखलाको पहिचान, स्मार्ट, डिजिटल, पेपरलेस तथा एकद्वार सेवा प्रणाली र आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमुखी कृषि उत्पादनमा जोड आदिको कार्यान्वयन गरिएमा पोखरा विश्वको उत्कृष्ट पर्यटकीय गन्तव्य स्थलको रुपमा परिचित हुनेछ।

### ११. श्री राधाकृष्ण लामिछाने, गण्डकी पोलिटेक्निक इन्स्टिट्युट, पोखरा

पोखराको पहिचान यसको प्राकृतिक सौन्दर्य तथा साँस्कृतिक विविधतामा रहेको छ। अव्यवस्थित पर्यटन तथा अनियन्त्रित विकासको कारण वातावरणीय ह्रास र सचेतनाको कमी नै पोखराको लागि ठूलो चुनौती बनेको छ। शासकीय प्रणाली पनि नतिजामुखीभन्दा प्रक्रियामुखी भएको देखिन्छ। लेखनाथ नगरपालिकाको समावेशपछि पोखरा महानगरपालिकाको लागि विकास गर्न लायकको क्षेत्र, विविधता, सम्भावना तथा अपेक्षा थप भएको छ। पोखरा र वरिपरि क्षेत्रमा पर्यटन उत्पादनको सुरक्षित प्रबर्द्धन तथा विकास, पूर्वाधार विकास, भू-उपयोग योजनाको तर्जुमा र कार्यान्वयन, बजारको लागि आवश्यक दक्ष जनशक्ति र साथै वातावरण संरक्षणको लागि सचेतना कार्यक्रमहरू सञ्चालन आदिले पोखरालाई पर्यटन, स्वास्थ्य र शिक्षाको प्रमुख केन्द्रको रुपमा विकास गर्न सकिन्छ।

### १२. ई. लेख बहादुर गुरुङ, प्रधान अध्यापक, पोखरा ईन्जिनियरिङ कलेज

पर्यटन, विविध संस्कृति र पर्यावरणको पहिचान बोकेको पोखरा महानगरपालिकालाई स्मार्ट सिटिको रुपमा विकास गरिर्नु पर्छ। अव्यवस्थित शहरीकरणको कारण प्रदुषण बढेको छ। भू-धरातल कमजोर भएकोले भूकम्पबाट खतरा रहेको छ। यहाँ हिमताल विस्फोटनबाट सम्भावित बाढीको जोखिम पनि रहेको छ। नदी किनारबाट सामग्री उत्खनन्को पनि समस्या रहेको छ। लेखनाथ नगरपालिका गाभिएपछि ताल, वन र साँस्कृतिक विविधतामा वृद्धि भएको कारण महानगरपालिकाको पर्यटनमा अझ विकास हुने सम्भावना धेरै रहेको छ।

सामाजिक दिगोपना, पर्यावरणीय दिगोपना र आर्थिक दिगोपना अपनाएर पोखराको विकास गर्नु जरुरी छ। यसो गरेमा पोखरा महानगरपालिका राष्ट्रिय र अन्तर्राष्ट्रिय सन्दर्भमा शिक्षा, खेलकुद र पर्यटनको प्रमुख केन्द्रको रुपमा परिचित हुन सक्छ।

### १३. श्री श्रीकान्त खतिवडा, पर्यटनविद

प्राकृतिक र साँस्कृतिक आकर्षणको अद्वितीय संगमले पोखरा परिचित छ। तथापि वनस्पति प्रजातिको लोप हुँदै जानु, सचेतनाको कमी, संरक्षण र प्रशासनिक गतिविधि कमजोर हुनु यहाँको चुनौती बनेको छ। त्यसैगरी श्रोत साधनको शोषण र भू-उपयोग व्यवस्थापनमा कमजोरी पनि पोखराको लागि अवरोध बनेको छ। लेखनाथ नगरपालिका. पनि समावेश भएपछि वित्तीय रुपमा सबल भएता पनि शासन प्रणाली पुरानै रहेको अवस्था छ। कृषि पकेट क्षेत्र, शहरी वन र जलाधार क्षेत्रमा जैविक विविधताको संरक्षण गरेमा साविक लेखनाथ न.पा.को क्षेत्रको पनि एकीकृत विकास गर्न सकिन्छ।

भौतिक विकास, पर्यटन, कृषि र जैविक विविधता, सामाजिक सुविधा र सुरक्षा आदि विषयगत क्षेत्रको लक्ष्य र उद्देश्य तय गर्न जरुरी छ। हरेक विषयगत क्षेत्रमा विद्यमान अवस्थाको विश्लेषण गरी रणनीतिक कार्यक्रम बनाउन आवश्यक रहेको छ। यसरी अगाडि बढेमा पोखरा महानगरपालिका दक्षिण एसियामा शिक्षा, स्वास्थ्य र खेलकुदको केन्द्र तथा अन्तर्राष्ट्रिय तहमा साहसिक पर्यटनको केन्द्रविन्दुको रुपमा विकास गर्न सहज हुनेछ।

# पोखरा महानगरपालिकाको दीर्घकालिन सोच (Vision-2040[1]) निर्माण सम्वन्धी पूर्वतयारी कार्यशाला बैठक

आज मिति २०७६/१०/१३ गते यस पोखरा महानगरपालिकाको दीर्घकालिन विकास सोच (Vision-2040) निर्माण सम्वन्धी पुर्वतयारी बैठक नगर प्रमुख श्री मान बहादुर जि.सी.ज्यूको अध्यक्षतामा यस महानगरको कार्यपालिका सदस्य तथा वडाध्यक्षज्यू सहित प्रमुख प्रशासकीय अधिकृत र अनुसुची १ मा उल्लेखित व्यक्तीत्वहरुको उपस्थितीमा महानगरको सभाहल नयाँ सडक पोखरामा सम्पन्न भई निम्न निर्णय भए ।

**निर्णयहरु:**

१. बेलायत सरकारको बैदेशिक सहयोग मन्त्रालयको सहयोगमा सञ्चालित सुदृढ-नेपाल शहरी उत्थानशीलता परियोजनाको प्राविधिक टोलीले श्री सरोज बस्नेतको नेतृत्वका तयार गरिएको यस पोखरा महानगरपालिकाको सोच (Vision-2040) र एकिकृत नगर विकास योजना (local economic development plan) निर्माणको कार्यविधि र प्रकृया उपर छलफल सहित अनुमोदन गरियो ।

२. महानगरको दीर्घकालिन सोच (खision-2040) निर्माण तयारीको क्रममा सुदृढ परियोजनाको विज्ञ टोलीले प्राथमिक र द्धितीय स्रोतबाट संकलन गरेका तथ्यांकका साथै श्रीमान नगर प्रमुखज्यू तथा सुदृढ टोलीको सहकार्यमा छनोट गरिएका पोखराको विषयमा विशेष चासो र विज्ञता भएका विभिन्न क्षेत्रका ब्यक्तीहरुबाट संकलित सुझाव र कार्यपत्र उपर गहन छलफल र संलेषण गर्न आगामी फागुन १२ र १३ गते (Feb 24-25, 2020) बृहत सम्मेलन र कार्यशाला गोष्ठी आयोजना गर्ने निर्णय भयो ।

३. महानगरको दीर्घकालिन सोच (Vision-2040) २०७६ चैत मसान्त (Mid April 2020) सम्म अन्तिम स्वरुप प्रदान गर्नेगरि कार्यसम्पादन गर्न लागि श्रीमान नगर प्रमुखज्यूको संयोजकत्वमा एक निर्देशक समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

श्री मान बहादुर जि.सी.: संयोजक (नगर प्रमुख)

श्री मञ्जुदेबी गुरुङ : सदस्य (नगर उपप्रमुख)

श्री रामराज लामिछाने : वडाध्यक्ष वडा नं. ९ (नगरसभा सचेतक नेपाली कांग्रेस)

श्री शोभा मोहन पौडेल : वडाध्यक्ष वडा नं. १९ (नगरसभा सचेतक नेकपा)

श्री बद्रीनाथ अधिकारी : सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत)

४. महानगरको दीर्घकालिन सोच (Vision-2040) सहितको दस्तावेजलाई २०७६ चैत मसान्त (Mid April 2020) सम्म अन्तिम स्वरुप प्रदान गर्नेगरि कार्यसम्पादन गर्नका लागि श्रीमान नगर प्रमुखज्यूको निर्देशनमा पोखरा महानगरपालिकाको दीर्घकालिन सोच (Vision-2040) निर्माण कार्यदल गठन गरि कार्यादेश तोकियो ।

---

[1] वि.सं.मा भिजन २१०० भनिएको

**तपसिल**

श्री लेख बहादुर तामाङ : संयोजक (वडाध्यक्ष वडा न.१३)

श्री सुनमाया नेपाली: सदस्य (नगरसभा सदस्य वडा नं. ३२)

श्री निशा मल्ल: सदस्य (नगरसभा सदस्य वडा नं. १०)

श्री शारदामोहन काफ्ले: सदस्य (योजना शाखा)

श्री नारायण प्रसाद शर्मा: सदस्य (सामाजिक विकास तथा विपद् शाखा)

श्री भरत राज पौडेल: सदस्य (प्रशासन महाशाखा)

श्री दामु अधिकारी वा निजले तोकेको व्यक्ती: सदस्य (अध्यक्ष पो.उ.वा.संघ)

श्री प्रतिनिधि, नवआदर्श/सिद्धार्थ/भण्डारढिक युवाक्लब (युवा प्रतिनिधि)

श्री चिरञ्जिवी पोखेल: सदस्य (पोखरा पर्यटन परिषद)

श्री अध्यक्ष गैरसरकारी संस्था महासंघ कास्की: सदस्य (गैरसरकारी तथा सामाजिक संस्था)

श्री दिपेन्द्र श्रेष्ठ: अध्यक्ष नेपाल पत्रकार महासंघ कास्की (आमन्त्रित सदस्य)

श्री होमनाथ गैरे: सदस्य सचिव (सुदृढ परियोजना संयोजक पोखरा महानगरपालिका)

५. महानगरको एकिकृत स्थानीय आर्थिक विकास योजना (Local Economic Development Plan) निर्माणका लागि श्रीमान नगर प्रमुखज्यूको संयोजकत्वमा नीजि क्षेत्र समेतको सहभागितामा एक स्थायी प्रकृतीको आर्थिक योजना निर्माण समिती गठन गर्ने निर्णय भयो ।

**तपसिल**

श्री मान बहादुर जि.सी. : संयोजक

श्री मञ्जुदेबी गुरुङ : सहसंयोजक (नगर उपप्रमुख)

श्री अध्यक्ष पो.उ.वा.संघ/ले.उ.वा.संघ : सदस्य (एक जना महीला सहित)

श्री प्रमुख प्रशासकीय अधिकृत: सदस्य

श्री महाशाखा प्रमुखहरु : आर्थिक प्र, योजना, शिक्षा, स्वास्थ्य र सामाजिक विकास (५)

श्री पर्यटन बोर्डको प्रतिनिधी: सदस्य

श्री जिल्ला सहकारी संघ/घरेलु तथा साना उद्योग (FNCSI President) सदस्य (२ जना)

श्री नगरसभा सचेतक : सदस्य (२ जना, नेकपा र नेका)

श्री सुदृढ परियोजना संयोजक: सदस्य सचिव

अन्त्यमा प्रमुख प्रशासकीय अधिकृत श्री गंगालाल सुवेदीज्यू बाट बैठकको औपचारिक समापन भयो ।

# पोखरा महानगरपालिकाको दीर्घकालिन सोच निर्माण कार्यदलको कार्यादेश

मिति २०७६/१०/१३ मा आयोजित पोखरा महानगरपालिकाको दीर्घकालिन सोच (Vision-2040) निर्माण पूर्वतयारी बैठकको निर्णय अनुसार महानगर प्रमुख श्री मान बहादुर जि.सी. ज्यूको निर्देशनमा गठित Vision निर्माण कार्यदललाई २०७६ चैत मसान्त (Mid April 2020) सम्म नगर कार्यपालिका समक्ष vision दस्तावेजको मस्यौदा प्रस्तुत गर्नेगरि निम्न अनुसारको कार्यादेश दिइएको छ ।

१. महानगरको दीर्घकालिन सोच (Vision-2040) निर्माणको क्रममा सुदृढ परियोजनाको प्राविधिक टोलीलाई आवश्यक सूचना, तथ्यांक र विषय विज्ञहरुको राय सुझाव संकलन गर्न सहयोग र समन्वय गर्ने ।

२. आगामी फागुन १२ र १३ गते (Feb 24-25, 2020) मा हुने बृहत सम्मेलन र कार्यशाला गोष्ठी आयोजना र व्यवस्थापन गर्न सक्रीय भुमिका निर्वाह गर्ने र सो कार्यक्रमलाई सफल पार्न स्थानीय सरोबारवालाहरुका साथै संघ तथा प्रदेश सरकारका सम्वन्धित निकाय र विषय विज्ञहरुसँग समन्वय गर्ने ।

३. प्राविधिक कार्यदलबाट विभिन्न चरणमा प्राप्त visioning दस्तावेजका प्रारम्भिक मस्यौदा र प्रतिवेदन उपर छलफल र अध्ययन गरि आवश्यक राय सल्लाह प्रदान गर्ने ।

४. पोखरा महानगरको दीर्घकालिन सोच (Vision-2040) को अन्तिम प्रतिवेदन नगर कार्यकारिणी समिति र नगरसभाबाट पारित गर्न आवश्यक सहयोग र समन्वय गर्ने ।

५. श्रीमान नगर प्रमुखज्यू र निर्देशक समितिबाट निर्देशन भए बमोजिम आवश्यकता अनुसार परामर्श बैठक र प्राविधिक सत्रहरु आयोजना गरि प्राविधिक कार्यदललाई मार्गदर्शन गर्ने ।